अन्नपूर्ण गाउँपालिकाको

# आवधिक विकास योजना

(आ.व. २०७९/८०–२०८३/८४)

**अन्नपूर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पोखरेबगर, म्याग्दी**

**गण्डकी प्रदेश**

बैशाख, २०७९

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१०
Email : ito.annamun@gmail.com
web: annapurnamunmyagdi.gov.np

प.सः ०७८।७९
च.न :-

## गाउँपालिका अध्यक्षको सन्देश



अन्नपूर्ण गाउँपालिकाले प्रथम आवधिक योजना (२०७९/८०–२०८३/८४) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले प्रदान गरेका जिम्मेवारी, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य "समृद्ध नेपाल, सुखी नेपाली" विक्रम सम्वत् २१०० का सूचकसहितको पन्ध्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेश सरकारको "समृद्ध प्रदेश, सुखी नागरिक" को दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकास चाहना, जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र गाउँपालिकाले विगत वर्षमा लिएका नीति तथा कार्यक्रमको निरन्तरता समेतलाई आधार मानी तयार गरेको छ । यसमा दीर्घकालीन सोच सोहि अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ ।

यस आवधिक योजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुयाउनु हुने उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, गाउँ सभाका सदस्यहरु, शिक्षक, बुद्धिजिवी एवं निजी क्षेत्र र सहकारी क्षेत्र, विभिन्न संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु । आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री सुरण प्रसाद शर्मा पौडेल, विषयगत समितिका सदस्यहरू र शाखा प्रमुख एवम् सबै कर्मचारीहरू प्रति धन्यबाद व्यक्त गर्दछु । त्यसै गरी यस आवधिक योजना तर्जुमा प्रकृयामा प्राविधिक रुपले सहजिकरण गर्ने सिभिल लिंक ईन्जिनियरिङ्ग, श्रेष्ठ एण्ड जियोस्पासल जे.भि, ललितपुर र त्यस संग सम्बद्ध सम्पूर्ण विज्ञहरुलाई विषेश धन्यबाद सहित आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस गाउँपालिकाको यस आवधिक योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग समेत रहने अपेक्षा गर्दछु ।

अध्यक्ष

क्या. डम बहादुर गर्बुजा पुन

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१०
Email : ito.annamun@gmail.com
web: annapurnamunmyagdi.gov.np

प.सः ०७८।७९

च.न :-

## गाउँपालिका उपाध्यक्षको सन्देश



गाउँपालिकाको विकास र समृद्धिको लागि सहभागितात्मक प्रक्रियाबाट आवधिक विकास योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति भएको छ। योजना तर्जुमा गर्दा संविधान र स्थानीय सरकार सञ्चालन ऐनलाई मूल आधारको रुपमा लिइएको छ। योजना तर्जुमामा राष्टिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ द्वारा निर्दिष्ट प्रकृया अवलम्बन गरिएको छ।

यस गाउँपालिकाले "समृद्ध अन्नपूर्ण निर्माणको मुल आधार : दिगो कृषि, पर्यटन, उर्जा र उत्थनशिल पूर्वाधार" भन्ने दीर्घकालिन सोच सहित आर्थिक वर्ष २०७९/८० देखि २०८३/८४ सम्मकालागि यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

आवधिक योजना तर्जुमा चरणमा सक्रिय रुपमा सहभागी भई सुझाव र योगदान दिनु हुने सम्पूर्ण गाउँ कार्यपालिका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, गाउँ सभाका सदस्य, शिक्षक वुद्धिजिवी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। यसैगरी, आवधिक योजना तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, परामर्शदाता लगायत गाउँपालिकाका सबै कर्मचारी प्रति हार्दिक धन्यवाद प्रकट गर्दै यस योजनाको कार्यन्वयनमा सबै गाउँपालिकावासीको सहयोग प्राप्त भई योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य प्राप्त हुने अपेक्षा गर्दछु।

उपाध्यक्ष

केशमाया मगर

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१०
Email : ito.annamun@gmail.com
web: annapurnamunmyagdi.gov.np

प.स: ०७८।७९
च.न :-

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैको सिलसिलामा अन्नपूर्ण गाउँपालिकाले गण्डकी प्रदेश स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७७ लाई आधारमानी अन्नपूर्ण गाउँपालिकाको पाँच वर्षे आवधिक विकास योजना तयार गरको छ । यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि गाउँपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती आवश्यक थियो जुन यस आवधिक योजनाले पुरा गर्नेछ ।

गाउँपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र गाउँपालिकाका समग्र सरोकारवालाको सहभागितामा गाउँपालिकाको समग्र विकासको लागि यो आवधिक विकास योजना तयार गरिएको हो । यस आवधिक विकास योजनाले गाउँपालिकाका सबै क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु। गाउँपालिका स्थानीय सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा आफ्नो गाउँपालिका क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले गाउँपालिकाको हालको नेतृत्व तथा भावि जनप्रतिनिधिहरूलाई समेत मार्गदर्शन गरी गाउँपालिकाको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, अन्नपूर्ण गाउँपालिकाको यस आवधिक विकास योजना तयारीको कार्यमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण जनप्रतिनिधि ज्यू, राजनीतिक दलहरु, नीतिगत क्षेत्र, अन्य सरोकारवाला महानुभावहरु, सम्पूर्ण सहकर्मी कर्मचारीहरु र प्राविधिक सहयोग गर्ने परामर्शदाता सिभिल लिंक ईन्जिनियरिङ्, श्रेष्ठ एण्ड जियोस्पासल जे.भि, ललितपुर र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै गाउँपालिकाको यस आवधिक विकास योजनाको कार्यान्वयन हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत
सुरण प्रसाद शर्मा पौडेल

# हार्दिक आभार

अन्नपूर्ण गाउँपालिका, म्याग्दीको प्रथम आवधिक विकास योजना जस्तो महत्वपूर्ण एवम् दूरगामी महत्व राख्ने कार्यको जिम्मेवारी प्राप्त गरी उच्चस्तरका विज्ञ परिचालनबाट सन्तोषजनक रुपमा काम सम्पन्न गर्ने अवसर उपलब्ध गराएकोमा प्रथमतः अन्नपूर्ण गाउँपालिका प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । योजनागत अवधारणा निर्माणदेखिका हरेक चरणमा उत्साहजनक सहभागिता, मार्गनिर्देशन एवम् राय परामर्श दिई योजना तर्जुमा कार्यलाई गुणस्तरीय बनाउन अतुलनीय सहयोग गर्नु हुने गाउँपालिका अध्यक्ष क्या. डमबहादुर गर्बुजा पुन प्रति विशेष आभार व्यक्त गर्दछु । यसैगरी गाउँपालिकाका उपाध्यक्ष श्री केशमाया मगर, आठवटै वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत श्री सुरणप्रसाद शर्मा पौडेल, आवधिक विकास योजना तयारी सम्वन्धी सम्पर्क व्यक्ति रहि सहयोग गर्नुहुने सामाजिक विकास अधिकृत श्री हरिकृष्ण आचार्य तथा योजना तर्जुमाका क्रममा गठित विषयगत समितिका सदस्यज्यूहरु, निर्देशक समितिका सदस्यज्यूहरु, वडासमितिका सदस्यज्यूहरु, सबै शाखाका कर्मचारीहरु, विभिन्न सामाजिक संघसंस्थाका पदाधिकारी, सामाजिक अगुवा, टोल विकास संस्थाका सदस्यहरु, विभिन्न राजनैतिक दलका व्यक्तित्वहरु, विभिन्न समितिका पदाधिकारीहरु, शिक्षण संस्थाका प्रमुखहरु समेतको प्रत्यक्ष/अप्रत्यक्ष सहयोगबाट यो ५ वर्षे आवकि विकास योजना तर्जुमा गर्ने कार्य यथा समयमा सम्पन्न गर्न सम्भव भएकोले सबैप्रति यथोचित आभार दीर्घकालीन महत्वका योजनाको छनौट, रणनीति तर्जुमा गरी भौतिक, सामाजिक, आर्थिक वित्तीय, वातावरणीय, विपद् जोखिम न्यूनीकरण, संगठन तथा संस्थागत विकासमा सम्पूर्ण महानुभावहरुको उल्लेखनीय सहयोग प्राप्त भएकोमा हाम्रो संस्था आभार व्यक्त गर्दछौ । साथै प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक लगायत सम्पूर्ण परिवार प्रति पनि हामी कृतज्ञ छौ ।

अन्नपूर्ण गाउँपालिको भौतिक,सामाजिक,आर्थिक लगायतका समग्र विषयवस्तुको विस्तृत रुपमा अध्ययन र विश्लेषण गरी यो योजना तयार गरिएको छ । यस योजनाले गाउँपालिकालाई वार्षिक रुपमा तर्जुमा गरिने वार्षिक विकास योजना निर्माण गर्न दिशा निर्देश गर्नेछ र आगामी २५ बर्षका लागि यो एउटा पथप्रर्दशक र आधारस्तम्भ हुनेछ भन्ने विश्वास लिइएको छ । गाउँपालिकावाट योजना तर्जुमा र कार्यान्वयनमा योजनागत अनुशासन कायम राखिएमा गाउँपालिकाले राखेको दीर्घकालि सोँच, लक्ष, उद्धेश्य परिपूर्ति हुनेछ भन्ने कुरामा विश्वस्त छौं । गाउँपालिकासंग साझेदारी गर्न चाहने विभिन्न संघ संस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संघ संस्था, दातृ निकायकासाथै प्रदेश र संघीय सरकारबाट समेत यो योजनाले परिलक्षित गरेका क्षेत्रमा बजेट प्रवाह हुने र साझेदारीका लागि सहजता हुनेछ भन्ने विश्वास गरिएको छ ।

अन्तमा, यो योजनाको तयारीको क्रममा महत्वूर्ण निर्देशन एवं सुझाव दिनुहुने संघीय मामिला तथा सामान्य मन्त्रालय, स्थानीय आवधिक योजना सुझाव समितिका पदाधिकारीज्यूहरु, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशका सदस्यज्यूहरु र विषय विज्ञहरु, प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराका विज्ञहरु लगायत सवै प्रति आभार व्यक्त गर्दछौं । योजना तयारीको क्रममा सरोकारवालाहरुलाई अभिमुखिकरण गरि योजना तयारीको मार्ग तय गरिदिनुहुने योजनाकार श्री जगन्नाथ अधिकारीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । अन्तिममा यो योजनाको तयारीको लागि अहोरात्र खटिनुहुने विषय विज्ञ श्री हर गोविन्द पाण्डे, श्री सूर्य प्रसाद न्यौपाने लगायतको विज्ञ समुह प्रति आभार व्यक्त गर्दछौं ।

**सिभिल लिंक ईन्जिनियरिङ्, श्रेष्ठ एण्ड जियोस्पासल जे.भि, ललितपुर**

**संक्षेपीकरणको सूचि (Abbreviation)**

| | | |
|---|---|---|
| कोभिड – १९ | : | नोबेल कोरोना भाइरस २०१९ (महामारी) |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मी. | : | किलो मिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| लैससास | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| व.कि.मि. | : | वर्ग किलो मिटर |
| गाउँपालिका | : | गाउँपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| मे.ट. | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| दिविल | : | दिगो विकास लक्ष्य |
| रू. | : | रूपैया |
| लि. | : | लिटर |
| हे. | : | हेक्टर |

**अंग्रेजीमा**

| | | |
|---|---|---|
| DPR | : | Detail Project Report |
| EMP | : | Environment Management Plan |
| EIA | : | Environmental Impact Assessment |
| GESI | : | Gender Equality and Social Inclusion |
| IEE | : | Initial Environmental Examination |
| KM | : | Kilo Meter |
| MoE | : | Ministry of Education |
| RTMP | : | Rural Transport Master Plan |
| NA | : | Not Available |
| NPC | : | National Planning Commission |
| NUDS | : | Nation Urban Development Strategy |
| O&M | : | Organization and Management |
| PTA | : | Parent Teacher Association |
| SIP | : | School Improvement Plan |
| WASH | : | Water, Sanitation and Hygiene |

# विषय सूची

**परिच्छेद १ : परिचय ....... १**

१.१ पृष्ठभूमि ....... १

१.२ योजना तर्जुमाको उद्देश्य ....... २

१.३ कानुनी तथा नीतिगत व्यवस्था ....... २

१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया ....... ३

१.५ सीमा ....... ७

१.६ नेपाल सरकार, गण्डकी प्रदेशका आबधिक विकास योजना तथा दीगो विकासको लक्ष्यसंगको अन्तर सम्वन्ध (Relationship with Nepal Government and Gandaki Province Periodic Plan and Sustainable Development Goals) ....... ७

**परिच्छेद २ : अन्नपूर्ण गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ....... ८**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ....... ८

२.१.१ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन ....... १०

२.१.२ गाउँपालिकाको जनसांख्यिक अवस्था ....... १०

२.२ आर्थिक विकास अवस्था ....... ११

२.२.१ कृषि तथा खाद्य सुरक्षा ....... ११

२.२.२ पर्यटन तथा सस्कृति ....... १२

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ....... १३

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ....... १३

२.२.५ सहकारी ....... १४

२.३ सामाजिक विकासको अवस्था ....... १४

२.३.१ स्वास्थ्य तथा पोषण ....... १४

२.३.२ शैक्षिक विकास ....... १५

२.३.३ खानेपानी तथा सरसफाइ ....... १६

२.३.४ लैगिंक समानता तथा सामाजिक समावेशीकरण ....... १६

२.३.५ युवा, खेलकुद तथा कला ....... १७

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ....... १७

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ....... १७

२.४.२ सडक, पुल तथा यातायात ....... १७

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा ....... १८

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ....... १८

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ....... १९

२.५.१ बन तथा जैविक विविधता ....... १९

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ....... १९

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ....... २०

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ....... २०

२.६ सुशासन तथा संस्थागत विकास......................................................२१
२.६.१ स्थानीय नीति, ऐन तथा तथा सुशासन......................................................२१
२.६.२ संस्थागत संरचना तथाा मानव संसाधन विकास......................................................२१
२.६.३ वित्तीयश्रोत परिचालन......................................................२१
२.६.४ योजना व्यवस्थापन......................................................२२
२.७ संस्थागत स्वमुल्याङ्नको अवस्था......................................................२२

**परिच्छेद ३: सोच तथा विकासको अवधारणा......................................................२४**
३.१ दिगो विकास लक्ष्य......................................................२४
३.२ पन्ध्रौं योजनासंगको सम्बन्ध......................................................२४
३.३ नेपालको दीर्घकालीन सोच......................................................२५
३.४ गण्डकी प्रदेश आवधिक विकास योजना......................................................२५
३.५ अन्नपूर्ण गाउँपालिकाको दीर्घकालिन सोच......................................................२५
३.६ लक्ष्य तथा उद्धेश्य......................................................२७
३.७ परिमाणत्मक लक्ष्य......................................................२७
३.८ समष्टिगत प्राथमिकता तथा रणनीति......................................................२७
३.९ लगानी, स्रोत अनुमान र वांडफांड......................................................२८
३.१० गाउंपालिका गौरबका आयोजना......................................................२९

**परिच्छेद ४: आर्थिक क्षेत्र......................................................३०**
४.१ कृषि तथा पशुपंछी......................................................३०
४.२ सिंचाई......................................................४०
४.३ पर्यटन संस्कृति तथा सम्पदा......................................................४३
४.४ उद्योग, व्यापार तथा व्यवसाय......................................................४९
४.५ बैंक, वित्तीय संस्था एवं सहकारी......................................................५४

**परिच्छेद ५ : सामाजिक क्षेत्र......................................................५७**
५.१ स्वास्थ्य तथा पोषण......................................................५७
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन......................................................६३
५.३ खानेपानी तथा सरसफाई......................................................६९
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग......................................................७३
५.५ युवा तथा खेलकुद......................................................७७
५.५.१ पृष्ठभूमि......................................................७७
५.५.२ प्रमुख समस्या तथा चुनौति......................................................७७
५.५.३ प्रमुख संभावना तथा अवसर......................................................७७
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना......................................................७८
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका......................................................८०

**परिच्छेद ६ : पूर्वाधार विकास योजना ........ ८१**
६.१ आवास, वस्ति विकास तथा सार्वजनिक निर्माण ........ ८१
६.२ सडक, पुल तथा यातायात ........ ८६
६.३ विद्युत तथा वैकल्पिक उर्जा ........ ९०
६.४ सूचना तथा संचार प्रविधि ........ ९३

**परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ९६**
७.१ वन तथा जैविक विविधता ........ ९६
७.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन ........ १०२
७.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ........ १०५
७.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशिलता ........ १०९

**परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ११४**
८.१ संस्थागत विकास तथा सुशासन ........ ११४
८.१.१ पृष्ठभूमि ........ ११४
८.१.२ प्रमुख समस्या तथा चुनौति ........ ११४
८.१.३ प्रमुख सम्भावना तथा अवसर ........ ११५
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११५
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२३

**परिच्छेद ९ कार्यान्वयन व्यवस्था ........ १२६**
९.१ पृष्ठभूमि ........ १२६
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ १२६
९.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट (लागत अनुमान) ........ १२७
९.४ श्रोत अनुमान तथा प्रक्षेपण ........ १२८
९.४.१ राजस्व परिचालनको अवस्था ........ १२८
९.४.२ अपुग श्रोत व्यवस्थापन ........ १२९
९.५ श्रोत परिचालन रणनीति ........ १२९
९.६ आवधिक योजना कार्यन्वयन ........ १३०
९.६.१ योजना कार्यान्वयन ........ १३०
९.६.२ कार्यान्वयन प्रकृया ........ १३१
९.७ अनुगमन तथा मूल्यांकन योजना ........ १३२
९.७.१ अनुगमन तथा मूल्यांकनको आवश्यकता ........ १३३
९.७.२ अनुगमन तथा मुल्यांकनको जिम्मेबारी ........ १३३
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ १३४

# तालिकाहरू

तालिका १ : वडागत जनसंख्या सम्वन्धी विवरण ........ १०
तालिका २ : लगानी प्रक्षेपण ........ २८
तालिका ३ : आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरु ........ २८
तालिका ४ : गाउँपालिकाको आय अनुमान ........ २८
तालिका ५ : गाउँपालिकाको प्राथमिकतामा परेका गाउापालिका स्तरका योजनाहरूको सुचि ........ २९
तालिका ६ : आवधिक योजना कार्यान्वियनका लागि प्रस्तावित मानव संसाधन ........ १२६
तालिका ७ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट ........ १२७
तालिका ८: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट ........ १२८
तालिका ९ : प्रस्तावित बजेट तथा आयको तुलनात्मक अवस्था ........ १२९
तालिका १० : वार्षिक कार्यन्वयन कार्ययोजना ढाँचा ........ १३२
तालिका ११ : अनुगमन तथा मूल्यांकन खाका ........ १३४

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

संघीय संविधानको क्रियाशीलता, राज्यको पुनसंरचना र तीनै तहको निर्वाचन पश्चात तत्कालीन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशील भएका छन् । संविधानतः तीनै तहका सरकारहरु एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रुपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साभ्का अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साभ्का अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानूनहरुले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर गाउँपालिका तथा नगरपालिकाहरुलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ ।

यस अवस्थामा अन्नपूर्ण गाउँपालिकाले पनि संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाद्धारायो प्रथम पञ्चवर्षीय योजना (आवधिक विकास योजना (२०७९/८०- २०८३/८४) तर्जुमा गरिएको छ । गाउँपालिकाले तयार गरेको वस्तुस्थिति विवरणको आधारमा गाउँ विकासको बिद्यमान संभावना, अवसर, समस्या र चुनौति विश्लेषण गरी दीर्धकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरु र आवश्यक श्रोत प्रक्षेपण सहित राजनीतिक प्रक्रियाबाट यो योजनातर्जुमा गरिएको छ। यो  अन्नपूर्ण गाउँपालिकाको समग्र बिकासको रणनीतिक योजना सहितको मार्गचित्र (Strategic and Indicative Planning Framework) मात्र हो जसले गाउँपालिकालाई मध्यमकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा तर्जुमा गर्न र प्राथमिकता क्षेत्र निर्धारण गरी श्रोत बिनियोजन एवं श्रोत परिचालन गर्ने आधार दस्तावेजको रुपमा काम गर्ने बिश्वास गरिएको छ ।

योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम गाउँ सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, गाउँपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालापक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

**योजना तयारीको कानुनी आधार**

नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानिय तहको अधिकार, संघिय तथा प्रदेशको  कानुन र नीति, स्थानिय तहको कानुन नीति तथा कार्यक्रमले स्थानिय तहको विकासको गतिको मार्गचित्र निर्देशित गर्दछ । स्थानिय सरकार संचालन ऐन परिच्छेद २०७४ को ६ दफा २४ को उपदफा १ अनुसार स्थानिय निकायले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानिय स्तरको विकासका लागि दीर्घकालिन, मध्यकालीनर बार्षिक योजना, विषय क्षेत्रगतयोजन तर्जुमा गरि तयार गर्नु पर्ने प्रावधान परहेको छ । स्थानिय तहले आफ्नो योजना बनाउदा नेपाल सरकार, प्रदेश सरकारको सोच,उद्धेश्य, लक्ष्यनीति तथा कार्यक्रम र समय सीमा संग समायोजन हुनेरी सुशासन, वातावरण, बालमैत्री, लैंगिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकुलनविपद्‌व्यवस्थान जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनेब्यबस्था गरिएको छ । अन्नपूर्ण गाउँपालिकाको यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नानुसारका दस्तावेजहरुको आधार लिइएको थियो ।

१. नेपालको संविधान २०७२

२. स्थानीय सरकार संचान ऐन २०७४

३. नेपाल सरकारको पन्ध्रौ योजना

४. गण्डकी प्रदेशको आवधिक योजना ( २०७६/७७ देखि २०८०/०८१ )

५. दीगो विकासका लक्ष्य

६. स्थानीय सरकारको दायित्य, निर्देशक सिद्धान्त तथा नीतिहरु

७. स्थानीय तहमा रहेका राजनैतिक दलका नीति,कार्यक्रम तथा प्रतिबद्धताहरु

८. स्थानीय तहको भौगोलक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था

९. नागरिकको चाहाना र स्थानीय आवश्यकता

१०. संघीय तथा प्रदेश सरकारबाट स्थानियतहमा हुने स्रोत प्रवाहको रअवस्थाआन्तरिक आय

११. नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिबद्धताहरु

## १.२ योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँ/नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना २०७९/८०- २०८३/८४) तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् ।

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- सहभागितामूलक पद्धतिबाट गाँउको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं कार्यनीति सहितको प्रमुख कार्यक्रमहरुको खाका बनाई गाँउपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज वनाउने
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने
- भविष्यमा क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा महत्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालिन खर्च संरचना (Medium Term Expenditure Framework MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानून र नीति तथा तथा स्थानीय कानून र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल

सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेकाले ती विषयलाई गहिरो अध्ययन गरि यो आवधिक योजना तयार गरिएको छ ।

- मध्यम तथा दीर्घकालिन प्रकृतिका रणनीति तथा आयोजनाहरुको सूची समेत तयार गरिएको,
- स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराईएको,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार गरिएको,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोगको अपेक्षा गरिएको,
- स्थानीयस्तरका विकास आयोजनाहरुको वार्षिक योजना तर्जुमा गर्दा आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको गाउँपालिकाबाट प्रतिवद्धता प्राप्त भएको**,**
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने व्यवस्था रहेकोले वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा उक्त प्रकृया अवलम्बन गर्ने सबै सरोकारवालाहरुको प्रतिवद्धता रहेको पाईएको,
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने गरी नीतिको परिपालना भई अधिकतम श्रोत परिचालनमा ध्यान पुर्‍याउने प्रतिवद्धता नेतृत्वबाट जाहेर भएको ।

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजमा उल्लिखित यस गाउँपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयहरुलाई स्थानीयकरण गर्ने आधार समेत लिइएको छ : दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय भूउपयोग नीति २०६९, विषयगत ऐन तथा नीतिहरू, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु, राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका, राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू ।

## १.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको पञ्चवर्षीय योजना (आवधिक विकास योजना) देहायको विधि तथा प्रक्रिया अवलम्वन गरिएको छ ।

### १.४.१ आधार रेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

पञ्चवर्षीय योजना (आवधिक योजना) तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा यस अन्नपूर्ण गाउँपालिकाले तयार गरेको वस्तुस्थिति विवरण (Village Profile) मा उल्लेखित गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन,वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरिएको छ ।

### १.४.२ योजना अभिमुखीकरण कार्याशाला गोष्ठी

अन्नपूर्ण गाउँपालिकाको पञ्चवर्षीय योजना (आवधिक योजना) तर्जुमा गर्ने निर्णय बमोजिम गाउँपालिकाको आयोजना एवं सिभिल लिंक ईन्जिनियरिङ् एण्ड/श्रेष्ठ/जियोस्पासल जे.भि., ललितपुर को प्राविधिक सहयोगमा २०७८ साल जेष्ठ २३ गते आवधिक योजना तर्जुमा सम्बन्धी अवधारणा, योजना तर्जुमा विधि, चरण तथा प्रक्रिया सम्बन्धमा कोभिड १९ को दोश्रो लहरको कारण भर्चुवल माध्यमवाट गाउँपालिकाका सरोकारवालाज्यूहरुको विचमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो र आवधिक योजनाको लागि गर्नुपर्ने तयारीका लागि कार्ययोजना समेत परामर्श संस्थाको तर्फवाट प्रस्तुतिकरण र गाउँपालिकावाट आवश्यक राय सुझाव लिने कार्य गरियो ।






*परामर्श संस्थाको तर्फवाट योजनकार श्री जगन्नाथ अधिकारीज्यूले प्रस्तुतिकरण तथा सहजिकरण गर्दै*

उक्त अभिमुखिकरणवाट पञ्चवर्षीय योजना (आवधिक विकास योजना) तर्जुमा प्रयोजनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा मूल समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र बिषयगत समितिहरुलाई बिषय क्षेत्रगत जिम्मेवारीहरु बाँडफाँड गरी कार्ययोजना स्विकृत गरिएको थियो । यस आवधिक योजना तर्जुमा अभिमुखीकरणको उद्घाटन अन्नपूर्ण गाउँपालिका उपाध्यक्षज्यूवाट भएको थियो । यस कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृतज्यू, ३ जना गाउँपालिकाका वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदष्यज्यूहरु, र गाउँपालिकाका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कोविड १९ को दोश्रो लहरको कारण वडा स्तरीय छलफल गर्ने र गाउँपालिका मा कार्यशाला गर्न सक्ने परिस्थितीलाई विचार गरेर कोविड १९ को प्रभाव कम हुना साथ अध्ययनको कार्यलाई अगाडि वढाउने सहमति भयो ।

### १.४.३ वडास्तरीय तथा लक्षित समूह परामर्श

गाउँपालिकाले तयार गर्ने प्रथम पञ्चवर्षीय योजना (आवधिक योजना) मा वडा तह, गाउँबासी तथा समुदाय विशेष गरी लक्षित वर्गको सुझाव संकलन गर्न गाउँपालिकाका ८ वटै वडामा एक/एक दिवसीय वडास्तरीय परामर्श कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा पञ्चवर्षीय योजना (आवधिक योजना) मा समावेश गरिनुपर्ने प्रमुख विषयहरु प्राथमिकता तथा प्रमुख कार्यक्रम बारे सहभागिहरुबाट विषयगत रुपमा सुझाव प्राप्त गरियो ।



उक्त वडास्तरीय परामर्श कार्यक्रममा वडा समितिका पदाधिकारी, स्थानीय बुद्धिजिवी, अगुवा, युवा, महिला, बालबालिका तथा लक्षित वर्ग समुदायका प्रतिनिधिहरुकोसहभागिता रहेको थियो । वडावाट आएका प्रमुख कार्यक्रमहरु अनुसुची ९ मा उल्लेख गरिएको छ ।

### १.४.४ आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी

गाउँपालिकाको आयोजना एवं सिभिल लिंक ईन्जिनियरिङ्, श्रेष्ठ एण्ड जियोस्पासल जे.भि, लालितपुरको प्राविधिक सहयोगमा मिति २०७८ साल श्रावण २४, २५ र २६ गते अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा पञ्चवर्षिय योजना (आवधिक विकास योजना) तर्जुमा कार्यशाला सम्पन्न गरी योजना तर्जुमा कार्य गरिएको थियो ।



*योजना तर्जुमा बृहत कार्यशालामा मन्तव्य दिँदै गाउँपालिका अध्यक्ष क्या. श्री डम वहादुर गर्बजा पुन*

गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजकज्यूहरु, गाउँ विकासका सरोकारवालाहरुको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाउँ विकासको दीर्घकालिन सोच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), संभावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्धेश्य (Outputs) एवं भौतिक लक्ष्य निर्धारण (Targets) एवं वार्षिक कार्यान्वयन तालिका निर्धारण गर्ने कार्य सम्पन्न गरिएको छ ।

यस क्रममा योजना तयारी कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह परामर्श गोष्ठीबाट आएका सुझावहरु समेतलाई मध्यनजर गरी सवै विषयक्षेत्रगत विकास अवधारणा, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक श्रोतमा सहमती गरिएको छ । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ बर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको छ ।

### १.४.५ योजना दस्तावेज तयारी

पञ्चवर्षीय (आवधिक विकास) योजना तयारी कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह परामर्श गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरिएको छ । योजना दस्तावेज मुख्य दश परिच्छेदमा विभाजन गरिएको छ । सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा गण्डकी प्रदेश आवधिक विकास योजना, साविक जिल्ला तथा स्थानीय निकायका गाविसहरुका आवधिक, दिगो विकास लक्ष्यहरु, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई समेत उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक विकास योजना दस्तावेज लेखन गरियो ।

योजना दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सबै विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ । योजना तयारी तथा विस्तृत कार्यशाला गोष्ठी, वस्तुस्थिति विश्लेषण र विषयगत समूह अभ्यासको प्रतिफल तथा

वस्तुस्थिति विवरण र सान्दर्भिक दस्तावेज एवं दोश्रो स्रोतबाट उपलब्ध विवरण र सूचनालाई योजना दस्तावेज तयारीको प्रमुख आधार बनाइएको थियो ।

### १.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाँचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला सवैको सकृय सहभागितामा मिति २०७८ मंसिर १४ गते अन्नपूर्ण गाउँपालिकाको आवधिक योजनाको मस्यौदा प्रस्तुतीकरण र सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव गर्ने कार्य सम्पन्न भयो । कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव गरिएको थियो । यस कार्यशालाको निष्कर्ष तथा कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी अन्नपूर्ण गाउँपालिकाको प्रथम पञ्चवर्षीय (आवधिक विकास) योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।



### १.४.७ संघीय मामिला तथा सामान्य मन्त्रालयवाट सुझाव संकलन र अन्तिम दस्तावेज तयारी

मिति २०७८ माघ २३ का दिन संघीय मामिला तथा सामान्य मन्त्रालय, स्थानीय आवधिक विकास योजना, सुझाव समितिका पदाधिकारीज्यूहरु समक्ष यस आवधिक योजनाको परामर्श संस्थाको तर्फवाट मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण र आवष्यक राय सुझावहरु संकलन गर्ने कार्य सम्पन्न भयो । प्राप्त पृष्ठपोषण अनुसार यो आवधिक विकास योजना प्रतिवेदनलाई राष्ट्रिय योजना आयोगको ढांचा अनुसार अध्यावधिक गरिएको छ । पृष्ठपोषणकै आधारमा योजनामा जि.आई.एस. नक्साहरु प्रयोग गरिएको, गाउँपालिकाको वजेटलाई ५ वर्षको ( हरेक वर्षको ) यथार्थपरक वनाईएको, गाउँपालिकास्तर र वडा स्तरको योजनाको सुचि वनाई अनुसुचिमा राखिएको, आवधिक विकास योजनाको दुरदृष्टि, लक्ष्य र उद्धेश्यहरुमा केही परिमार्जन गरिएको, नतिजा तालिकामा थप यथार्थ वनाईएको, पर्यटन विकास संग सम्वन्धीत योजना तथा कार्यक्रमहरु थप गरिएको र हालै सम्पन्न स्थानीय तह स्वमुल्याङ्न नतिजालाई ( २०७७/०७८ ) समेत विचार गरेर अन्नपूर्ण गाउँपालिकासमेतको सुझावहरुलाई समावेश गरि यस आवधिक विकास योजनाको प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ ।



## १.५ सीमा

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्न बमोजिम रहेका छन्:

- आवधिक विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा गाउँ वस्तुस्थिति विवरणलाई लिइएको छ। यस गाउँपालिकाको सन्दर्भमा पनि घरधुरी तहको हकमा अन्नपूर्ण गाउँपालिकाको पार्श्वचित्र घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, वडातह र संस्थागत क्षेत्रबाट प्राप्त तथ्याङ्क सूचनालाई नै आधार बनाउने अधिकतम प्रयास गरिएको छ। बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै द्बिविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ। यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरि नसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन।

## १.६ नेपाल सरकार, गण्डकी प्रदेशका आवधिक विकास योजना तथा दीगो विकासको लक्ष्यसंगको अन्तर सम्बन्ध (Relationship with Nepal Government and Gandaki Province Periodic Plan and Sustainable Development Goals)

राज्यको पूनःसंरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा बनाउने हुँदा तिनीहरु विचको सम्बन्ध र दातम्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर राखिएको छ। खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई यो योजना बनाउँदा विशेष ध्यान दिइएको छ। नेपाल सरकारको पन्ध्रौं आबधिक योजना र गण्डकी प्रदेश सरकारको प्रथम आबधिक विकास योजनाका लक्ष्य, प्राथमिकता र कार्यक्रमहरु तथा दीगो विकासको लक्ष्यसँग यस योजनाको तादम्यता राख्ने प्रयत्न गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ। साथै नेपालले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास तथा कार्यकमहरु संग यो आवधिक योजनालाई आवद्ध गरिएको छ।

# परिच्छेद २ : अन्नपूर्ण गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

अन्नपूर्ण गाउँपालिका स्थानीय सरकारको रुपमा स्थापना भएपछि निर्माण गरिएको यो पहिलो पञ्चवर्षीय योजना हो । यस योजनाको अवधि आर्थिक वर्ष २०७९/८० देखि २०८३/८४ सम्मको रहनेछ । सामान्यतय अघिल्लो योजनाको प्रगति समीक्षा समावेश गरी चालु योजना तयार गर्ने प्रचलन रहेको छ । प्रस्तुत योजनामा अघिल्लो योजनाको प्रगति समीक्षा समावेश गर्ने अवस्था नरहेकोले यस खण्डमा अन्नपूर्ण गाउँपालिकाले विगत एक वर्षमा हाँसिल गरेका उपलब्धि सहित प्रदेशको समग्र आर्थिक र सामाजिक अवस्थाको संक्षिप्त चित्रण गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

म्याग्दी जिल्लाको उत्तरी भेगमा अवस्थित अन्नपूर्ण गाउँपालिका अन्नपूर्ण हिमालको नामबाट राखिएको हो । नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तह पुनर्निर्माण गर्ने क्रममा यस गाउँपालिका पनि २०७३ फागुन २७ गते अन्नपूर्ण नामवाट यस गाउँपालिकाको नाम अन्नपूर्ण राखिएको हो । यस गाउँपालिकाको सरदमुकाम वडा नं ६ घारको पोखरेवगरमा रहेको छ जुन वेनी वाट २० कि.मि.को दुरीमा रहेको छ । यस गाउँपाललकाको संरचना नेपाल सरकार संघीयताको सिद्धान्त अनुसार साविकका दोबा, भुरुङ तातोपानी, दाना, नारच्याङ, शिख, घार, हिस्तान र राम्चे गा.बि.स.हरु मिलेर बनेको हो । यस गाउँपाललकाको पूर्वमा कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक, पशिचममा रघुगंगा गाउँपाललका वडा नं. १ तिप्लल्याङ, उत्तरमा मुस्ताङ जिल्लाको थासाङ गाउँपालिकाको वडा नं १ घासा र दक्षिणमा पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं. १ पर्दछ । यस गाउँपालिकामा जम्मा वडा संख्या ८ वटा रहेका छन् भने कुल क्षेत्रफल ५५६.४१ वर्ग कि.मी. अर्थात ४५२०२-१२-३-२ रोपनी मा फैलिएको छ । क्षेत्रफलको हिसावले सबैभन्दा वढी वडा नं ७ रहेको छ भने सवभन्दा कम क्षेत्रफल वडा नं ८  रहेको छ । यस गाउँपालिकामा १६ सदस्यीय गाउँ कार्यपालिक  र ४४ सदस्यीय गाउँ सभाका सदष्यहरु रहि बनेको छ ।




यो गाउँपालिको भुगोल प्राचिन तिव्वसंगको व्यापारिक नाकाको रुपमा रहेको थियो । यो स्थल प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ, कागवेनी, दामोदरकुण्ड तथा चिनको सिमाना कोरला आदि धार्मिक तथा पर्यटकिय क्षेत्रमा पुग्नका लागि प्रवेशको रुपमा चिनिन्थ्यो । वि.सं.२०३२ पूर्व यो गाउँपालिका मुस्ताङ् जिल्ला अन्तर्गत पर्दथ्यो र पछि पुनर्संरचनाको क्रममा म्याग्दी जिल्ला अन्तर्गत रहन गयो ।

यस क्षेत्रमा ३२ प्रजातिका गुराँस मध्ये घोडेपानी क्षेत्रको जंगलमा रातो, सेतो, गुलाबी लगायत ८ प्रजातिका गुराँसहरु पाइने भएकोले यो क्षेत्रलाई गुराँसको राष्ट्रिय बगैंचा बनाउन सकिने संभावना छ । पृष्ठभुमिमा हिमाल माछापुछ्रे, धौलागिरी, अन्नपूर्ण र निलगिरी हिमालको साथसाथै सूर्योदयको अवलोकनले यस क्षेत्रको पर्यटकीय हिसाबले महत्व राखेको पाइन्छ । अन्नपूर्ण गाउँपालिका अन्तर्गत पर्ने विविध खालका पर्यटकीय दृश्यहरुलाई उजागर गर्नुपर्दा अन्नपूर्ण हिमाल विश्वकै गहिरो गल्छी अन्धगल्छी, रुप्से झरना, संसारमै परिचित पुनहिल, तातोपानी कुण्ड, खयरबराह, प्यारीबराह, मोहरे डाडाँ, सम्पूर्ण मगरहरुको आस्थाको केन्द्र करपाकेली थान लगायतका रमणीय धार्मिक तथा ऐतिहासिक धरोहरहरु यस गाउँपालिका भित्र पर्दछन् । जसले अन्नपूर्ण गाउँपालिकाको शोभा बढाइरहेको छन् । यस गाउँपालिका अन्तर्गत रहेको गुराँसे जङ्गललाई राष्ट्रिय गुराँस बगैंचा निर्माण गर्ने परिकल्पना गरिएको छ । नेपालकै लामो अन्नपूर्ण पदमार्गले समेत यस गाउँपालिकालाई छोएको छ । यस अन्नपूर्ण अन्तर्गत मिरस्त्री, घलेम्दी, कालीगण्डकी पहिलो र कालीगण्डकी दोस्रो जलविद्युत आयोजनाहरु यस गाउँपालिका अन्तर्गत निर्माणाधीन छन् । यो गाउँपालिका जलउर्जाको हिसाबले पनि प्रचुर सम्भाव्यता बोकेको क्षेत्र हो । अन्नपूर्ण गाउँपालिका म्याग्दीको मात्र नभएर गण्डकी प्रदेश कै गहनाको रुपमा लिन सकिन्छ ।




ऐतिहासिक, धार्मिक, सास्कृतिक, पर्यटकीय हरेक दृष्टिकोणले संभावना बोकेको यो गाउँपालिका अन्नपूर्ण गाउँपालिका भित्र नेपालकै प्रमुख हिमनदी कालिगण्डकी, मिरस्ती खोला आदी अबिरल बगिरहेका छन् । जाति, भाषा, संस्कृति तथा धर्मको दृष्टिकोणले साझा फुलबारी झैं रहेको यस गाउँपलिका भित्र मगर, क्षेत्री, नेवार, थकाली, गुरुङ, ब्राह्मण, गिरी, खड्का, विश्वकर्मा, दर्जी, किसान लगायतका जातिको बसोबास रहेको छ । आफ्नो जातिय परम्परा र संस्कृतिलाई अनुसरण गर्दै आएका यहाँका मानिसहरु  नेपाली भाषाको प्रयोग गर्दछन् । साथै हिन्दु धर्म मान्नेहरुको बाहुल्यता रहे पनि बौद्ध, क्रिश्चियन र मुस्लिम धर्माबलम्बीहरु पनि रहेका छन् ।

## २.१.१ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन

समुन्द्री सतहका करिब १००० मिटरदेखि ८०८१ मिटर (अन्नपूर्ण हिमाल) सम्मको उचाईमा रहेको अन्नपूर्ण गाउँपालिकाको केन्द्र भौगोलिक अवस्थितिका हिसाबले २८ डिग्री २० मिनेट १० सेकेन्ड उत्तरी आक्षांश र ८४ डिग्री ७ मिनेट ३० सेकेन्ड पुर्वी देशान्तरमा फैलिएको छ। यस गाउँपाललकाको पूर्वमा कास्की जिल्लाको अन्नपूर्ण गाउँपाललको घान्द्रुक, पश्चिममा रघुगंगा गाउँपाललका वडा नं. १ तिप्लल्याङ, उत्तरमा मुस्ताङ जिल्लाको थासाङ गाउँपालिको वडा नं १ घासा र दक्षिणमा पर्वत जिल्लाको जिल्लाको जलजला गाउँपाललका वडा नं. १ पर्दछ । यस गाउँपालिकाको कुलक्षेत्रफल ५५६.४१ वर्ग कि.मी.रहेको छ।

गाउँपालिकाको भुगोलको भिरालेपनलाई आंकलन गर्दा ५० प्रतिशतभन्दा धेरै भुभाग ४५ डिग्रीभन्दा वढी भिरालेयुक्त र झण्डै ५ प्रतिशत भुभाग मात्र समथर रहेको छ। पवर्तित र अग्नेय चट्टानले वनेको वालुवाको मात्रा वढी भएको र समशिोष्ण हावापानी रहेको यस गाउँपालिका का महाभारत पर्वत श्रृङ्खलामा पर्ने हुनाले २ अग्ला हिम श्रृङ्खला धौलागिरी र अन्नपूर्णको विच हुंदै वगेको काली गण्डकी र अर्को नदी मिरस्ती खोलाको जलाधार क्षेत्रका कारणले नदी वरपरका जमिनको भिरालोपना वढ्दै गएको छ।

पहाडी जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले भीर, पाखा तथा समथर जमिन गरी विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। समावेश भएका साविकका ८ वटा गाउँ विकास समितिहरुलाई विभाजन गरी यस गाउँपालिका का जम्मा ८ वटा वडा बनाईएका छन्।

## २.१.२ गाउँपालिकाको जनसांख्यिक अवस्था

२०६८ सालमा गरिएको राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिमा जम्मा घरधुरी ३५०० र जम्मा जनसंख्या १३३१५ रहेको देखिएको छ। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ६ मा २४७१ रहेको छ भने सबै भन्दा न्यून वडा नं. २ मा ७९५ रहेको देखिन्छ। सर्वेक्षण अनुसार हालको औषत घरपरिवारको आकार ३.६० र लैंगिक अनुपात ७६.१४ रहेको छ। जनसंख्याको वडागत विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. १ : वडागत जनसंख्या सम्बन्धी विवरण**

| वडा | घरधुरी | जनसंख्या | | | जनघरत्व प्रति परिवार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | २९४ | ४७२ | ५९१ | १०६३ | ३.६२ | ८९.८६ |
| २ | २१६ | ४०९ | ३८६ | ७९५ | ३.६८ | १०५.९६ |
| ३ | ४८४ | ८८५ | ९८८ | १८७३ | ३.८७ | ८९.५७ |
| ४ | ४५६ | ७५८ | ८६८ | १६२६ | ३.५७ | ८७.३३ |
| ५ | ६२१ | १०४३ | ११६९ | २२१२ | ३.५६ | ८९=२२ |
| ६ | ६७७ | १०८५ | १३८६ | २४७१ | ३.६५ | ७८.२८ |
| ७ | ४९२ | ७३८ | ९३७ | १६७५ | ३.४० | ७८.७६ |
| ८ | ४६० | ७०८ | ८९२ | १६०० | ३.४८ | ७९.३७ |
| **जम्मा** | **३७००** | **६०९८** | **७२१७** | **१३३१५** | **३.६०** | **७६.१४** |

*स्रोत: गाउँ वस्तुस्थिति विवरण २०७४/राष्ट्रिय जनगणना २०६८*

*(राष्ट्रिय जनगणना २०७८ को प्रारम्भीक नतिजा अनुसार यस गाउँपालिमामा ३६१८ परिवारमा कुल १२३५१ जनसंख्या रहेको देखिन्छ जसमध्ये ६०७८ जना पुरुष र ६२७३ जना महिला जनसंख्या रहको छ।)*

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस अन्नपूर्ण गाउँपालिकाको सवैभन्दा उच्च भुभाग अन्नपूर्ण हिमाल पर्दछ जसको उचाई ८०९१ मी.छ । यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरुपमा पनि विविधता पाइन्छ । कतै खोंच,कतै लेक,कतै हिमाल, कतै छहरा, कतै गल्छी जस्ता अनेकन प्रकृतिको भुभाग पाइन्छ । यहाँको प्राय जसो जमिनको प्रकृति भिरालो किसिमको रहेको छ ।




गाउँपालिकामा कृषि पेशामा आवद्ध परिवार संख्या ८५.८५ प्रतिशत रहेका छन् । प्रमुख खाद्यान्न वालीको उत्पादन प्रतिवर्ष १०००० मे. रहेको, सुन्तलाको उत्पादकत्व २ मे.रहेको, आलु वालीको उत्पादकत्व २ मे. रहेको, किविको उत्पादकत्व १ मे. रहेको छ । गाउँपालिकामा परिवारको स्वामित्वमा जग्गा जमिन रहेको आधारमा ३७३५ परिवार संख्या मध्ये जग्गा नभएको परिवार संख्या १३० रहेको छ । महिलाको नाममा घर र घरधुरी नभएको संख्या ३८.७३ प्रतिशत छ । यस गा.पा मा कृषि सहकारी संस्था ४ रहेको छ भने सहकारीमा आधारीत कृषक संख्या १२० रहेको देखिन्छ । गाउँपालिकामा शित भण्डार संख्या ३ र कृषि उपज संकलन केन्द्र २ रहेका छन् । घर परिवारलाई ३० मिनेटको औषत दुरीमा कृषि उपज विक्रिको लागि वजार केन्द्रको पहुंच छ । यसैगरि कृषि तालिम प्राप्त जनशक्ति संख्या ४०० छ । हाल कृषि उत्पादनको लागि प्रयोगमा आएका टनेलको संख्या ४०० छ । आ.व २०७३/०७४ को उत्पादनलाई हेर्दा धान ७५० टन, मकै ११८६४, कोदो १५२ टन, गहुं ८७ टन, मास, वोडी, सिमी , मस्याङ, मुसुरो, तोरी, सूर्यमुखी लगायत २१ टन छ भने तरकारी वाली अन्तरगत आलु, प्याज, काउली, भन्टा, वन्दा, गोलभेडा, रामतोरिया, साग आदि १२५३ टनका उत्पादन भएको र फलफूलहरु जस्तो

केरा,सुन्तला, नासपती, सुन्तला, मौसम लगायतका फलफुलहरु ६५३ टन उत्पादन भएको देखिन्छ । प्रमुख अन्न वालिमा रुपमा मकै, कोदो धान उत्पादन भैरहेको र मकैको उत्पादन अधिक छ । आलुको अत्याधिक उत्पाद क्षेत्र - खास गरि वडा नं ८ को स्वात, घार, घरांदि, हिस्तान, टिकोट,कोमलडाँडा, नाम्चे लगायतका क्षेत्रहरु रहेको छ । यहांको आलु पोखरामा मार्फाको भनेर वेचिने गरेको स्थानीयको भनाई छ । गाउँपालिकावाट निकासी हुने मुख्य उत्पादनमा आलु, सुन्तला र सिमी छ । माथिल्लो वेल्टमा आलु भट्ट, सिमि तथा सुन्तलाको खेति रहेको छ भने तल्लो वेल्टमा मकै तथा धान खेति र अन्य अन्नपात लगाउने गरिएको छ ।

गाउँपालिकाको पाश्वचित्र २०७४ अनुसार पशु पालनको स्थितिलाई विश्लेषण गर्दा गाई गोरुको संख्या १९६३, भैसी रांगा ६९५, वोका खसी वाखा ३४११, भेडा चेङ्ग्रा ५००, संगुर वंगुर २० को संख्या रहेको छ । पंक्षी अन्तरगत कुखुराको संख्या ४२३६ र यसको अण्डा उत्पादन ३०००० संख्या, हांस १६४, मौरी घार ९० वटा देखिन्छ ।

अधिकांश जग्गाहरु भिरालो, खेतियोग्य जग्गा कमि र निर्वाहमुखी खेति प्रणाली रहेको छ । जिल्ला कृषि विकास कार्यालय म्यग्दीको २०७४ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा निकासी हुने कृषिजन्य, पशुजन्य, औद्योगिक, वनपैदावार तथा व्यापारिक वस्तुहरु आयतको तुलनामा न्यून छ । अत्यन्त सामान्य परिमाणमा सुन्तला, सिमि, वदाम जस्ता कृषिजन्य वस्तुहरु निर्यात हुने गरेको छ भने आलुको निर्यात अन्यको तुलनामा धेरै छ । तर आलुको स्टोरेज नहुंदा वजारको लागि समष्या देखिन्छ । चरन क्षेत्रमा विसाक्त घांस पलाउदै जानु, उन्नत घांसखेती नहुनु, दुध चिस्यान केन्द्र एवं कृषि उपज संकलन केन्द्रको अभाव, सिख, घार, नारच्याङ् लगायतको क्षेत्रमा भएको अस्थाई र अव्यस्थित सिचाई, चिज उद्योगको लागि दुध उत्पादनमा कमि आउनु, वडा नं ६ मा अवस्थित हिमालयन चिज उत्पादन उद्योग वन्द हुंदा दुध उत्पादक किसानहरुलाई समष्या रहेको देखिन्छ । यसैगरी वादर, दुम्सी, रतुवा लगायत वन्य जन्तुहरुहरुले अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP ) भएकाले पनि कृषकले उत्पादन गरेको ५० प्रतिशत भन्दा वढी वालिनाली खाएको अवस्था छ ।

यस क्षेत्रमा विशेष गरि सुन्तला आलु, क्युवी, र भुई स्याउको उत्पादन व्यवसायिक रुपमा हंदै आएको छ भने सामान्य रुपमा अन्य तरकारी र फलफुलको उत्पादन हुने गरेको छ । वडा नं २ मा उत्पादित सिमी र बदामको माग म्याग्दी र अन्य जिल्लाहरुमा समेत वढेको छ । त्यसैगरी वडा नं २ भुरुङ् तातोपानी, वडा नं ३ दाना, वडा नं ४ नारच्याङ्मा सुन्तला, कागती, मौसम जस्ता फलफूल र हरियो तरकारी, लसुन, प्याज, गोलभेडा आदि उत्पादन हंदै आएको छ । यसैगरी वडा नं ५ शिख र वडा नं ६ घारमा व्यवसायिक रुपमा वाखापालन, कुखुरापालन, भेडा, चेङ्ग्रा र चौरी गाई पालन गरिएको छ । शिख पाउद्धार घार र राम्चेमा उत्पादित चौरीको चिज पर्यटकले औधि मनपराउने गरेको र विदेश सम्म निर्यात हुने गरेको छ । वडा नं ७ हिस्तानमा तरकारी खेति र दलहनको प्रचुर सम्भावना रहेको छ  र यसैगरी वडा नं ८ राम्चे र नागिमा किवि, भुईस्याउ र हरियो तरकारीको सम्भावना रहेको छ ।

## २.२.२ पर्यटन तथा सस्कृति

धार्मिक, प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणले नेपालकै प्रमुख पर्यटकीय गन्तव्य मुस्ताङ, मुक्तिनाथ, र दामोदर कुण्ड, अन्धागल्छी, अन्नपूर्ण पदमार्ग तथा वेसक्याम्प आदिले गाउँपालिकाको पर्यटन विकासको संभावनालाई वोकेको छ । अन्नपूर्ण गाउँपालिका अन्तर्गत पर्ने विविध खालका पर्यटकीय दृश्यहरुलाई उजागर गर्नुपर्दा अन्नपूर्ण हिमाल विश्वकै गहिरो गल्छी अन्धगल्छी, रुप्से झरना, संसारमै परिचित पुनहिल, तातोपानी कुण्ड, खयरबराह, प्यारीबराह, मोहरे डाडाँ, सम्पूर्ण  मगरहरुको आस्थाको केन्द्र करपाकेली थान लगायतका रमणीय धार्मिक तथा ऐतिहासिक धरोहरहरु यस गाउँपालिका भित्र पर्दछन् । यहांका मुख्य पर्यटकिय स्थलहरुमा महआउने छहरा वडा नं १, वणिवराह मन्दिर वडा नं २, तातोपानी कुण्ड वडा नं २, मुन्द्रा चढाउने डांडा वडा नं २, वराह थान वडा नं २, भमेथान वडा नं २, दमाह छहरा वडा नं २, रुप्से छहरा वडा नं ३, अन्धगल्छी वडा नं ३, नौमती वाजा ढुंगा वडा नं ३, मति वराह वडा नं ४, अन्नपूर्ण हिमाल वडा नं ४, थुम्का डांडा वडा नं  ४, निलगिरी वडा नं ४, शिव मन्दिर वडा नं ४, धरम ढुंगा वडा नं ४, खोप्प्रालेक वडा नं ५, वयली वडा नं ५, शिख वडा नं  ५, खयर वरही

वडा नं ५, कान्छी वराही वडा नं ५, ढांड खर्च वडा नं ५, भाल्खारा वडा नं ५, गिद्धेश्वर वडा नं ७, महभिर छहरा वडा नं ७ पेरी वराह वडा नं ७, ढाक्कि डांडा वडा नं ७, फूलवारी वडा नं ७, डांडा खर्क वडा नं ७, टिकोट घराम्दी रिम औल दोसल्ले गाउ वडा नं ७ँ, हरियाली मुल वडा नं ७, काली वराह वडा नं ७, नागी सामुदायिक भवन वडा नं ८, करपाकेली मन्दिर वडा नं ८, महरे डांडा वडा नं ८, नागी वराही वडा नं , गुम्छा डांडा वडा नं ६, भालेवास वडा नं ४ र पुन हिल वडा नं ६ मा रहेका छन् । गाउँपालिका मा पर्यटन सुचना केन्द्रको संख्या १, पर्यटकिय स्तरका होटल ६०, पर्यटन होम स्टे ६ स्थल, पर्यटन पदमार्ग १५ कि.मि, ट्रेकिङ् गाईड तालिम प्राप्त जनशक्ति ५०, विभिन्न पर्यटकिय पदमार्ग रहेका, तातोपानी कुण्ड रहेको, सवै वडाहरुमा हेलिप्याड रहेको छ ।

यहां रहेका प्रमुख सम्पदाहरुमा मणिवराह मन्दिर, तातोपानी कुण्ड, मुन्द्रा चढाउने डांडा, नारच्याङ् झरना, रुप्से झरना, पुनहिल, अन्धगल्छी, मोहरे डांडा वयली भ्यू, वराह थान, भूमेथान, मति वराह, नौमती वाजा ढुंगा, शिव मन्दिर, खयर वराही, कान्छी वराही, पेरी वराह, काली वराह, करपाकेली मन्दिर, भालेवास्ने ताल, राममन्दिर आदि धार्मिक स्थलहरु रहेका छन् । यहां अवस्थित विभिन्न वराह मन्दिरहरुको दर्शन गरेमा मागेको र मनले चिताएको कुराहरु पुग्ने भनाई रहेको छ । मति वराहमा १०८ पानीका मुहानहरु रहेका छन् । यस अन्नपूर्ण गा.पा को वडा नं १ देखि वडा नं ८ सम्म आफ्ना आफ्नै रहन सहन संस्कृति र परंम्परा रहेका छन् । जाति, भाषा, संस्कृति तथा धर्मको दृष्टिकोणले साझा फुलबारी झै रहेको यस गाउँपलिका भित्र मगर, क्षेत्री, नेवार, थकाली, गुरुङ, ब्राह्मण, गिरी, खड्का, दलित (विश्वकर्मा, दर्जी, किसात) लगायतका १५ जातिको बसोबास रहेको छ ।

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा साना घरेलु उद्योगहरू रहेका छन् । यी उद्योगहरूले आफ्नो उत्पादनलाई गाउँपालिका र वरपरका पालिकाहरूलाई समेत आपूर्ति गर्छन् । त्यस किसिमका साना उद्योगहरूमा मिल, कष्ठ उद्योग, डेरी उत्पादन, हस्तकला उद्योग आदि पर्दछन ।

गाउँपालिकामा चिज, सिस्नु पाउडर, सावुन, वेकरीको स्तर उन्नती गर्ने संभावना देखिन्छ । जडिवुटी प्रसोधन केन्द्रको विकास गर्न सकिने संभावना छ । वडा नं ५ को पाउद्धारमा चिज र छुर्पि उद्योग रहेको छ । वनपैदावारमा आधारीत उद्योग सञ्चालन गर्न सक्ने सम्भावना छ । पालिकाभर करीव ८५० जति साना व्यापार व्यवसाय संचालनमा रहेका छन् । साना ठूला गरी लगभग ७ वटा प्रमुख व्यापारिक केन्द्रहरु रहेको जसमा भुरुङ तातोपानी वजार, दाना वजार, पोखरे वजार, घोरेपानी, शिख देउराली, घारमा साना बजारहरु रहेका छन् । गाउँपालिकाभर ५ वटा खानीजन्य (ढुंगा खानी) उद्योग संचालनमा रहेको छ । गाउँपालिकाले यि विभिन्न व्यवसाय र उद्योगहरुवाट राजश्व उठाई आन्तरिक आम्दानी वृद्धि गर्न सक्ने संभावना छ ।

## २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

नेपालमा ग्रामीण अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालनले धानेको छ भने पछिल्ला बर्षहरुमा बैदेशिक रोजगारी पनि मुख्य हिस्साको रुपमा रहेको देखिन्छ । यस गाउँपालिकाको हकमा पनि कृषि तथा पशुपालन, ज्याला मजदुरी, वैदेशिक रोजगारी तथा नोकरीनै मूख्य पेशाको रुपमा रहेको गाउँ वस्तुस्थिति विवरणमा उल्लेखित तथ्याङ्कले वताउँछ जस अनुसार यहाँ सवै भन्दा वढी कृषिमा ८८.५ प्रतिशत, ज्याला मजदुरीमा ४.१५ प्रतिशत, नोकरी तथा जागिरमा ४ प्रतिशत र उद्योग/व्यापारमा ३.३५ प्रतिशत जनसंख्या आश्रित रहेको देखिन्छ । गा.पा को पार्श्वचित्र २०७४ अनुसार गाउँपालिकामा रहेका घरपरिवार संख्याको मासिक आम्दानीलाई हेर्दा सवभन्दा वढी रु. ३००१ देखि रु. ५००० आम्दानी गर्नेको संख्या २०.२९ प्रतिशत रहेको छ भने रु. १००० भन्दा कम आम्दानी गर्ने परिवारको संख्या १५.२३ प्रतिशत रहेको छ । यसैगरी रु. २५००० भन्दा वढी आम्दानी गर्ने परिवार संख्या प्रतिशत ४.१५ रहेको छ ।

गाउँपालिकाको कूल जनसंख्याको आर्थिक रुपले सक्रिय (१५–४९ वर्षसमूह) जनसंख्या ७४.८० प्रतिशत रहेको छ । आश्रित जनसंख्या आर्थिक रुपमा सक्रिय जनशक्तिले स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुंदा बसाईं

सराई र वैदेशिक रोजगारमा जाने प्रबृत्ति बढ्दो छ । उमेर समूहको आधारमा सबैभन्दा बढी २५–४५ वर्षसमूह देखिन्छ । आर्थिक रुपले सकृय जनसंख्यामा महिला भन्दा पुरुषको संख्या धेरै देखिन्छ ।

यस गाउँपालिकामा संचालित विभिन्न तालिम लगायतका अन्य अवसरहरुबाट ४१९ जनाले विभिन्न सीपमूलक तथा व्यवसायिक तालिम - जे.टि.ए. कृषि वा पशु, विद्युत जडान, कम्प्युटर, मेकानिक्स, सिलाई वुनाई, आदि लिईसकेका र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आय तथा रोजगारी बृद्धिको संभावना तथा अवसर देख्न सकिन्छ । यसैगरी विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा स्थानीय आर्थिक विकासमा योगदान पुगी उत्पादनमा योगदान पुग्नका साथै रोजगारीको अवसर समेत विस्तार हुन सक्ने देखिन्छ ।

यसैगरी यस गाउँपालिकामा जलविद्युत उत्पादनका काम भईरहेको हुनाले स्थानीय नागरिकलाई रोजगारी प्राप्त गर्ने अवसर रहेको छ । यसैगरी कोभिड १९ को फैलावट र संक्रमण रोकिए संगै पर्यटनको अपार संभावना वोकेको यस गाउँपालिकामा पर्यटन व्यवसायमा लागि आय आर्जन गर्ने ठूलो संभावना छ । यस गाउँपालिकाका नागरीक वैदेशिक रोजगारीको लागि विदेशमा धेरै भएको हुनाले विप्रेषणको कृषि, पशुव्यवसाय र पर्यटन क्षेत्रमा उचित लगानी गरी रोजगारी र दिगो आम्दानी गर्ने प्रचुरा अवसर रहेको छ ।

वित्तिय पहूँचका लागि गाउँपालिका क्षेत्रमा २ वटा बाणिज्य बैंक र एउटा वितीय संस्थाले सेवा उपलब्ध गराइरहेको छ । यसका अतिरिक्त विप्रेषण सम्बन्धी कारोवार गर्ने रेमिट्यान्स कम्पनीहरू पनि रहेका छन् ।

२०६८ को जनगणनाको तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल ३७०० घरधुरीमध्येबाट १५४२ व्यक्तिहरु बैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्नको संख्या कुल जनसंख्याको २०.९५ प्रतिशत रहेको छ ।

### २.२.५ सहकारी

वित्तीय पहुँच तथा सेवाको लागि यस गाउँपालिकामा हाल २३ सहकारी संस्था रहेको देखिन्छ भने विभिन्न समुहका सहकारीको वित्तिय सेवा उपलब्ध भैरहेको छ जस्मा जम्मा ऋणको ५१ प्रतिशत यि संस्थाहरुवाट ऋण प्रवाह भएको पाईन्छ । यसै गरी कृषि तथा पशुपालन १० प्रतिशत र उद्योग व्यापारमा १५ प्रतिशत जम्मा ऋण प्रवाहको अवस्था छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाभित्र जम्मा ८ वटा स्वास्थ्य चौकी, पाउद्धारमा १ वटा सामुदायिक स्वस्थ्य इकाई मार्फत स्वास्थ्य सेवा प्रदान भैरहेको छ भने वर्थिङ् सेन्टरको संख्या ५ वटा रहेको छ । सुरक्षित मातृत्वका लागि प्रसुती सेवा ८ वटा स्वास्थ्य चौकी मार्फत प्रदान गरिएको र यहि सेवा १ वटा समुदायवाट पनि सञ्चालत भएको छ । प्रयोशाला शुरु भएका स्वस्थ्य संस्था २ वटा छ । महिला स्वस्थ्य स्वयंसेकीका ७२ जना छ । स्वास्थ्य संस्थामा ४० प्रकारका औषधी निःशुल्क रुपमा उपलब्ध रहेका छन् । मापदण्डअनुसारको ५ वटा स्वास्थ्य चौकी भवन बनेको छ । यस क्षेत्रका १०० प्रतिशत घरपरिवारमा आयोडिनयुक्त नुनको प्रयोग हुने गरेको छ । स्वास्थ्य संस्थामा ४० प्रकारका औषधी निःशुल्क रुपमा उपलब्ध रहेका छन् । गाउँपालिकामा पूर्ण खोप पाएकाको ९२ प्रतिशत र भाडापखलाको संक्रमण दर ३०५ प्रतिहजारमा रहेको देखिन्छ ।

गाउँपालिका क्षेत्रभित्र २० गाउँघर क्लिनिक र १८ खोप क्लिनिक रहेका छन् । स्थानीय स्वास्थ्य संस्थामा हेल्थ असिष्टेन्ट ९ जना, अनमी १७ जना, अहेव १६ जना, कार्यालय सहयोगी ८ जना र ल्याव असिस्टेन्ट २ जना कार्यरत रहेका छन् । यसैगरी महिला स्वस्थ्य स्वयंसेवीकाको संख्या ७२ रहेको छ । स्वास्थ्य संस्थामा जनशक्ति पर्याप्त रहेको छ । स्वास्थ्य संस्था मध्ये २ स्वास्थ्य चौकीमा ल्याव सुविधा रहेको छ भने गर्भ परिक्षण सुविधा सबै स्वास्थ्य संस्थामा रहेको छ । सुरक्षित मातृत्वका लागि प्रसुती सेवा ५ वटा स्वास्थ्य चौकीमा रहेको छ । स्वास्थ्य

संस्थामा सुत्केरी हुनेलाई सुत्केरी पोषण प्रोत्साहन वडा नं ८ बाट शुरुवात गरिएको छ । पालिकास्तरमा एउटा एम्बुलेन्सबाट सेवा उपलब्ध गराइएको छ । पछिल्ला दिनमा स्वास्थ्यकर्मीको उपस्थितिमा सुधार भएको छ । किशोर किशोरी मैत्री स्वास्थ्य सेवा ५ वटा स्वास्थ्य चौकीमा रहेको छ । स्थायी परिवार नियोजनका लागि हरेक वर्ष सबै स्वास्थ्य संस्थामा शिविर संचालन गर्ने गरिएको छ । स्वास्थ्य व्यवहार परिवर्तनको लागि स्वास्थ्य संस्थास्तरमा अन्तरकृया तथा मधुमेह, रक्तचाप र पिसाव जाँच कार्यक्रम हरेक वर्ष संचालन हुने गरेको छ । विद्यालयस्तरमा जुकाको औषधी तथा भिटामिन ए र स्वास्थ्य शिक्षा कार्यक्रम वर्षमा ३ पटक हुने गरेको छ । पाठेघर खस्ने महिलाकोलागि उपचार स्थानीयस्तरमा हुने गरेको छ । गाउँपालिकास्तरमा स्वास्थ्य सेवा उपलब्ध गराउन गैर सरकारी संस्थाहरु सुआहरा र वन हर्ट वर्ल्ड वाइड जस्ता संस्था स्वास्थ्य क्षेत्रमा साझेदारको रुपमा रहेका छन् ।

## २.३.२ शैक्षिक विकास

यस गाउँपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, र प्रविधिको संरक्षण, प्रवर्धन, र विकास गर्न गाउँ शिक्षा समितिवाट आधारभुत तहको परिक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएको छ । यसैगरि सुचना प्रविधिको प्रयोग गरि कक्षा ८ को परिक्षाफल कार्यालयको वेवसाइट्स मार्फत प्रकाशन गर्ने गरिएको र गाउँपालिकाका सवै माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिर मेशिन जडान समेत गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहवाट वजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिईएको छ । विद्यायलको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको र अनलाईन विधीवाट शैक्षिक सुचना प्रवाह गरि विद्यालय र पालिका विच वैठक सञ्चालनको शुरुवात गर्ने अभ्यास गरिएको छ ।

गाउँ वस्तुस्थिति विवरण अनुसार गाउँपालिकाको साक्षरता प्रतिशत ७४.५३ रहेको देखिन्छ । जस अनुसार पुरुष साक्षरता दर ८४ प्रतिशत छ भने महिला साक्षरता दर ६५ प्रतिशत रहेको देखिन्छ । जस अनुसार पुरुष साक्षरता दर ८४ प्रतिशत छ भने महिला साक्षरता दर ६५ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकामा सामुदायिक कुल ३६ वटा विद्यालयहरु रहेका छन् । जसमध्ये आधारभुत २६ वटा र माध्यमिक १० वटा सञ्चालनमा रहेका छन्  भने क्याम्पस ( मुक्तिमार्ग क्याम्पस ) १ वटा रहेको छ । वडा नं १ मा १ माध्यमिक र १ आधारभुत, वडा नं २ मा १ माध्यमिक र १ आधारभुत, वडा नं ३ मा १ माध्यमिक ४ आधारभुत, वडा नं ४ मा १ माध्यमिक र ४ आधारभुत, वडा नं ५ मा २ माध्यमिक ४ आधारभुत, वडा नं ६ मा १ माध्यमिक र ५ आधारभुत, वडा नं ७ मा २ माध्यमिक ३ आधारभुत, र वडा नं ८ मा २ माध्यमिक ४ आधारभुत विद्यालयहरु रहेका छन् । प्रभा मा.वि.मा प्राविधिक धारको विद्यालय सञ्चालनमा रहेको र स्नातक सम्मको पढाई हुने कलेजमा घारमा रहेको मुक्तिमार्ग शिक्षा क्याप्पस रहेको छ । ३६ वटा विद्यालय मध्ये छात्र छात्राको लागि भिन्ना भिन्नै शौचालय भएको संख्या २२ विद्यालय भएको र शिक्षक शिक्षिकाको लागि भिन्नै शौचालय भएको संख्या १८ विद्यालय रहेको अवस्था छ । निजी क्षेत्रवाट सञ्चालनमा आएको २ वटा विद्यालय हालसालै मर्ज भएर एउटा भएका छ । यस गाउँपालिकामा प्राविधधिक शिक्षा सञ्चालन भएको विद्यालय एउटा रहेको  छ । विद्यार्थी शिक्षक अनुपात १०.२ रहेको छ । विद्यालयमा उपलब्ध पूर्वाधार, संरचना तथा सुविधाको अवस्था हेर्दा २७ वटा विद्यालयमा इन्टरनेट सुविधा रहेको, ३६ विद्यालय मध्ये २२ विद्यालयमा छात्र छात्राका लागि अलग अलग शौचालय रहेको छ भने अन्यमा नभएको, अपांग मैत्री शौचालय सवैजसो विद्यालयमा मात्र भएको र बाल बालिकाको हितका लागि केहि विद्यालयमा बालक्लवहरु गठन भएका र अन्यमा शुरुवातको कममा रहेको देखिन्छ । गा.पा मा विज्ञान प्रयोगशाला भएका विद्यालय संख्या ११., वाल विकास केन्द्रको अवस्था हेर्दा वडा नं १ मा १ वटा, वडा नं २ मा ३, वडा नं ३ मा ३, वडा नं ४ मा ५ , वडा नं ५ मा ४, वडा नं ६ मा ६, वडा नं ७ मा २, र वडा नं ८ मा ४ रहेका छन् । अन्नपूर्ण गा.पा मा कम्प्युटर प्रयोगशाला भएका विद्यालय संख्या १४ वटा रहेको छ ।  सबै विद्यालयमा खानेपानी तथा सरसफाइ सुविधा पुगेको, नेपाली भाषमा मातृभाषा शिक्षाको व्यवस्था भएको, फलांटे वडा नं ६ मा मा स्थानीय विद्यालयवाट वाल उद्यान सञ्चालन, गाउँपालिकाको १० वटा मा.वि.मा टेलि टिचिङ् कक्षा सञ्चालन र यसमा महाविर पुनको पनि सहयोग रहेको छ । गाउँपालिकामा माध्यमिक तहको खुद भर्नादर GER ८१.७ प्रतिशत छ भने आधारभुत तहको खुद भर्नादर NER ८१. ६ रहेको देखिन्छ । उच्च शिक्षमा लैगिकता १.४ छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

राष्ट्रियस्तरमा हालसम्म ८८ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २० प्रतिशत जनसंख्यालाई सुधारिएको ९उच्च तथा मध्यम स्तर० खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ। जनअपेक्षा अनुसार खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन अझै सकिएको अवस्था छैन। सरसफाई तर्फ हालका बर्षहरूमा उल्लेख्य प्रगति भई ९८ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ। यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको देखिन्छ। फोहरमैला व्यवस्थापनमा पनि पछिल्ला प्रयास र उपलब्धि उल्लेखनीय छन ।

यस गाउँपालिका भित्र पाइप धारको पानी उपयोग गर्ने घरपरिवार संख्या ९३.६५ प्रतिशत, मुलको पानी प्रयोग गर्ने प्रतिशत २.७३ प्रतिशत, खोला नदिनालाको प्रयोग गर्ने प्रतिशत ०.२७ रहेको देखिन्छ । यस गाउँपालिका ३७३५ घरधुरीको नै पहुंच पुगेको, प्रतिशत घरधुरीमा शौचालय भएको, खानेपानीको श्रोतहरु पर्याप्त रहेको, सार्वजनिक धाराहरुमा छुवाछुत अन्त्य भएको, वस्ति स्तरमा फोहर मैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रमहरु सञ्चालनमा आएको छ। वडा अनुसार सार्वजनिक शौचालयको अवस्था विश्लेषण गर्दा गा.पा का १३ स्थानहरुमा १३ रहेको छ जसअर्न्तगत वडा नं १ मा १ वटा, वडा नं २ मा ३ , वडा नं ४ मा २, वडा नं ५ मा १ , वडा नं ६ मा १ , वडा नं ७ मा १ , वडा नं ८ मा ३ वटा रहेको छ। वडा नं ३ पुण सरसफाईयुक्त वडा घोषण भएको र अन्य वडाहरु हुने क्रममा रहेका छन्।

### २.३.४ लैगिंक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्वोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । अन्नपूर्ण गाउँपालिकाले पाँच वर्ष भित्र बालविवाह मुक्त, महिला हिंसामुक्त र शत प्रतिशत महिला साक्षर गाउँ निर्माणको लागि आवश्यक पहल गरेको छ । महिलामैत्री गाउँपालिकाका लागि ७२ वटा आमा समुह गठन भएका छन्। लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने छ। सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेटने प्रयास भईरहेको छ। लक्षित वर्गका लागि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन्। गाउँपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन्। स्थानीय समिति तथा संरचना समावेशी स्वरुपमा गठन हुने गरेका छन्।

यस गाउँपालिका भित्रका ४० वटा समितिमा महिला सहभागिता रहेको वडा नं ८ मा वाल सञ्जाल रहेको छ। गाउँपालिका मा टोल विकास समिति अवथा हेर्दा वडा नं १ मा ५, वडा नं २ मा ६, वडा नं ३ मा १०, वडा नं ४ मा ६, वडा नं ५ ४, वडा नं ६ मा ८, वडा नं ७ मा ६ र वडा नं ८ मा ४ वटा गरि जम्मा ४९ वटा टोल विकास समिति कृयाशिल रहेको छ । गैर सरकारी संस्थाहरुमा सुआहारा कार्यक्रम/पोषण/हेलेनकिलर ईन्टरनेसनल, ए.सि.ए.पि/वातावरण संरक्षण, एच.आर.डि.सि/असल शासन ले यस गाउँपालिकामा आफ्नो कार्यक्षेत्र वनाई कार्य गरेका छन्। यसैगरी यस गाउँपालिकामा वर्न हर्ट ईन्टरनेश्नल भन्ने संस्थाको सहजिकरणमा अन्नपूर्ण अपांग सञ्जाल गठन भई यसका गतिविधीहरु सञ्चालनमा आएका छन्। संघ संस्था, क्लव, आमा समुह आदिको स्वामित्वमा रहेका सामुदायिक भवनहरुमा वडा नं १ मा ३ वटा, वडा नं २ मा २, वडा नं ३ मा ५, वडा नं ४ मा ४, वडा नं ५ मा २, वडा नं ६ मा ३ , वडा नं ७ मा ३ र वडा नं ८ मा ३ वटा गरि जम्मा २५ वटा रहेका छन् । आधारभुत सामाजिक सुरक्षामा आधारीत जनसंख्या १०० प्रतिशत, वाल उद्यान ३ वटा रहेको, वैक मार्फत सामाजिक सुरक्षा सुरक्षा प्राप्त गर्ने जेष्ठ नागरी १०० प्रतिशत रहेको छ।

### २.३.५ युवा, खेलकुद तथा कला

युवाको सर्वाङ्गिण विकास राष्ट्र निर्माणको आधारलाई दीर्घकालिन सोचका रुपमा लिई युवाको राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारको पूर्ण उपयोग गर्ने वातावरण तयार गर्ने कुरालाई वर्तमान १५ औं योजनाले जोड दिएको छ । यस गाउँपालिकाले युवा जनसक्तिलाई उत्पादन, विकास निर्माण र रोजगारीसँग जोडने नीति लिएको छ भने गाउँपालिका तथा वडा तहमा खेलकुद प्रतियोगिताको आयोजना तथा खेलाडी प्रोत्साहन हुने गरेको छ । अन्नपूर्ण गाउँपालिकाका विभिन्न ठाउँहरुमा खेलकुद मैदान रहेका छन् । प्राय खेलकुद मैदानहरु विद्याल भित्र नै रहेका छन् जस अन्तरगत दोवा खेल मैदान, हिस्तान खेल मैदान, चित्रे खेल मैदान, भुरुङ् खेल मैदान, घार खेलमैदान, फलाटे खेल मैदान, छेर्का खेल मैदान, घराम्दी खेल मैदान, औला खेल मैदान, रिमा खेल मैदान आदी ठाऊंहरुमा खेल मैदान रहेका छन् । गाउँपालिकाको महाभिर, भिरकाटे, पोखरेवगर, तातोपानी, नागढुंगा, र दानामा यात्री प्रतिक्षालयहरु रहेका छन् । वडा नं २ अन्तरगत चिसापानी खेलकुद मैदान निर्माण र हल्लेखर्क पार्क निर्माण गर्न सकिने सम्भावना रहेको छ । गाउँपाकिमा मुख्य रुपमा भलिवल, वास्केटवल र आर्चरी खेलहरु लोकप्रिय छन् ।

यस क्षेत्रमा जिल्ला तथा प्रदेश स्तरका २ जना खेलाडी रहेका छन् । यस गाउँपालिका भित्र कृयाशिल २९ वटा युवा क्लवमा ४०६ जना युवा आवद्ध रहेका छन् । उद्यम, व्यवसाय र रोजगारीमा संलग्न युवा संख्या ३५० रहेको छन् ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

सार्वजनिक संरचनातर्फ गाउँ कार्यपालिकाको आफ्नो प्रशासनिक भवन निर्माणा हुन सकेको छैन । कुल ८ वटा वडा समितिको कार्यालयमध्ये ७ वटा वडा समितिको कार्यालय आफ्नै भवनमा सञ्चालित रहेका छन् । वडा नं ७ को वडासमितिको कार्यालयको आफ्नो भवन छैन । ६ वटा स्वास्थ्य चौकीको भवन रहेको छ । वड नं १ र ४ मा स्वास्थ्य चौकीको आफ्नो भवन छैनन् । गाउँपालिकाभरी सानाठूला गरी ७ वजार क्षेत्र मध्ये ४ प्रमुख बजार केन्द्रहरु रहेको तथा ती वजार आसपासका क्षेत्रहरुमा वस्ती बिकासको क्रम तिव्र रहेको छ । उक्त वजार केन्द्रहरुमा भुरुङ् वडा नं २, दाना वजार वडा नं ३, पोखरेवगर वडा नं ६ र घोडेपानी वजार वडा नं ६ रहेका छन् । गाउँपालिका मा करिव ९६.९७ प्रतिशत घरधुरी आफ्नै अर्थात निजि घरमा वस्ने गरेका छन् । गाउँपालिका मा स्थानीय कला संस्कृति झल्किने घरहरु रहेका छन् । तुलनात्मक रुपमा वडा नं ७ का वस्तिहरुमा अझै पुराने संस्कृति झल्किने आकर्षक घरहरु छन् ।

असहज भौगोलिक धरातल र छरिएर रहेका वस्तीका कारण तिनीहरु सवैमा सडक यातायात, पानी, विजुली, संचार जस्ता आधारभूत पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने कार्य आफैमा चुनौतिपूर्ण छ । विद्यमान अवस्थामा कमजोर भू-वनोट एवं न्यून संख्याको सडक पूर्वाधार आफैमा चुनौतिपूर्ण बनेको छ । जोखिमयुक्त वस्तीहरुलाई स्थानान्तरण गरी एक उपयुक्त स्थानहरुमा एकीकृत वस्ती बिकासको संभावना भएपनि सो गर्न सक्ने क्षमता हालको अवस्थामा गाउँपालिकासंग छैन ।

### २.४.२ सडक, पुल तथा यातायात

यस पालिकाका सवै वडा कार्यालयहरु ग्रामिण सडक संजालमा जोडिएका छन् । गाउँपालिका भित्र यातायत सुचारु सडक लम्वाई १२० कि.मि, नियमित मर्मत सम्भार भएको सडकको लम्वाई ८० कि.मि, अन्तरपालिका सडक विस्तार १२ कि.मि रहेको छ । अघिकांश सडकहरु १२ महिना संचालनमा आउन सक्दैनन्, जसका कारण वर्षातमा स्थानीयहरुको सम्पर्क अन्य भागहरुसंग करीव करीव विच्छेद नै हुने गर्दछ । अधिकांश सडकहरु निर्माणाधिन अवस्थाका कारण सडक अधिकार क्षेत्र (Right of Way) कायम गर्न कठिनाई सृजना भइरहेको छ भने मापदण्ड अनुसार चौडा कायम गर्न सकिरहेको अवस्था छैन । कच्ची सडकको कारण नियमित यातायात संचालनमा समस्या भइरहेको छ भने सडकमा कल्भर्ट तथा नाला निर्माण नभएको कारण सडक दाँयावायां हरियाली बढाउन सकिरहेको अवस्था छैन ।

सडकको अवस्थालाई थप विश्लेषण गर्दा चित्रे सडकको स्तर उन्नतिको लागि निर्माणको चरणमा रहेको छ । यस गाउंपालिकाको तिप्ल्याङ महाविर, घारखोला नौनिवगर, र घार देखि पाउद्धार जोड्ने ३ वटा पक्कि पुल निर्माणको अन्तिम चरणमा रहेको छ । दाना घट्टे खोला स्वात र संसारेखोला ३ वटा पुलको निर्माण सम्पन्न भएको छ । सडक लगायत भौतिक पुर्वाधार निर्माण कार्यका सामानहरुको ढुवानिको लागि सवै वडाहरुमा यातायत सुविधा पुगेको छ । वेनी वाट गाउँपालिकाका विभिन्न ठाउँहरु जस्तो काभ्रे, शिख देउरालि, दोवा, नागी, राम्चे, देसल्ले टिकोट आदि ठाउँमा रुट परमिटका जिपहरु सञ्चालनमा आउने सम्भावना छ । गाउपालिकाको वडा नं ६ घोरेपानी देखि कास्की जिल्लाको उल्लेरी सम्म सडक निर्माण र सञ्चालनमा ल्याउन सकिने प्रचुर संभावना छ । गाउँ पालिकाको सवै टोल वस्तीहरुमा ग्रमिण शाखा सडक विस्तार गर्न सकिने संभावना छ । वडा नं ६ पोखरे वगर वाट वडा नं २ को ठुलोवगर जोड्ने मोटरेवल पुल निर्माण गर्नुपर्ने आवष्यकता देखिन्छ । गण्डकी प्रदेश संगको सहकार्यमा विभिन्न समपुरक योजनाहरु कार्यान्वयन गरिएको छ । गाउँपालिका क्षेत्रभित्र योजनाहरु कार्यान्वयन गर्दा गरिने हेवी ईक्यिुप्मेन्ट, डोजर सञ्चालनको लागि गाउँपालिकामा सुचिकृत गर्ने कार्यको शुरुवात भएको छ । सुशासन र सेवा प्रवाहसंग सम्वन्धीत योजनाहरु सम्पन्न भएका छन् । विकास योजनाहरु विद्युतिय वोलपत्र मार्फ खरिद प्रकृया हुने गरेको छ । संघीय सरकार तथा प्रदेश सरकार एवं अन्य निकायहरु संगको लागत साझेदारी, सम्भौता व संयुक्त व्यवस्थापनमा वृहत पुर्वाधार निर्माण लगायतका कार्य हुँदै आएको छ ।

## २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

विश्वभर वैकल्पिक ऊर्जा, परम्परागत ऊर्जा अर्थात खनिज ऊर्जामा आधारित ऊर्जाको प्रतिस्पधी बनेर उदाउँदो छ । नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपदी ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ र यसबाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रिय प्रशारण लाइन पुर्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुर्याउन र शहरी क्षेत्रको बढ्दो ऊर्जा भागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मुल प्रवाहमा लयाउन जरुरी छ । नविकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत सुधारिएको पानि घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो र वायोग्यास आदि रहेको छ ।

जल विद्युत उत्पादनको प्रचुर संभावना बोकेको अन्नपूर्ण गाउँपालिकाको विभिन्न वडामा गरी १०१ मे.वा. विद्युत उत्पादन भएको छ भने कालिगण्डकी नदीका विभिन्न स्थानमा गरी करिब ४९३ मे.वा. को जलविद्युत परियोजना निर्माणको क्रममा रहेको छ । गाउँपालिका भित्र विजुली बत्तीको रूपमा प्रयोग गर्ने घरपरिवार ९८ प्रतिशत रहेको छ । ९३.२८ प्रतिशत घरधुरीले खाना पकाउने ईन्धनको आधारमा दाउराको प्रयोग गर्ने गरेको छ । सुधारिएको चुलो प्रयोग गर्ने घरधुरीको संख्यामा वृद्धि हुँदै गएको छ ।

## २.४.४ सूचना, सञ्चार तथा प्रविधि

गाउँपालिकामा पत्रपत्रिका तथा रेडियो, एफएम लगायतका माध्यमले सञ्चार सुविधा पुर्याएका छन भने टेलिभिजन, केवल नेटवर्क र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ । गाउँपालिका क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि सेवा पहूँच भने ९० प्रतिशत मात्रै छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारू हुन सकेको छैन । गाउँपालिकाको वडा नं. २ को मुन्द्रा चढाउने डांडामा ठूलो ईकाईको मोवाईल टावर निर्माण गर्दा गाउँपालिकाका प्राय सवै वस्तीहरुमा संचार सेवा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । सवै वस्तीहरुमा केवल नेटवर्क पुगेको छ ।

यस गाउँपालिकाको सवै मा.वि.हरुमा टेलिटिचिङ् सञ्चालन गरिएको, नारच्याङ् मा.वि.मा प्राविधिक धार तर्फको ईलिक्ट्रिकल विषय सञ्चालन भएको, सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्तालाई अनलाईनवाट दर्ता प्रविष्ट कार्यको शुरुवात गरिएको, सुचना प्रविधिवाट गाउँपालिका का आर्थिक कारोवार लेखांकन चुस्त, दुरुस्त रुपमा सुत्र

प्रणाली मार्फत गरिएको, गाउँपालिकाको वेवसाईट्स अद्यावधिक गरिएको, मोवाइल फोन प्रमुख संचारको माध्यमका रुपमा मोबाईल प्रयोग गर्ने घरपरिवार अत्याधिक रहेको, गाउँकार्यपालिका कार्यालय, सबै वडा कार्यालय, ३ वटा स्वास्थ्य चौकी, ७ विद्यालयमा इन्टरनेटसुविधा उपलब्ध रहेको, गाउँपालिकाको आफ्नो वेबसाईट्स र सामाजिक संजालको व्यवस्था रहेको छ । गाउँपालिकाको प्रोफाइल तयार भएको अवस्थाले सूचना प्रविधिको उपयोग तथा तथ्यांक व्यवस्थापन सहयोग गरेको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

यस अन्नपूर्ण गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ । यस गाउँपालिकाको कूल भू-भाग मध्ये ५५५३८ हे. अर्थात ५१ प्रतिशत क्षेत्रफल वोट वन र वोट विरुवाले ओगटेको छ । यसमा ७२.४२ प्रतिशत २९ वटा सामुदायिक वनले ३९९६.०७ हे. र १३ वटा सरकारी संरक्षित वनले १५२२ हे. मा ढाकेको छ कुल क्षेत्रफल ६६६१५ हे. अर्थात ५५६.४१ वर्ग.किमी मध्ये यहाँ खेतीयोग्य जमिन ४६३९ हे. रहेको छ । सवै वडाहरुमा सरकारी तथा सार्वजनिक जग्गाहरु रहेको छ । सवडिभजन वन कार्यालय अन्नपूर्ण अन्तरगत रहेका २९ वटा सामुदायिक वन अन्तरगत वडा नं २ को तातोपानीमा ५ वटा, वडानं ३ को दानमा ५ वटा, वडा नं १ को दोवामा ३ वटा, वडा नं ७ को हिस्तानमा ५ वटा र वडा नं ८ को राम्चेमा ७ वटा रहेका छन् । गाउँपालिका क्षेत्रमा कृषि बनको रुपमा खेतबारी, सडक र खोलाको छेउछाउमा डाँलेघाँस, बाँस लगायतका विभिन्न जातका विरुवाहरु रहेका छन् । गाउँपालिका क्षेत्रमा रहेको वनजंगलवाट पालिकाभित्र बसोबास गर्ने र अन्य क्षेत्रका गरी करिव ६० प्रतिशत घरधुरीले विभिन्न सामुदायिक र रष्ट्रिय जंगलबाट प्रत्यक्ष वा अप्रत्यक्ष्य फाईदा लिएका छन् ।

यहां उपलब्ध हुने जटिवुटीजन्य वनस्पतिहरुमा वाङ्गेपानी, खोप्रा, पुनहिल मोहरोडांडा, मुद्रा चढाउने डांडा, नारच्याङ्, दाना जस्ता ठाउँहरुमा जटिवुटीजन्य वनस्पतिहरु जस्तो सतुवा, निरमसी, पांच औले, तिते, जटामासि, यार्सागुम्वा आदि रहेको छ । वन पैदावारमा उत्तिस, गुरांस, गोव्रेसल्ला, खोटेसल्ला, फलाट आदि पाईन्छ । धुपीसल्ला, देवधार, कयल, पैयाँ, खोटेसल्ला, सिसौ, साल लगायतका विरुवाहरुलाई संरक्षण गरिएको छ । विभिन्न वन प्रजातिका जनावरहरु रहेका जस्तो मयुर, कालिज, कस्तुरी, मृग, भालु, चितुवा, झारल, रतुवा, घोरल, दुम्सि, खरायो, स्याल,बाँदर रहेका छन् । वन ऐन २०७६ र नियामावली २०५१ वमोजिम उपभोक्ता समिति गठन गरि ५ वर्ष देखि १० वर्षको अवधिमा वन डिभजन कार्यालयले कार्ययोजना नविकरण गर्दछ ।

वन क्षेत्र र निजी जग्गाहरुमा टिमुर, दालचिनि, तिते, अलैची लगायतका निकासिजन्य विरुवाहरु रहेका छन । यस क्षेत्रमा ३२ प्रजातिका गुरांस मध्ये घोरेपानी क्षेत्रको जंगलमा रातो, सेतो गुलावी लगायत ८ प्रजातीका गुरांस पाईने भएकोले यो क्षेत्रलाई गुरांसको राष्ट्रिय वगैचा वनाउने सम्भावना छ । गाउँपालिका अर्न्तगतको गुरांसे जंगललाई राष्ट्रिय वगैचा वनाउने परिकल्पना गरिएको छ । सामुदायिक वन र निजी जग्गा अमिन/सर्वेक्षक ल्याई छुट्याईएको छ । पहिरो गएको क्षत्रमा वांस लगायतका विरुवा रोपिएको छ । सव डिभजन वन कार्यालयवाट वन उपभोक्ता समितिलाई सहयोग प्राप्त छ । हाल सम्म १५ वटा उद्योगहरु विद्यमान छन् ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस गाउँपालिकाको भुगोलका भिरालोपनालाई आकलन गर्दा ५० प्रतिशत भन्दा धेरै भु भाग ४५ डिग्रिभन्दा वढी भिरालोयुक्त र झण्डै ५ प्रतिशत भुभाग मात्र समथर रहेको छ । गाउँपालिकाको हिस्तान र भु तातोपानीमा सवैभन्दा धेरै सार्वजनिक जग्गा रहेको छ । खोलानाला तथा पोखरी, कृषि वन, वोटविरुवाको कारण जमीनको उर्वरशक्ति तुलनात्मक रुपमा उर्वर रहेको छ । यस अन्नपूर्ण गाउँपालिकामा खासगरी ४ वटा मुख्य खोलाहरु फगाम खोला, भेरीकटेरी औलाखोला, महभिर खोला र घार खोलाहरु विभिन्न वडाका वस्तिहरु हुदै बगेर गएका छन् । यस गाउँपालिका अन्तरगत पर्ने प्यारी वराही, नागी वराही, खयर वराही लगायतका कैयौ तालतलैयाहरु धार्मिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छन् । जहां धर्मात्मा श्रद्धालु पर्यटकहरुको घुईचो लाग्ने गर्दछ । प्रमुख तालहरुमा मह आउने छहराको ताल, गार खोला, झारवाङ् खोला, तातोपानी कुण्ड, रुप्से भरना, अन्धगल्छी, छहारे

झरना, म्रिस्ती खोला, घलेम्दी खोला, रेले खोला, निलगिरी क्याजकेट, खयर भवानी ताल, कालीभरान ताल, गोस भरानी ताल, रातोपानी ताल, माछापोखरी खिम्जा ताल, माछापोखरी विरौटा ताल, माछापोखरी ताल, प्यारी वराही ताल, नागी वराही ताल, काली दहको ताल, डोंठाको ताल, खाल्टीको ताल रहेका छन् । गाउँपालिकामा ४ मुख्य खोला र ५० भन्दा वढी साना खोलाहरु रहेका र ५ वटा सार्वजनिक पोखरी रहेका छन । यस गाउँपालिकाको वराह क्षेत्रमा १०८ वटा पानीका मुलहरु रहेका छन् ।

जलाधार व्यवस्थापन एवं संरक्षणका अभावमा सिंचाई व्यवस्थापन तथा बाढी पहिरो नियन्त्रणमा कठिनाइ छ । कालिगण्डकी नदी तथा स्थानीय खोला खोल्साले खेतियोग्य जमीन कटान गर्ने क्रम बढ्दो छ भने बेमैसमी वर्षाका  कारण यहाँका स्थानीयबासीले धन जनको क्षति व्यहोर्नु परेको अवस्था विद्यमान छ । गाउँपालिकाले जलाधार व्यवस्थापनलाई सबै भन्दा बढी प्राथमिकतामा राखी योजनाहरू तर्जुमा गरिरहेको छ भने पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा तटवन्ध लगायतका रोकथामहरु निर्माणाधिन अवस्थामा छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रूपमा वा हरियाली क्षेत्रको रहेको, ग्रामिण बजार केन्द्र रहेको र अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य मात्रामा रहेकाले वातावरणका हिसावले उत्तम देखिन्छ । पालिकाको वातावरणलाई स्वस्थ्य र स्वच्छ राख्न विभिन्न वडाहरुमा हरित क्षेत्र तथा पार्कहरू रहेका छन । त्यसैगरी पालिकामा रहेका विभिन्न पर्यटकीय खुल्ला स्थल लगायतका सार्वजनिक स्थल, पाटी पौवा तथा चौताराहरुले पनि गाउँपालिकाको वातावरण लाई स्वच्छ तथा हराभरा राखेको छ ।

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन । गाउँपालिकाका खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने घरधुरी ९३ प्रतिशत भन्दा बढि छ । निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने गरिएको छ । अन्नपूर्ण क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ ।

गाउँपालिकालाई खुला दिसापिसाबमुक्त पालिका घोषणा गरिसकिएको भएपनि सरसफाइको अवस्था हेर्दा यस गाउँपालिकामा एक घर एक चपीको कार्यान्वयन पूर्ण रूपमा भएको अवस्था भने देखिदैन । सडकहरूमा व्यवस्थित ढलको सुविधा रहेको छैन । गाउँपालिका क्षेत्रमा निस्कने फोहोरमैला व्यवस्थापनका लागि हालसम्म व्यवस्थित ल्याण्डफिल साइड निर्माण नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न हुन थालेको छ । गाउँपालिकाका दुइतिहाई घरपरिवारले निश्चित स्थान खाल्डोमा फोहोर फाल्ने गरेका छन ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

यस गाउँपालिकामा प्रकोपको अवस्था हेर्दा खासगरी आगलागी, हावाहुरी, चट्याङ, भूकम्प, सर्पको टोकाई, कुहिरो, खडेरी तथा असिना प्रमुख प्रकोपको रुपमा रहेका छन् । यी मध्ये चट्याङ, हावाहुरी, पहिरो र खडेरी, वार्षिक रुपमा दोहोरिईरहने प्रमुख प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च रहेको छ । कालिगण्डकीले वर्षेनी वरपरको जमिन कटान गरेको, सडक नोक्सान गरेको र तटवन्धको लागि वर्षेनी ठुलो वजेट लाग्ने गरेको छ । पहिरोले जोखिममा रहेका वस्तिहरुमा : धसेरो सिम, तल्ला गाउँ, मुलपानी वस्ति, किदु धस्केखोर, समेता, फलाटे घोप्टेखर्क, स्तिारा नजिक रहेको पहिरो, कुर्मरे, मौरीघाट, जलजले, फगाम, काभ्रे, कोप्चेपानी आदि रहेका छन् । नेपालका अन्य क्षेत्रमा जस्तै यस गाउँपालिकाक्षेत्रमा एकातिर पनि विपद्जन्य घटनाका आवृत्ति तथा सघनता बढ्दै गएको छ भने अर्कोतिर विपद् सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन ।

गाउँपालिका प्रमुखको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति गठन र संचालन उन्मुख रहेको छ । गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ । गाउँपालिकावाट समुदायमा आधारित विपद् जोखिम जोखिम

न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी र अन्य संघ/संस्था मार्फत तालिम लगायतस्थानीय समुदायको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना गरिएको छ । प्रत्येक वडामा सुरक्षित स्थानको रुपमा खुल्ला क्षेत्र र सामुदायिक भवनको पहिचान गरिएको छ ।

## २.६ सुशासन तथा संस्थागत विकास

### २.६.१ स्थानीय नीति, ऐन तथा तथा सुशासन

गाउँसभा र कार्यपालिकाबाट ४२ वटा विभिन्न ऐन, नियम तथा कार्यविधि र निर्देशिकातर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन् । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने गरिएको छ । योजना अनुगमन तथा मूल्यांकन समिति समावेशी रहेको छ । गाउँपालिकामा अन लाईनवाट पन्जिकरणको प्रतिवेदन प्रणाली स्थापना भएका वडाहरु ८ वटा छन् । गाउँपालिकाको ३ वटा विभिन्न विषयहरुमा सफ्टवेर सञ्चालनमा आएको छ । गाउँपालिकाको प्रोफाईल नविकरण भएको छ । गाउँपालिकाको आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरु ७ वटा छन् । वडा समितिको कार्यालयहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको लगत अनलाइनग गर्ने गरिएको छ । मासिक रुपमा आय ब्ययका विवरण सार्वजनिक गर्ने गरिएबाट गाउँपालिका सुशासन कायम गर्ने तर्फ क्रमशः अग्रसर भएको संकेत पाइन्छ । गाउँपालिकामा सूचना अधिकारी तोकिएको, भौगोलिक कठिनाइका वावजूद सवै वडामा इन्टरनेट पहूँचको सुरुवात भैसकेको, वेवसाइट, फेसवुक, उजुरी पेटिका तथा मोवाइल एपको संचालन मार्फत नागरिकको सुचनामाथिको हक को शुरुवात हुन लागेको छ ।

बार्षिक बजेट तथा योजना तर्जुमा टोलवस्तीबाट शुरु गर्ने योजना तर्जुमा प्रक्रियामा सेवाग्राही नागरिक र नागरिक समाजका प्रतिनिधिको समेत सहभागिताको व्यवस्था गरिएको छ । संचालित आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमनको कार्य हुने गरेको छ । सवै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमवाट निरुपण गर्ने गरिएको छ । गाउँपालिकामा सुचना प्रविधिको उपयोग गरी गाउँपालिकावाट भएका आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य थालनी गरिएको छ ।

### २.६.२ संस्थागत संरचना तथाा मानव संसाधन विकास

गाउँपालिकामा गाउँ सभा तथा गाउँकार्यपालिकाको व्यवस्था छ । गाउँपालिकाको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही विभिन्न विषयगत विकास समितिहरू र विधायन, शिक्षा तथा स्वास्थ्य, स्थानीय समन्वय, गाउँ स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन, सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएका छन । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

गाउँपालिकामा ३८ जना कर्मचारी कार्यरत रहेका छन् । गाउँ कार्यपालिकाले ५ वटा विषयगत समितिको व्यवस्था गरेको एवं ती विषयगत समितिको क्रियाशीलतामा बृद्धि भएको छ । आवश्यक क्षमता विकासका तालिमहरु संचालन हुनु, विद्युतीय उपकरणहरुको प्रयोगमा बृद्धिजस्ता संस्थागत क्षमता सुदृढीकरण हुँदै गईरहेको छ ।

### २.६.३ वित्तीयश्रोत परिचालन

गाउँपालिकाको आ.व. २०७६/७७ को यथार्थ आय रु. ३६,५७,०८३६७, गत आ.व. २०७७/७८ को यथार्थ आय रु. ३७,८४,४३५११ रहेको र चालु आ.व. २०७८/७९ का लागि रु.४१ करोड ३८ लाख ९५ हजार रकमको बजेट अनुमान गरिएको छ । गत आ.व. को आन्तरिक आय रु. ३३८६१६२ रहेको छ भने चालु आ.व. २०७८/७९ को अनुमानित आन्तरिक आय रु. ९०,४०,००० रहेको छ । गाउँपालिका मा आन्तरिक आयका श्रोतहरुको राम्रो संभावना रहेको छ । आ.व. २०७६/७७ मा नै रु. एक करोड तीसलाख भन्दा धेरै आन्तरिक आय भएको र

पछिल्ला वर्षहरुमा ढुंगा, गिटि, वालुवा लगायतको ठेक्का पट्टाको लागि कोभिड १९ को कारण प्रभावकारी नभएको जसले गर्दा गाउँपालिकाको आन्तरिक आय कम भएको देखिन्छ । गाउँपालिका क्षेत्रमा विविध क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी प्रयास भएको छ । श्रोत परिचालनका लागि विभिन्न श्रोतहरुको पहिचान गरी श्रोतको अनुमान गरिएको परिस्थितिमा श्रोत परिचालनका लागि विशेष रणनीति अख्तियार गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा सुचना प्रविधिको उपयोग गरी गाउँपालिकावाट भएका आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्ता, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणालीको थालनी गरिएको छ ।

## २.६.४ योजना व्यवस्थापन

गाउँपलिकाको पञ्चवर्षीय योजना (आवधिक योजना) बन्ने क्रममा रहेको छ । संचालित योजनाहरुको नियमित अनुगमन तथा मूल्यांकन हुने गरेको छ । गाउँपालिकामा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएको छ । गाउँपालिकाले तर्जुमा गरेको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक प्रगति विवरण प्रकाशन हुनु सकारात्मक रुपमा रहेको छ । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यविधि स्वीकृत भएको वार्षिक तथा आवधिक योजना तर्जुमा प्रकृयालाई व्यवस्थित गर्न ५ वटा विषय क्षेत्रगत योजना तर्जुमा समिति गठन भएको, वस्तीस्तरवाट प्राथमिकीकरण गरी वार्षिक योजना तर्जुमा गर्ने गरिएको, वडा तथा गा.पा। स्तरिय अनुगमन सुपरिवेक्षणका समिति गठन गरिएको, विकास योजना, कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि र स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि स्वीकृत गरी प्रयोगमा ल्याईएको, योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश भएको, संघ तथा प्रदेश स्तरवाट विविध योजनाहरु गाउँपालिकामा संचालन भएको र सो संचालन गर्न गाउँपालिकाले सहजीकरण गरिरहेको अवस्था विद्यमान छ ।

गाउँपालिकामा रु. ३ लाख रुपैया सम्मका योजना तथा कार्यक्रमहरु सम्वन्धीत वडामा नै सम्झौता गरी कार्य सम्पन्न पछि एकमुष्ट रकम भुक्तानीको लागि मात्र गाउँपालिका आउने सरल र सहज वातावरण निर्माण गरिएको देखिन्छ । यसैगरी विकास योजनाहरु विद्युतिय वोलपत्रको माध्यमवाट सञ्चालन गरिएको छ । गाउँपालिका क्षेत्र भित्र योजनाहरु सञ्चालन गर्दा प्रयोग गरिने हेवी ईक्युप्मेन्ट, डोजरहरु सञ्चालनको लागि गाउँपालिकामा सुचिकृत गर्ने गरिएको छ । यसैगरि संघीय सरकार र प्रदेश सरकारसंग लागत साझेदारी वा संयुक्त व्यवस्थापनमा वृहत पुर्वाधार निर्माण लगायतका कार्यहरु गर्दै आएको छ ।

## २.७ संस्थागत स्वमुल्याङ्नको अवस्था

स्थानीय तहको कार्यप्रकृया र उपलव्धिहरुको वारेमा लेखाजोखा गरी सवल र दुर्लव पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तहको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी वनाउने उद्धेश्यले संघीय मामिला तथा सामान्य पशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्न कार्यविधी, २०७७ तर्जुमा गरेको छ । यहि कार्यविधि अनुसार अन्नपूर्ण गाउँपालिकाको आ.व. २०७७/०७८ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्न गरिएको थियो । यस स्वमूल्याङ्न अनुसार गाउँपालिकाले प्राप्त ५५ प्रतिशत औसत अंकभार प्राप्त गरेको छ । संघीय मामिला तथा सामान्य मन्त्रालयको वेवसाईट्समा राखिएको निम्न अनुसारको स्वमूल्याङ्नको अवस्था झल्किने माकुरे जालो चित्रवाट गाउँपालिकाको विभिन्न विषयक्षेत्रको नतिजा अवस्था विश्लेषण गर्न सकिन्छ ।

माथिको माकुरे जालोको मा यस गाउँपालिकाको आ.व. २०७७/०७८ को स्थानीय तह स्वमुल्याङ्नको नतिजा देखाईएको छ । स्वमुल्याङ्नका विषयहरु मध्ये शासकीय प्रवन्धको स्कोर प्रतिशत ८०.५६ र कमश : संगठन तथा प्रशासनको ४६.८८ प्रतिशत, वार्षिक वजेट तथा योजना व्यवस्थापनको ४०.९१ प्रतिशत, वित्तिय एवं आर्थिक व्यवस्थापनको ६३.६४ प्रतिशत, सेवा प्रवाह को ६२.५ प्रतिशत, न्यायिक कार्यसम्पादनको ९२.८६ प्रतिशत, भौतिक पुर्वाधारको ३८.४६ प्रतिशत, सामाजिका समावेशिकरणको ४० प्रतिशत, वातावरण तथा विपद व्यवस्थापनको




४४.४४ प्रतिशत र सहकार्य तथा समन्वयको ५० स्कोर प्रतिशत रहेको छ । गा.पा ले प्राप्त नतिजाको विश्लेषण गर्दा संगठन तथा प्रशासन, वार्षिक वजेट तथा योजना व्यवस्थापन, भौतिक पुर्वाधार, सामाजिक समावेशिकरण र विपद व्यवस्थापनको स्कोर प्रतिशत अत्यान्त कमजोर देखिएवाट यि विषयक्षेत्रहरुलाई प्रभावकारी वनाउन र योजनावद्ध विकासको लागि आवधिक योजनाको आवष्यकता झनै देखिन्छ । आवधिक योजनाको प्राथमिकतामा परेका कार्यक्रम तथा आयोजनाहरुले यि विषयवस्तुहरुलाई प्राथमिकता दिनु पर्ने आवस्यकता देखिन्छ ।

यस अनुसार खासगरी सहकार्य र समन्वय, वातावरण संरक्षण र विपद व्यवस्थापन, सेवा प्रवाह, सामाजिक समावेशिकरण, वित्तिय एवं आर्थिक व्यवस्थापन, वार्षिक वजेट तथा योजना व्यवस्थापन र संगठन तथा व्यवस्थापन विषयक्षेत्रको अंकभार कमजोर देखिएको छ । यि क्षेत्रहरुको सुधारको लागि र राम्रा पक्षहरुको निरन्तरताको लागि आवधिक योजना तयारी गरि यसको कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद ३ः सोच तथा विकासको अवधारणा

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्धेश्यहरु, नेपालको दीर्घकालीन सोच र गण्डकी प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका देहाय वमोजिमका आ-आफ्ना दिर्घकालीन सोच, लक्ष्य र उद्धेश्य संग तादम्यता गर्दै अन्नपूर्ण गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरुको सहभागितामा अन्नपूर्ण गाउँपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

## ३.१ दिगो विकास लक्ष्य

सन् २०१५ को सेप्टेम्बर महिनामा संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० (बि.सं. २०७२ देखि २०८७) सम्म विश्व रूपान्तरणको लागि महत्वाकांक्षी १७ वटा लक्ष्य (Goal), १६९ वटा परिमाणात्मक लक्ष्य (Target) र २३४ वटा सूचक (Indicator) हरूको घोषणा गर्‍यो । नेपाल दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्ने एक अग्रणी राष्ट्र हो । नेपाल सरकारले सन् २०१५ को सुरुवातमै दिगो विकास लक्ष्यको प्रारम्भिक प्रतिवेदन बनाई संयुक्त राष्ट्र संघमा पेस गर्‍यो र “दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६-२०३०” नामक अर्को दस्तावेज तयार गरी चौधौं योजनादेखि क्रमशः दिगो विकास लक्ष्य कार्यान्वयन गर्दै आएको छ र १५ औं योजनामा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि १६ वटा लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचक निर्धारण गरेको छ । दिगो विकासका लक्ष्यहरूले सहश्राव्दी विकास लक्ष्यका उपलब्धिमा टेकेर त्यसबाट हाँसिल हुन नसकेका कुराहरूलाई पुरा गर्न खोजेका छन् । यिनले विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोडी सँगसँगै अगाडि लैजाने प्रतिबद्धता जनाएका छन् । यी लक्ष्यहरूले विश्वका सबै राष्ट्रहरूमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी सबै स्वरुप र किसिमका गरिबीको अन्त्य गर्ने, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, भयमुक्त कार्यस्थल र वासस्थानको निर्माण गर्ने, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ति, सबै महिला तथा बालबालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हाँसिल गर्ने उद्देश्य राखेका छन् । दिगो विकास लक्ष्यका महान् उद्देश्यहरू नेपाल सरकार र प्रदेश सरकारको एकल पहलमा प्राप्त गर्न सम्भव हुँदैन तसर्थ स्थानीय तहहरूले राष्ट्रिय लक्ष्य प्राप्त गर्न समपूरक र परिपूरकको भूमिका निर्वाह गर्नुपर्दछ । अन्नपूर्ण गाउँपालिकाले आफ्नो यस प्रथम पञ्चवर्षीय योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई मध्यनजर गर्दै सामाजिक-आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गरिएको छ ।

## ३.२ पन्ध्रौं योजनासंगको सम्बन्ध

पन्ध्रौं राष्ट्रिय योजनाका मुख्यतया तीनवटा देहाय अनुसारका उद्देश्यहरू

१) सर्वसुलभ, गुण स्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु,

२) गुणस्तरीय स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जबाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु,

३) सामाजिक आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने रहेका छन् ।

यी राष्ट्रिय उद्देश्यहरू समग्र देशको लागि तयार गरिएका हुनाले अन्नपूर्ण गाउँपालिकाको यस प्रथम पञ्चवर्षीय योजनाले उक्त उद्देश्यहरू प्राप्त गर्न सघाउने र गाउँपालिकाको आवश्यकतालाई पनि सम्वोधन गर्दै समृद्धिको मार्ग तय गर्ने गरी यस गाउँपालिकाको आंफ्ना दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## ३.३ नेपालको दीर्घकालीन सोच

नेपालको दीर्घकालीन सोच विक्रम सम्बत् २१०० "समृद्ध नेपाल, सुखी नेपाली" रहेको छ । यो दीर्घकालीन सोच मध्ये समृद्धिको लागि चार मुख्य सूचकः उच्च र समतामूलक राष्ट्रिय आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आबद्धता, र उच्च उत्पादन र उत्पादकत्व विकास गरिएका छन् । त्यसै गरी सुखी नेपालीको लागि छ वटा प्रमुख सूचकहरूः परिष्कृत तथा मर्यादित जीवन, सुखी, सभ्य र न्यायपूर्ण समाज, स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशाशन, सबल लोकतन्त्र, राष्ट्रिय एकता र सम्मान चयन गरिएका छन् । यी राष्ट्रिय सूचकहरू प्राप्तिलाई उच्च प्राथमिकता दिंदै अन्नपूर्ण गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## ३.४ गण्डकी प्रदेश आवधिक विकास योजना

प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच **"समृद्ध प्रदेश र सुखी नागरिक"** र लक्ष्य "उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश" बनाउनु रहेको छ । योजनाको लक्ष्य प्राप्ति गर्न समष्टिगत रुपमा तीनवटा उद्देश्य राखिएका छन् । पहिलो उद्देश्यले उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न जोड दिएको छ । दोस्रो उद्देश्यले पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव संसाधनका पूर्ण विकास तथा दिगो, समतामूलक र फराकिलो उच्च आर्थिक बृद्धि हाँसिल गरी प्रदेश समृद्धिको आधारशीला निर्माण गर्न जोड दिएको छ । त्यसैगरी, तेस्रो उद्देश्यले गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, वातावरण, सामाजिक समता र सुरक्षामा पहुँच र सुशासनको अनुभूति सबै नागरिकलाई गराउनमा जोड दिएको छ । अन्नपूर्ण गाउँपालिकाको यस आवधिक योजनामा गण्डकी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरुलाई प्राप्त गर्दे दिशामा तादम्यता गरि समपूरक र परिपूरकको भूमिकाको साथ मुख्य योजना तयारीको आधारको रुपमा लिएको छ ।

## ३.५ अन्नपूर्ण गाउँपालिकाको दीर्घकालिन सोच

अन्नपूर्ण गाउँपालिकाका विकास सरोकारवालाहरुको सहभागितामा आर्थिक, सामाजिक तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा उल्लेखनीय योगदान दिने भावना अनुरुप देहाय अनुसारको दीर्घकालीन सोच तयार गरिएको छ ।

**"समृद्ध अन्नपूर्ण निर्माणको मुल आधार : दिगो कृषि, पर्यटन, उर्जा र उत्थनशिल पूर्वाधार"**

गाउँपालिकाको उल्लेखित दीर्घकालीन सोचलाई साकार पार्न **कृषि, पर्यटन, उर्जा र पूर्वाधारको** विकासमा विशेष प्राथमिकता सहित देहाय अनुसारको विकासको निर्देशक सिद्धान्त तय गरिएको छ ।

**१. कृषि, पर्यटन, उर्जा, सहकारी र पूर्वाधार विकासमा उच्च प्राथमिकताः** व्यवसायिक कृषिको विकास, पर्यटन, जलविद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र एवं पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ ।

**२. स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

**३. व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भूउपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू-उपयोग योजना तर्जुमा र सो को पालनामा अभिबृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।

**४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः** भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तजुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिबृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

**५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

**६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण, संचालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धि गरिनेछ ।

**७. समावेशीकरण, सुशासन तथा सदाचार प्रबर्द्धन :** सुशासन, विकास र समृद्धि देश विकासको अवको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रुपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरुको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ ।

**८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

**९. जलविद्युत क्षेत्रको विकास :** यस गाउँपालिकामा कालिगण्डकी मुख्य नदि र अन्य ठूला र साना खोलाहरु अविछिन्न वग्ने गरेको हुनाले जलविद्युतको आकर्षण बढेको छ । निजी क्षेत्रलाई आवर्षण गर्ने र जलविद्युतवाट स्थानीयलाई रोजगारीको अवसर प्रदान गर्ने, जलविद्युत लगानीमा स्थानीयको सेयर सुनिश्चित गर्ने र गाउँपालिकाले पनि नियमानुसारको रोयल्टि अनुल गर्ने अवसर र संभावनाहरु छन् । निकट वर्षमा निर्माणाधिन जल विद्युत आयोजनाहरुवाट २५० मेघावाट जलविद्युत उत्पादन हुने उत्पादन हुने अनुमान गरिएको छ । तसर्थ गा.पा .मा रहेको जलविद्युत क्षेत्रको उपयोग गरिने छ ।

**१०. वन र वन पैदावारको यथोचित उपयोग :** यस गाउँपालिकामा प्रसस्त वनपैदावर र जटिवुटि रहेको हुनाले तिनीहरुको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिने छ ।

## ३.६ लक्ष्य तथा उद्धेश्य

अन्नपूर्ण गाउँपालिकाको समष्टिगत विकासका लागि **आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने** मुख्य लक्ष्य निर्धारण गरिएको छ ।

साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्य निर्धारण गरेको छ :

१. स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो बृद्धि गर्नु (दिगो विकास लक्ष्य १, २, ८, ९, १०, १२)
२. सुशिक्षित, स्वस्थ र आत्मनिर्भर जनशक्ति तयार गर्नु (दिगो विकास लक्ष्य ३, ४, ८, ९, १६)
३. सहज सडक सुविधा तथा सुरक्षित र व्यवस्थित बसोबास बनाउनु (दिगो विकास लक्ष्य ६, ७, ९, ११, १३)
४. जमीन, हरियाली र जलश्रोतको दिगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित गर्नु (दिगो विकास लक्ष्य ११, १३, १४, १५)
५. गाउँपालिकाको सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बढाउनु (दिगो विकास लक्ष्य १६, १७)

## ३.७ परिमाणत्मक लक्ष्य

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **लक्ष्य (प्रभाव तहको) :** आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त अन्नपूर्ण गाउँपालिका निर्माणको आधार तयार हुने | प्रति परिवार वार्षिक औषत आय | रु. हजारमा | १५० | १७५ | २०० | २५० | -गाउँ वस्तुस्थिति विवरण(प्रोफाइल)<br>-अध्ययन प्रतिवेदन<br>-मूल्याङ्कन प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | संघ प्रदेश तथा गाउँपालिका र मातहतका सबै कार्यालयहरुले सम्बन्धित क्षेत्रमा आवश्यक बजेट विनियोजना गरेको हुने । |
| | वार्षिक आम्दानीको दुई तिहाई भन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ८८ | ८० | ५० | ३० | | |
| | साक्षर जनसंख्या | प्रतिशत | ७५.५३ | ८० | ८५ | १०० | | |
| | बेरोजगार जनसंख्या | संख्या | ११०० | ८०० | ५०० | ३०० | | |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९३.६५ | ९४ | ९७ | १०० | | |
| | सर्वयाम सडक लम्बाई | क.मि. | ० | १५ | ८० | १४० | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ३२.१४ | ३३ | ५५ | ७५ | | |
| | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९८ | ९९ | १०० | १०० | | |
| | विपदबाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | १.५ | १.२ | .६ | ०.४ | | |

## ३.८ समष्टिगत प्राथमिकता तथा रणनीति

अन्नपूर्ण गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छ:

१. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने, (दिगो विकास लक्ष्य १, २, ८, ९, १०, १२)
२. सेवामूलक, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन व्यावसायको विकास तथा प्रवर्द्धन गर्ने (दिगो विकास लक्ष्य ६, ७, ९ र ११)

३. गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षा प्रवर्द्धन र सुनिश्चित गर्ने ( दिगो विकास लक्ष्य ३, ४, ५ र १६)
४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने ( दिगो विकास लक्ष्य ६, ७, ९ , ११ र १३)
५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने ( दिगो विकास लक्ष्य १३ र १५)
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने ( दिगो विकास लक्ष्य १६ र १७ )

## ३.९ लगानी, स्रोत अनुमान र वांडफांड

**तालिका नं. २ : लगानी प्रक्षेपण**

रकम रु. (हजारमा)

| क.सं. | आ.व. | अपेक्षित आर्थिक बृद्धिदर | अपेक्षित गार्हस्थ उत्पादन | प्रक्षेपित लगानी |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४.८ | – | ४६३९२७ |
| २ | २०८०/८१ | ५.५ | – | ६५३४८६ |
| ३ | २०८१/८२ | ६ | – | ७२०८९० |
| ४ | २०८२/८३ | ६.५ | – | ७९४३८३ |
| ५ | २०८३/८४ | ७ | – | ८१४४९३.४ |
| योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी | | | | ३४४७१७९ |

**तालिका नं. ३ : आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरु**

| क.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रकम रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | ३०५०९९४ | ८८.५१ |
| २ | सहकारी क्षेत्र | ८२५४२ | २.३९ |
| ३ | निजी क्षेत्र | १२८८८९ | ३.७४ |
| ४ | गैसासा | ८९७४३ | २.६० |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | २०७०० | ०.६० |
| ६ | अन्तर स्थानीय तह साझेदारी | ७४३१२ | २.१६ |
| | कुल | ३४४७१७९ | १००.०० |

**तालिका नं. ४ : गाउँपालिकाको आय अनुमान**

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ को यथार्थ | २०७८/७९ अनुमानित | २०७९/८० प्रक्षेपण | २०८०/८१ प्रक्षेपण | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | २०८३/८४ प्रक्षेपण |
| गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम ( हजारमा) | ३३८६ | ९०४० | ९४९२ | ९९६६.६ | १०४६४.९ | १०४६४.९ | १०९८८.२ |
| संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम | ५६८२४ | ७०२४५ | ७३७५७.३ | ७७४४५.१ | ८१३१७.४ | ८१३१७.४ | ८५३८३.२ |
| प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५४०१ | ५८३८ | ६१२९.९ | ६४३६.४ | ६७५८.२ | ६७५८.२ | ७०९६.१ |
| वित्तिय समानीकरण (संघ) | ७४३०० | ७८७०० | ८२६३५ | ८६७६६.८ | ९११०५.१ | ९११०५.१ | ९५६६०.३ |

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ को यथार्थ | २०७८/७९ अनुमानित | २०७९/८० प्रक्षेपण | २०८०/८१ प्रक्षेपण | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | २०८३/८४ प्रक्षेपण |
| वित्तिय समानीकरण (प्रदेश) | १२१४१ | ८२७२ | २०००० | २५००० | ३०००० | ४०००० | ५०००० |
| शसर्त अनुदान (संघ) | २२३८९० | २३६८०० | २६०४८० | २८६५२८ | ३१५१८१ | ३१५१८१ | ३४६६९९ |
| विशेष अनुदान (संघ) | | | ३०००० | ४०००० | ५०००० | ६०००० | ७०००० |
| समपुरक अनुदान (संघ) | २५०० | ५००० | ३०००० | ४०००० | ५०००० | ६०००० | ७०००० |
| शसर्त अनुदान (प्रदेश) | | | ० | ० | ० | ० | ० |
| विशेष अनुदान (प्रदेश) | | | ० | ० | ० | ० | ० |
| समपुरक अनुदान (प्रदेश) | | | ० | ० | ० | ० | ० |
| गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा) | | | ३०००० | ४०००० | ४५००० | ५०००० | ५५००० |
| समुदायको लगानी तथा योगदान रकम (हजारमा) | | | १०००० | १५००० | २०००० | ३०००० | ४०००० |
| सार्वजनिक निजी साझेदारी | | | १०००० | १२५०० | २०००० | ३०००० | ४०००० |
| **जम्मा** | **३७८४४२** | **४१३८९५** | **५६२४९४** | **६३९६४३** | **७१९८२६** | **७७४८२६** | **८७०८२७** |
| **५ वर्षेको कुल आय परिचालन** | | | **३,१२,०१,१७** | | | | |

## ३.१० गाउँपालिका गौरबका आयोजना

**तालिका नं. ५ : गाउँपालिकाको प्राथमिकतामा परेका गाउापालिका स्तरका योजनाहरूको सुचि**

| क.सं | योजना विवरण | इकाई | लक्ष्य | लागत (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | तरकारी तथा विउविजन संरक्षणको लागि घारामा कोल्ड स्टोरेज स्थापना | संख्या | १ | ११००० |
| २ | अन्नपूर्ण पर्यटकीय मार्ग निर्माण ( चार्नेङ् गाउँ वडा नं ४ वाट अन्नपूर्ण नर्द वेस क्याम्प ) | कि.मि | २० | ६९०० |
| ३ | घोरेपानी चिडिया घर तथा राष्ट्रिय लालिगुराँस पार्क निर्माण योजना ( वडा नं ६, ७ र ८ ) | संख्या | १ | २९५०० |
| ४ | नार्चेङ् वाट कास्कीको घान्दुक जोड्ने पर्यटकीय मार्ग | कि.मि | २५ | ८५०० |
| ५ | दानावाट धौलागिरी आईसफल जाने पर्यटकीय मार्ग निर्माण | | २० | ८५०० |
| ६ | कालिगण्डकी तटमा रहेका वस्ति तथा वजार संरक्षण योजना (तटवन्धन तथा वायोईन्जिनियरिङ) | रोपनी | ५० | ३००००० |
| ७ | पाउद्धारवाट भुरुङ् तातोपानी वन्दिजम्प आयोजना ( निजी क्षेत्रको लागतमा ) | संख्या | १ | ४०००० |
| ८ | घोरेपानी एकिकृत विकास योजना (ढल, फोहरमैमा व्यवस्थापन तथा खानेपानी योजना निर्माण) | संख्या | ३ | ८०००० |
| ९ | दाना ३ फगामको पहिरो नियन्त्रण तथा वस्ति संरक्षण योजना | रोपनी | ५० | ३५००० |
| १० | चित्रे घोरेपानी उल्लेरी तिखेढुंगा, हिले हुदै विरेठांटी नयांपुल सम्मको डिपिआर सहित सडक निर्माण योजना | कि.मि | १० | ६३१००० |
| ११ | वैसरी गुरगुरे औला सडकको स्तरउन्नोती | कि.मि | ५ | ११२०० |
| १२ | कालिगण्डकी मा वडा नं ७ र वडा नं ८ जोड्ने पक्किपुल निर्माण योजना (१ वटा) | कि.मि | १ | ३०००० |
| १३ | गाउँ कार्यपालिकाको प्रशासकिय भवनको निर्माण (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहयोगमा) | संख्या | १ | १४०००० |
| | **जम्मा** | | | **१,३३,१६,००** |

नोट : गा.पा.को लागि थप स्रोतको वन्दोवस्त भएमा उल्लेखित सुचिमा रहेका योजनाहरु समेत कार्यान्वयन गर्न सकिने छ।

# परिच्छेद ४ः आर्थिक क्षेत्र

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ । यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, संघ, प्रदेश तथा स्थानीय नीति, कानून, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन, कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जलविद्युत, वन पैदावार, सहकारी एवं कृषि पर्यटन रहेका छन् ।

यस गाउँपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोऱ्याउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र सो को प्राप्तिका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरु सहितको आर्थिक विकास योजना निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ कृषि तथा पशुपंछी

### ४.१.१ पृष्ठभूमि

कृषि तथा पशुपन्छी क्षेत्रले यस पालिकामा कुल गार्हस्थ उत्पादनको सर्वाधिक करिब ४२ प्रतिशतको योगदान गरेको पाइन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको  गाउँपालिकामा करिव एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुर्‍याउने सोच अनुरूप नै यस पालिकालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिकालाई मनन गरी गाउँपालिकामा पशुपन्छी पालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

यस गाउँपालिकामा पर्यटकहरुको आगमन तुलनात्मक रुपमा हेर्दा जिल्लाका अन्य गाउँपालिका र नगरपालिकाहरु भन्दा धेरै छ । यस क्षेत्रमा आउने पर्यटकहरुवाट विभिन्न जैविक खानेकुराहरुको माग बढिरहेको हुनाले कृषकहरुको उत्पादनको खपत हुने प्रचुर संभावना देखिन्छ ।

### ४.१.२ प्रमुख समस्या तथा चुनौति

यस गाउँपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरुमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखाद एवं औषधीहरुको अभाव तथा विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यवसायिक खेती तथा बजारीकरणका लागि सिप तथा पूंजीको अभाव, स्थानीय स्तर विमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणवाट वाली उत्पादनमा भैरहेको क्षतीप्रमुख समस्याको रुपमा रहेको पाईन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु जस्ता समस्या,व्यवसायिक सोचको कमी विद्यमान रहनु,कृषि संकलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर(विशेष आलुका लागि)को सुविधा नहुनुवाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरुमा

व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यवसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी,कर्जामा कम पहुँच, वजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाईन्छ ।  स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारक झार, रोग तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा बृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या,संकलन साथै उत्पादनका लागि औजार उपकरणको कमी,बन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।

कोभिड १९ को कारण ले पर्यटन व्यवसाय घट्दा यसले पशुव्यवसायी र दुधमा आधारीत स्थानीय उद्योगहरुलाई समेत नराम्रो असर परेको छ । उदाहरणको रुपमा वडा नं ६ मा अवस्थित हिमालयन चिज उत्पादन उद्योग वन्द हुंदा दुध उत्पादक किसानहरुलाई समष्या भएको छ । अन्य समष्याहरुमा समुदायमा दुधको अभाव हुने गरेको, भैसि र गाई पाल्ने क्रम घट्दो क्रममा रहेको छ । स्थानीय स्तर विमा गर्ने निकायको अभावले क्षती, विक्री वितरण गर्न यातायात तथा ढूवानीको समस्या तथा श्रम एवं लागत बढी पर्ने, उन्नत जातको गाईभैसी, बाखापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यवसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरु जस्तै दुग्ध चिस्यान केन्द्र, पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरु संचालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रुपमा रहेको छ ।

## ४.१.३ प्रमुख संभावना तथा अवसर

वडा नं ६ को माथिल्लो वेल्टमा अदुवा र अलैचिको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने प्रचुर संभावना रहेका छ । नारच्याङ, लेकगाउं,, दोवा, भुरुङ, दाना, शिख, धार, हिस्ताका, नागी, राम्चे, आलु, रैथाने जातका खाद्यान्न वालीहरु जस्तो जौ, फापर, जुनेलो, लट्टे, कागुनो, सिमि, भट्ट, कोदो, सुन्तला, किवि र केरा खेती उत्पादनलाई व्यवसायिक रुपले उत्पादन गर्न सकिने संभावना छ । रैथाने बाली तथा फलफुल खेतीको लागि उपयुक्त हावापानी रहेको छ ।  मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचुर सम्भावना रहेको छ । उच्च मुल्य जाने रायोको साग तथा तरकारीको विउ लगायत बालीको पकेट क्षेत्रको बिस्तार र प्रर्वद्धन गर्न सकेको खण्डमा कृषिको व्यवसायिकता एवं दीगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचुर संभावना रहेको छ । यसका अतिरिक्त मुख्य वनजन्य उत्पादनहरुको व्यवस्थित संकलन तथा बजारीकरण गर्न सके यहाँको आर्थिक अवस्थामा समेत प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

गाउँपालिका मा चौरी भेडा वाखापालनको प्रशस्त सम्भावना छ । खासगरी  खोप्रा, मोहरे डांडा, लोसो, धर्मढुंगा मा चरनको लागि सुविधा भएको हुनाले यसलाई व्यवसायिक रुपमा गर्न सकेमा पशुपालकहरुलाई मनग्य आम्दानी हुने देखिन्छ । पशुपालनको तथ्याङ्कलाई हेर्दा खसि, वोका, कुखराको स्थानीय वजारमा खपत भई निर्यात समेत हुने गरेको छ । गाई तथा वंगुर पालन गरेमा मासु तथा दुधजन्य पदार्थहरु तातापानीघोरेपानीमा रहेका पर्यटकिय होटलहरु र मुस्ताङ्को वजार मागलाई समेत पुरा गर्न सकिने राम्रो अवसर रहेको छ ।

## ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिकामा कृषिको आधुनिकीकरण एवं व्यवसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पधी र आत्मनिर्भर बनाउने ।

## उद्देश्य

- स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो बृद्धि गर्ने
- कृषि तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण र उत्पादन बृद्धि भएको गर्ने
- व्यवसायिक पशुपालन एवं पशुपंक्षीजन्य उत्पादनमा वृद्धि भएको हुनेछ

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **कृषि विकास** | |
| १. कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने | १.१ स्थानीय वीउ-विजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेती व्यापकता दिई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ ।<br>१.२ रासायनिक मलको व्यापक प्रयोगवाट माटोको उर्वराशक्तिमा आएको ह्रासलाई न्यूनीकरण तथा उर्वराशक्ति वृद्धि गर्न घर-घरवाट निस्कने फोहोरमैला, गोठेमल, जन पशुमूत्रलाई एकत्रित गरी जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।साथै गड्यौंला मल उत्पादनमा जोड दिईनेछ ।<br>१.३ जमिन वाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेती, साझेदारी एवं सहकारी तथा करार खेती प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।<br>१.४ कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>१.५ कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिवाट वढी भन्दा वढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलव्ध गराइनेछ ।<br>१.६ जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ । |
| २. कृषक एवं कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने | २.१ कृषक तथा कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ ।<br>२.२ कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई पुरस्कृत एवं सम्मानित गरिनेछ ।<br>२.३ वेरोजगार युवाहरुमा सीप बिकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ ।<br>२.४ कृषि जनशक्ति बिकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न CTEVT वाट मान्यता प्राप्त कृषि प्राविधिक विद्यालय संचालन गर्न निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>२.५ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण गरी सोवाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिबृद्धि गराइनेछ । |
| ३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन गर्ने | ३.१ व्यवसायिक संभावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ ।<br>३.२ कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.३ कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवर्द्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसंग अन्तरसम्बनध (Forward and Backward Linkage) बिकास गरिनेछ ।<br>३.४ मूल्य श्रृङ्खला (Value Chain) र वृहत उत्पादन (Mass Production) तथा व्यवस्थित वितरण पद्धतिको अवधारणालाई अवलम्बन गर्न नीतिगत एवं कानूनी व्यवस्था मिलाइनेछ ।<br>३.५ गाउँपालिकाको मुख्य मुख्य स्थानहरुलाई वजार क्षेत्रको रुपमा बिकास गर्दै त्यस्ता क्षेत्रहरुमा हाट वजारको व्यवस्था गरी राष्ट्रिय एवं प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था सिर्जना गरिनेछ।<br>३.६ कृषकहरुलाई कृषि उत्पादन व्यवस्थापन, वाह्य वजार अवस्था एवं कृषि उपजहरुको वजार क्षेत्रका वारेमा विद्युतीय उपकरण एवं सूचना प्रविधिवाट नियमित जानकारी गराउन प्रभावकारी संयन्त्र गाउँपालिकामा व्यवस्था गरिनेछ । |
| ४. कृषि पूर्वाधारको विकास र विस्तार गर्ने | ४.१ कृषि उपजहरुको ढुवानी सहजताका लागि आवश्यकताका आधारमा वातावरणमैत्री कृषि सडकहरु निर्माण गरिनेछ ।<br>४.२ कृषि वजार बिकास प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र, गोदामघर र गाउँपालिकाको मुख्य वजार क्षेत्रमा हाटवजार केन्द्र, विक्री कक्ष र शीतभण्डारको व्यवस्था गरिनेछ ।<br>४.३ उपयुक्त स्थानमा कृषि उत्पादनको विविधीकरण जस्ता कार्यका लागि प्रशोधन केन्द्र सहितको सुविधा उपलव्ध हुने औधोगिक पूर्वाधार विकास गरिनेछ । |
| ५. कृषिको व्यवसायिक खेतीमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा बृद्धि गर्ने | ५.१ महिला, दलित, अति विपन्नहरुलाई व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै उनीहरुमा उद्यमशीलता बिकास गरिने छ र निःशुल्क कृषि वीमा, वीउविजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।<br>५.२ महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतीलाई यान्त्रीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु सामुहिक जमानीमा निशुल्क उपलव्ध गराइनेछ । |
| ६. स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने | ६.१ कृषि बिकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानून र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।<br>६.२ व्यवसायिक कृषि बिकासका लागि दीर्घकालीन गुरुयोजना बनाइनेछ ।<br>६.३ कृषि ज्ञानकेन्द्र, कृषि सहकारी लगायतका वित्तीय संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाउन सहजकिरण गरिनेछ । |
| **पशुपंछी विकास** | |
| १. पशुपंक्षीपालन व्यवसायीकरण र उपजको विविधिकरण तथा गुणस्तरमा बृद्धि गर्ने | १.१ तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिबृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।<br>१.२ नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ ।<br>१.३ पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ ।<br>१.४ पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।<br>१.५ वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न निजी क्षेत्रसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको व्यवस्था गरी प्रोत्साहित गरिनेछ । |
| २. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन तथा | २.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी बृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| पूर्वाधार विकास गर्ने | २.२ कृषकहरुलाई विभिन्न किसिमका सीप बिकास तालिमहरु संचालन गरी क्षमतामा अभिबृद्धि ल्याइनेछ ।<br>२.३ वस्तुहरुको विविधीकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु आयात गर्नुपर्ने भएमा अनुदान व्यवस्था गरिनेछ ।<br>२.४ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधारहरु एक उपयुक्त स्थानमा निर्माण गरिनेछ ।<br>२.५ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्ववदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिबृद्धि गरिनेछ।<br>२.६ सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजारवारे जानकारी नियमित रुपमा गराउने संयन्त्र बिकास गरिनेछ । |
| ३. पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धता बृद्धि गर्ने | ३.१ आवश्यक पूँजीको अभावमा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला, दलित, तथा अति विपन्न वर्गलाई आवश्यकताका आधारमा वीउ पूँजी अनुदान उपलव्ध गराउदै पशुपंक्षी पालनलाई आय आर्जनको एक मुख्य श्रोतको रुपमा स्थापित गर्न सहयोग गरिनेछ ।<br>३.२ न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइनेछ ।<br>३.३ सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक पालन गर्न प्रोत्साहित गरिनेछ ।<br>३.४ महिला, दलित, तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा निजीक्षेत्रसंग समन्वय गरी उनीहरुद्वारा उत्पादित वस्तुहरुको विक्री वितरणमा सहजता ल्याइनेछ । |
| ४. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने | ४.१ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।<br>४.२ पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।<br>४.३ मानववाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न नियमन गरिनेछ ।<br>४.४ खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ ।<br>४.५ वजारका निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ । |
| ५. पशुपंक्षी सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने | ५.१ पशुपंक्षी व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिने छ<br>५.२ पालना, प्रक्रिया, नतिजाको नियमित रुपमा अनुगमन, नियमन र नतिजा मापनका लागि संयन्त्र तथा ढाँचाको बिकास गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **१. कृषि विकास** | | | | | | | | | | | | | | | | |
| वडामा जौ, फापर, जुनेलो, लट्टे, गहुँ , मकै, केन्द्रित खाद्यबाली पकेट क्षेत्र विकास, कृषकहरुलाई विज वितरण (३ वडाहरु अध्ययनको आधारमा) | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ४०० | ५०० | ६०० | ७०० | ८०० | **३०००** | सबै वडाहरुमा (वडा नं ६ मा जौ, फापर, जुनेलो, लट्टे, कागुनो पिकेट क्षेत्र विस्तार) | |
| जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन | रोपनी | ० | ५० | ५० | ५० | ५० | १०० | **३००** | ३०० | ४०० | ४५० | ५०० | ५५० | **२२००** | सबै वडामा नमूना कार्यक्रम संचालन गर्ने (तरकारी वालीतर्फ) | |
| गाउँपालिकाको कृषि क्षेत्रको दीर्घकालिन योजना तयार र अद्यावधिक | पटक | ० | १ | ० | ० | ० | १ | **२** | ४०० | | | २५० | | **६५०** | | |
| सबै वडाहरुमा माटोको परिक्षण | पटक | ८ | १ | १ | ० | ० | ० | **२** | २५० | ३०० | | | | **५५०** | | |
| वांदर र अन्य जंगली जनावरको व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | १ | **५** | २५० | २५० | ३०० | ३५० | ४०० | **१५५०** | | |
| सिमि र वदामको पकेट क्षेत्र कार्यक्रम, वडा नं २ | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ४०० | ३०० | ३०० | ३०० | ३५० | **१६५०** | वडा नं २ | |
| लसुन, प्याज र गोलभेडा विकास , वडा नं २, ३ र ४ | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ४५० | ५०० | ५५० | ६०० | ७५० | **२८५०** | वडा नं २, ३ र ४ | |
| तरकारी र दलहन विकास , वडा नं ७ | पटक | ० | १ | १ | १ | १ | १ | **१** | ३०० | ३०० | ३०० | ३५० | ३५० | **१६००** | वडा नं ७ | |
| आलु पकेट क्षेत्र विकास , वडा नं ८ | पटक | ० | १ | १ | १ | १ | १ | **१** | ३०० | ३०० | ३०० | ३५० | ३५० | **१६००** | वडा नं ८ | |
| किवि, भुईस्याउ र हरियो तरकारी, वडा नं ८ | पटक | ० | १ | १ | १ | १ | १ | **१** | ३०० | ३०० | ३०० | ३५० | ३५० | **१६००** | | |
| कागति र मौसमको पकेट क्षेत्र, वडा नं २, ३ र ४ | पटक | ० | १ | १ | १ | १ | १ | **३** | ३०० | १५० | १५० | २०० | २०० | **१०००** | | |
| हिउँदे र वर्षे फलफूलकको विरुवा वितरण | पटक | १ | २ | २ | २ | २ | २ | **१०** | २०० | २५० | ३०० | ३५० | ४०० | **१५००** | एभोगाडो, किवि, सुन्तला, कागती | |
| कृषकहरुलाई प्लास्टिक टनेल वितरण | पटक | १ | १ | १ | १ | १ | १ | **८** | २५० | ३०० | ३५० | ३५० | ३५० | **१६००** | | |
| मौसमी र वेमौसमी तरकारीको मिनिकिट वितरण | पटक | १ | २ | २ | २ | २ | २ | **१०** | २५० | ३०० | ३५० | ३५० | ३५० | **१६००** | | |
| च्याउखेति विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | २५० | ३०० | ३५० | ३५० | ३५० | **१६००** | | |
| कृषकहरुलाई कृषि यान्त्रिकरण सामाग्रि वितरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ६०० | ६०० | ६०० | **२८००** | | |
| मसलाबाली विकास कार्यक्रम, विउ वितरण सहयोग, कषक तालिम | रोपनी | ० | १०० | १०० | १०० | १०० | १०० | **५००** | ४०० | ४०० | ५०० | ५०० | ६०० | **२४००** | पकेट क्षेत्रमा आधारित अलैची, अदुवा, लसुन | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | | | | | | | | | | | | | | | प्याज , वडा नं ६ मा विषेश अदुवा र अलैचि पकेट क्षेत्र विस्तार | |
| आलु तथा मार्फा साग विकास तथा विस्तार कार्यक्रम, विज वितरण, कषक तालिम | रोपनी | १०० | १०० | १०० | १०० | १०० | १०० | **५००** | ३०० | ३०० | ३५० | ४०० | ४५० | **१८००** | प्रत्येक वडामा विस्तार गर्ने । उपल्लो वेल्टको वडाहरुमा विषेश प्राथमिकता | |
| आधुनिक घारमा मौरी पालन कार्यक्रम | घार | ३० | २०० | २०० | २०० | २०० | २०० | **१०००** | २०० | २५० | २५० | ३०० | ३५० | **१३५०** | प्रमुख पकेट क्षेत्रमा | |
| बहुउद्देश्यीय कृषि, फलफुल तथा जडीवुटी नर्सरी स्थापना र संचालन | संख्या | १ | १ | १ | १ | १ | १ | **१** | ६०० | ५०० | ३०० | ३०० | ३०० | **२०००** | पत्येक वडामा मध्यम प्रविधी युक्त एउटा हुने गरी स्थानीय आवश्यकता अनुसार तरकारी बीउ र फलफूलको बेर्ना उत्पादन गर्ने, | |
| गापा स्तरिय खाद्यान्न, अलैची,अदुवा तथा वीउ भण्डारण गृह (१००० मेट) | संख्या | ० | १ | १ | १ | ० | ० | **१** | २६०० | १००० | १००० | ० | ० | **४६००** | | |
| तरकारी तथा खाद्यान्न संकलन केन्द्र स्थापना (४ वडामा) | वडा | ० | ० | १ | १ | १ | १ | **४** | | ६००० | ६५० | ७०० | ७५० | **८१००** | | |
| गापा स्तरिय शितगृह भण्डार गृह ( २०० मे.टन) गापास्तर | संख्या | ० | १ | १ | १ | १ | ० | **१** | १००० | १००० | १००० | १००० | | **४०००** | | |
| आलुका लागि रष्टिक स्टोर (५ मे.टन क्षमताका) विउ संचितीका लागि | संख्या | ० | ० | १ | १ | १ | | **१** | ० | २००० | २००० | १००० | | **५०००** | | |
| कृषि वजारीकरण प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | १ | **५** | २०० | ५०० | ५०० | ५०० | ५०० | **२२००** | सहकारी वजारीकरण, वजार सम्बन्ध विकास, कृषि मेला | |
| कृषि बाली विमा कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | मागको आधारमा | |
| कृषि दक्ष जनशक्ति विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १५० | १५० | २०० | २५० | २५० | **१०००** | कृषि प्राविधिक तथा अगुवा कृषक | |
| कृषि व्यवसायिहरुको लागि अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | १ | **१** | १५० | १७० | २०० | २०० | २०० | **९२०** | | |
| कृषक सम्मान | पटक | ० | १ | १ | १ | १ | १ | **१** | १०० | १०० | १०० | १०० | १०० | **५००** | | |
| प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तरगतकका विभिन्न कार्यक्महरु | पटक | १ | १ | १ | १ | १ | १ | **१** | ३२०० | ३५०० | ४००० | ४५०० | ५००० | **२०२००** | | |
| **कृषि विकासको जम्मा** | पटक | | | | | | | | | | | | | ८३९२० | | २.४३ |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **२. पशु विकास** | | | | | | | | | | | | | | | | |
| नश्ल सुधार, पशु ल्याव तथा पशु उपचार केन्द्र स्थापना, पशु पंक्षिलाई भ्याक्सिन | संख्या | २ | २ | २ | २ | २ | २ | **१०** | ६०० | ७०० | १००० | १३०० | १५०० | **५१००** | प्रत्येक वडामा १/१ वटा उपचार केन्द्र र गाउँपालिकास्तरमा ल्याव १ | |
| उन्नत घाँसखेती विस्तार कार्यक्रम | रोपनी | २ | ३० | ३० | ३० | ३० | ३० | **१५०** | २०० | २५० | ३०० | ३५० | ४०० | **१५००** | सार्वजनिक र निजी जग्गामा कृषि सहकारी मार्फत प्रवर्द्धन गर्ने, भेडाको लागि खर्क सुधार कार्यक्रम | |
| चिजको पकेट क्षेत्र विकास , वडा नं ५ र ६ र व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | १ | **१** | ५०० | ५०० | ० | ० | ० | **१०००** | | |
| उपल्लो वेल्टमा चौरी र भेडा प्रवर्धन र खर्क सुधार र व्यवस्थापनकार्यक्रम, वडा नं ५ र ६ | संख्या | १ | १ | २ | २ | २ | २ | **२** | ३०० | ५०० | ५०० | ५०० | ५५० | **२३५०** | | |
| बाख्रा, बंगुर/सुँगुर, कखुरा, गाईभैसी नमुना फर्म विकास र व्यवस्थापन कार्यक्रम, | संख्या | ४ | ६ | ८ | ८ | १० | १२ | **४४** | ५०० | ६०० | ७०० | ७०० | ७५० | **३२५०** | पकेट क्षेत्रमा कृषक समुह /सहकारी मार्फत संचालन गर्ने | |
| दुग्ध चिस्यान केन्द्र स्थापना ( सबै वडामा संकलन केन्द्र समेत) | संख्या | ० | ० | १ | १ | ० | ० | **१** | | २५०० | २५०० | | | **५०००** | गापा स्तरमा | |
| पशु वधस्थल तथा मासु वजार विकास कार्यक्रम | संख्या | १ | ० | १ | १ | ० | ० | **२** | ० | ५०० | १००० | | | **१५००** | २ वटा मुख्य बजार केन्द्रित रहने गरी | |
| भकारो सुधार कार्यक्रम | पटक | १ | | १ | १ | १ | १ | **१** | २५० | ३०० | ३०० | ३०० | ३०० | **१४५०** | | |
| माछाको लागि पोखरी मर्मत र भुरा खरिद तथा व्यवसायिक माछापालन | पोखरी संख्या | २ | २ | २ | २ | २ | २ | **२** | ३०० | ६०० | २०० | १०० | १०० | **१३००** | संभावित क्षेत्र पहिचान गरी | |
| दक्ष जनशक्ति विकास कार्यक्रम, कर्मचारी र जन प्रतिनिधि सहित | जना | २ | ४ | ४ | ५ | ६ | ७ | **२६** | २०० | २५० | २५० | ३०० | ३५० | **१३५०** | सवै वडाकेन्द्रमा रहने गरी(पशु प्राविधिक तथा अगुवा कृषक), | |
| औषधी तथा भ्याक्सिन खरिद | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ३५० | ३५० | ४०० | ४०० | ४५० | **१९५०** | | |
| पशुपंक्षि सम्वन्धी स्थलगत तालिम | पटक | २ | ३ | ३ | ३ | ३ | ३ | **१५** | २०० | २५० | २५० | ३०० | ३०० | **१३००** | | |
| पशु विमा कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | गापास्तरमा हरेक वर्षको लागि | |
| पशु सेवा शाखाको भौतिक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ३०० | ३५० | ३५० | ४०० | ४०० | **१८००** | | |
| पशुव्यवसायिहरुको लागि अवलोकन भ्रमण | पटक | ० | १ | १ | १ | १ | २ | **६** | १०० | १२५ | १५० | १७५ | २०० | **७५०** | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| पशुसेवा सालवसाली कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५५० | ५५० | ६०० | २७०० | गापास्तरमा | |
| **पशु विकासको जम्मा** | | | | | | | | | | | | | | ३४८०० | | १.०१ |

## ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **असर १ :** स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो बृद्धि हुने ( दिगो विकास लक्ष्य १, २, ८, ९, १०, १२ ) | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | जना | ४६०० | ५००० | ५५०० | ६००० | -गाउँ वस्तुस्थिति विवरण<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-आर्थिक सर्वेक्षण<br>-संघ सरकार र प्रदेश सरकारबाट क्षेत्रगत प्रतिवेदनहरु | - कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी बृद्धि हुनेछ<br>- जलवायु परिवर्तन र विपद्को असर न्युन हुनेछ। |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | ७५० | ८०० | १००० | १२०० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | जना | १५० | २५० | ४०० | ७०० | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | ११०० | १००० | ७०० | ४०० | | |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १५ | २५ | ४० | ६० | | |
| **प्रतिफल १.१:** कृषि तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण र उत्पादन बृद्धि भएको हुनेछ। | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | १८ | २० | ३० | ५० | -गाउँ वस्तुस्थिति विवरण<br>-अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - कृषि सेवा प्रवाह र प्रविधी प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ।<br>- जलवायु परिवर्तन तथा विपद् असर न्यून हुनेछ<br>- कृषि वातावरणीय ह्रास कम हुनेछ।<br>- कृषि क्षेत्रमा संघ, प्रदेश सरकार, विकास साझेदार र निजी क्षेत्रको लगानी वृद्धी हुनेछ |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | २५ | ३५ | ७० | १०० | | |
| | खाद्यान्न वाली | टन | १२८५३ | १३००० | १५००० | १८००० | | |
| | तरकारी उत्पादन | टन | १२५३ | १३०० | १५०० | १८०० | | |
| | फलफुल उत्पादन | क्विन्टल | ४९९ | ५०० | ७०० | १००० | | |
| | नगदे वाली उत्पादन | क्विन्टल | ३६३ | ५०० | ७०० | १००० | | |
| | तेलहन उत्पादन | टन | ६५३ | ६५० | ८०० | ११०० | | |
| | संचालित कृषि संकलन केन्द्र | संख्या | ० | ५ | १० | १५ | | |
| | अलैंची उत्पादन | रोपनी | ५४० | १००० | २००० | ३५०० | | |
| | अम्रिसो विस्तार | रोपनी | ० | २०० | ४०० | ५०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | कफी उत्पादन विस्तार | रोपनी | ० | १०० | २०० | ३०० | | |
| | किवी खेती | रोपनी | ४०० | १५०० | ३००० | ४५०० | | |
| | एभोकाडो | रोपनी | ० | १०० | २०० | ३०० | | |
| | किवि उत्पादन | मे. | १ | १ | ४ | १० | | |
| | संचालित कृषि संकलन संकलन केन्द्र | संख्या | २ | ३ | ५ | ८ | | |
| **प्रतिफल १.३**व्यवसायिक पशुपालन पशुपंक्षीजन्य उत्पादनमा बृद्धि भएको हुनेछ। | कुखुरा तथा पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | १३५ | २०० | २५० | ३०० | -गाउँ वस्तुस्थिति विवरण<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>- | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ।<br>- पशु सेवा र प्रविधि प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ।<br>- जलवायु परिवर्तन तथा विपद् असर न्यून हुनेछ |
| | सुँगुर वा बंगूरको बार्षिक मासु उत्पादन | मे.टन | १२५ | १५० | २०० | २५० | | |
| | खसी, वोका, भेडा, च्यांग्राको बार्षिक मासु उत्पादन | मे.टन | २१२ | २५० | ३०० | ३५० | | |
| | बार्षिक दूध उत्पादन | लाख लिटर | ०.५६ | १.५ | २ | ३ | | |
| | उन्नत घाँसको उत्पादन क्षेत्र | रोपनी | ० | २०० | ४०० | ५०० | | |

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

यस गाउँपालिकाका सिचाईका प्रमुख श्रोतहरुमा घोप्टेखोला, फगाम साना सिचाइ व.नं ३, टारीखेत साना सिचाई व.नं. ४, भेरीकटेरी व.नं. ७, औलाखोला सिंचाई र व.नं. ७ महभिर खोला सिंचाई रहेका छ । गाउँपालिकामा ४ मुख्य खोला र ५० भन्दा वढी साना खोलाहरु रहेका र ५ वटा सार्वजनिक पोखरी रहेका छन ।सिंचाइ र खानेपानीका लागि स्थानीय खोला तथा मूलहरूमा स्रोतहरूमा निर्भर रहेको यो गाउँपालिकामा विभिन्न सिंचाइ आयोजना तथा स्थानीय कुलोहरुबाट सिंचाइ सुविधा उपलब्ध भइरहेको छ । अझ पनि उच्च भागका खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन र सिंचाइ सुविधा नपुगेका स्थानहरुमा खेतीको लागि आकाशे पानीमा निर्भर रहनु पर्ने बाध्यता रहेको छ । आवस्यक पुर्वाधार विकासको अभावमा सबै नागरिकले यथोचित रुपमा खानेपानी तथा सिंचाइको लागि पानी उपभोग गर्न सकिरहेको अवस्था छैन । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धि साथै प्राकृतिकस्रोतको अत्यधिक दोहनका कारण पानीका स्रोतहरू सुक्ने क्रम जारी छ ।

### ४.२.२ प्रमु समस्या तथा चुनौति

सिख, धार, नारच्याङ् लगायतको क्षेत्रमा भएको अस्थाई र अव्यस्थित सिचाई रहेको, सिंचाईको समस्या तथा चुनौति तर्फ हेर्ने भने यस गाउँपालिकामा सिंचाईको नियमित मर्मत संभार तथा सरसफाईमा कमी, पक्की नाला निर्माण नभएको अवस्था छ साथै जमीन सुख्खा रहनु,सिंचाईका श्रोतहरुको पहिचान गर्न नसक्नु, पक्की कुलोको निर्माण पर्याप्त नहुनु, सिंचाईको आवश्यकता तथा हालको क्षमताबारे अध्ययन नहुनु तथा सिंचाई सुविधा नपुगेका ठाउँका लागि बैकल्पिक सुविधाको कमी समेत रहेको पाईन्छ । ठूलापाखा, रोम्तुङ, क्षनला, असिंङ् गा. पा.का धेरै वस्ति सिंचाईको समष्या देखिएको छ ।

### ४.२.३ प्रमुख संभावना तथा अवसर

गाउँपालिकाको वडा नं ६ मा उत्पादनशिल जमिन भएको हुनाले सिचाईवाट मनग्य फलपुल, नगदेवाली, गेडागुडी मकै आदीको उत्पादन गर्न सकिने र यहांको उत्पादन स्थानीय होटल र मुस्ताङ् सम्म विकि वितरण गर्न सकिने संभावना छ । यस अन्नपूर्ण गाउँपालिकाको वडा नं १ देखि ८ वडा सम्म नै विभिन्न खोला मार्फत सिंचाई व्यवस्था भैरहेको र ती सिंचाई योजनाहरुबाट वर्षभरी सिंचित हुने गरेको पाईन्छ । यसैगरी सिचाईका लागि विगतमा निर्माण भएका कुलो पैनी तथा थप निर्माणका लागि पानीको श्रोत रहेको तथा सिंचाईका स्रोतहरुको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिने देखिन्छ ।

गाउँपालिकाको सवै वडाका भूभाग हुनेगरी सिचाईका लागि विगतमा निर्माण भएका कुलो तथा पैनी तथा थप निर्माणका लागि पानीको श्रोत रहेको तथा सिंचाईका स्रोतहरुको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिने देखिन्छ ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिंचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्य,**

सिंचाई सुविधाको विस्तार र विकास भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यमान सिंचाई प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने | १.१ विद्यमान सिंचाई पूर्वाधारहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाई सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा बृद्धि ल्याइनेछ ।<br>१.२ नयाँ सिंचाई योजना संचालन गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाई हुँदै आएका क्षेत्रहरुमा नियमित रुपमा सिंचाई सुविधा उपलव्ध गराउने कृषि |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रणालीमा सहजता ल्याइनेछ । |
| २. वैकल्पिक सिंचाई सुविधाको बिकास र प्रयोग बढाउने | २.१ संघीय र प्रदेश सरकारको सहयोगमा एकिकृत वृहत सिंचाईलाई व्यवस्थित गरी कृषि उपजहरुको उत्पादनमा बृद्धि ल्याइनेछ ।<br>२.२ उपभोक्ताहरु मार्फत नजिकको मुहान,सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गर्न सहयोग उपलव्ध गराउदै नजिकका क्षेत्रहरुमा नियमित सिंचाई सुविधा उपलव्ध गराइनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **सिंचाई** | | | | | | | | | | | | | | | | |
| कुलो मर्मत | पटक | ३ | २ | २ | २ | २ | २ | **१०** | १००० | १२०० | १५०० | २००० | २२०० | **७९००** | सबै वडामा रहेका कुलो मर्मत गर्ने | |
| एकिकृत साना, मझौला तथा वृहत सिंचाई कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | **५** | ३५०० | ३५०० | ४००० | ४२०० | ३००० | **१८२००** | प्रमुख पकेट क्षेत्र विकासका लागि | |
| सिंचाई सम्बन्धी सालवसाली योजनाहरु | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | **१५** | १००० | १२०० | १२०० | १५०० | १५०० | **६४००** | नियमित कार्यक्रम | |
| **सिंचाईको जम्मा** | | | | | | | | | | | | | | **३२५००** | | ०.९४ |

## ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल १.२:** सिंचाई सुविधाको विकास र विस्तारभएको हुनेछ। | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. हजारमा | १८० | २०० | २५० | ३०० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ। |
| | १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | २९ | ७५ | १७५ | २३४ | | |
| | प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) | प्रकार | ० | १ | २ | ३ | | |

## ४.३ पर्यटन संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन उद्योग संसारमै तीब्र गतिमा विकास भइरहेका उद्योगहरूमा पर्दछ । नेपालको अर्थतन्त्रमा पनि विकासका प्रबल संभाव्य क्षेत्रमध्येको यो एउटा हो । पर्यटन क्षेत्रको विकास गर्न सकिएमा नेपालमा रोजगारी सिर्जना र बिदेशी मुद्रा आर्जनको एक महत्त्वपूर्ण उद्योगको रूपमा अगाडि बढ्न सक्ने तथ्य योजनाबद्ध विकास प्रक्रियाको सुरुआतदेखि नै महसुस गरिएको हो । पछिल्लो चरणको अवस्था हेर्दा २०१७/२०१८ ९आ।व। २०७४/७५ मा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान २.२ रहेको छ भने कुल विदेशी मुद्रा आर्जनमा यस क्षेत्रको योगदान ५ प्रतिशत रहेको छ । सन २०१८ मा नेपालमा ११ लाख ७३ हजार विदेशी पर्यटक आएका थिए र उनीहरूको औसत बसाइँ १२.४ दिन रहेको थियो ।

गण्डकी प्रदेश अन्तर्गत पर्ने अन्नपूर्ण गाउँपालिका धार्मिक-सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ । यस क्षेत्रमा पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस गाउँपालिकाको महत्त्वलाई झनै बढाएको छ । मनोरम पहाड तथा हिमालको दृश्य, विभिन्न प्रजातिको गुराँस सहितको हरियो वनजङ्गल, डाँडाकाँडावाट देखिने सूयोदय र सूर्यास्तको आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभूषा, कलाकौशल र शान्त एवम् स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ ।

### ४.३.२ प्रमुख समस्या तथा चुनौति

पर्यटनको रुपमा विद्यमान समस्या र चुनौतिहरुमा भएका धार्मिक स्थलहरुको मर्मत सम्भार, पर्यटकीय स्थलको पहिचान र प्रचार प्रसारमा कमी, पर्यटक स्तरका होटल तथा रेष्टुराँहरु संचालनमा कमी, आधुनिक तथा आयातित संस्कृतिको बढ्दो प्रभाव रहेकोएवं व्यवसायिक होमस्टे समेत प्रयाप्त नरहेको अवस्था छ । पर्यटकीय क्षेत्रका समष्यामा घोरेपानी लगायतका पर्यटकिय क्षेत्रमा फोहोरमैला र ढलव्यवस्थापनमा समष्या छ । यसैगरी विश्वव्यापी रुपमा फैलिएको कोरोनाको कारण गाउँपालिका मा रहेका पर्यटन र होटल व्यवसायीमा ठुलो समष्या देखिएको छ । यसैगरी पर्यटकिय स्थलहरुमा मोटरेवल वाटो पुग्दा पर्यटकको अभावमा पर्यटन व्यवसायलाई दिगोपनाको चुनौती रहेको छ । पर्यटन पदमार्गको मर्मत गर्ने र नयां पदमार्ग निर्माण गर्नु पर्ने आवष्यकता देखिएको छ । पर्यटकहरुलाई आकर्षण गर्ने जैविक विविधता कायम गर्नु, लालिगुरांस लगायतका विरुवाको संरक्षण गर्ने, पर्यटकिय पदमार्गमा होटल, खाजा पसलको सञ्चालन गर्ने, घोरेपानी को पर्यटन गुरुयोजना तयारी गर्नुपर्ने आवष्यकता देखिन्छ ।

अन्नपूर्ण गाउँपालिका भित्र वाह्य संस्कृतिको प्रभावका कारण मौलिक भेषभुषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै गएको छ । यस क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र भाषा तथा संस्कृतिको संरक्षण र सम्बर्द्धनमा पर्याप्त ध्यान पुगेको छैन । पश्चिमी तथा आधुनिक संस्कृतिको प्रभाव रहेको छ । मौलिक साँस्कृतिक अभ्यास र मौलिक ज्ञानको संरक्षणमा कमी रहेको छ ।

### ४.३.३ प्रमुख संभावना तथा अवसर

आर्थिक विकासको आधारमा यस गाउँपालिका अन्तर्गत प्रशस्त धार्मिक, ऐतिहासिक स्थल तथा पर्यटकीय स्थलहरु रहेको पाइन्छ । ती पर्यटकीय स्थलहरु व्यवस्थित गरी आन्तरिक पर्यटकीय रुपमा यहांको सास्कृतिक महत्वहरु समेत झल्काउन सक्ने हो भने आर्थिक उपार्जनको समेत एक गतिलो आधार हुन सक्ने देखिन्छ । मुस्ताङ, मुक्तिनाथ, र दामोदर कुण्ड, अन्धागल्छी, अन्नपूर्ण पदमार्ग तथा वेसक्याम्प लगायतका प्रमुख पर्यटकीय गन्तव्य यसै गाउँपालिका हुँदै जाने भएकाले यस क्षेत्रको पर्यटन विकासमा निकै संभावना रहेको छ । रुप्छे छहरा र अन्धागल्छी छहरा विश्व सम्पदामा सुचित छहराहरु यहां रहेका छन् जहां दैनिक रुपमा वाह्य तथा आन्तरिक पर्यटकहरु घुम्न आउने गर्दछन् जसले गर्दा गाउँपालिकामा प्रशस्तै आर्थिक गतिविधि हुने सम्भावना रहेको छ ।

पदमार्गका लागि आकर्षक ट्याक खोलिसकिएको, वडाहरूमा वनजङ्गल प्रशस्त रहेकाले जीवजन्तु, चराचुरुङ्गीको दृश्यावलोकन हुने, गुफा, ताल, चौर, मन्दिर, विभिन्न प्रजातीका गुराँसहरु फुल्ने, माथिल्लो भेगका बस्तीहरूमा हिउँ पर्ने हुँदा आकर्षणका केन्द्र बनेको, अग्ला टाकुरहरूमा दृश्यावलोकन केन्द्रहरू बनाउन सकिने प्रवल सम्भावना रहेको छ । पर्यटन उद्योगकालागि आवश्यक अध्ययन र तालिमकालागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगकालागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, होमस्टे संचालनकालागि स्थानीय समुदाय इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि यस गाउँपालिकाका लागि पर्यटन विकासका अवसर हुन । यस गाउँपालिकामा ग्रामीण कृषि पर्यटन र पर्यटन महोत्सव गरी विभिन्न किसिमका पर्यटन प्रवर्द्धनका क्रियाकलापहरु संचालन शुरु गर्न सकिने सम्भावना छ । स्थानीय र अर्गानिक कृषि उत्पादन र पशुजन्य उत्पादन हुन सकेमा तातोपानी, घोरपानी र पर्यटकिय मार्गमा अवस्थित होटलहरुमा खपत हुने सम्भावना देखिन्छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृतिहरूको जगेर्ना गर्दै अन्नपूर्णलाई आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।

**उद्देश्य,**

पर्यटकीय पूर्वाधार विकास तथा पर्यटकीय सेवा र सुविधाको प्रर्वद्धन भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **पर्यटन विकास** | |
| १. पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने | १.१ गाउँपालिका भित्रका सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी विवरण तयार गर्दै गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ ।<br>१.२ स्थानीय छिमेकी पालिकामा स्थापित पर्यटकीय गन्तव्यसँग अन्तरआवद्धता कायम गरी पूर्वाधारको विकास र विस्तार गरिनेछ ।<br>१.३ पर्यटकिय गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ । |
| २. पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्ने | २.१ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।<br>२.२ निजी क्षेत्रसँगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक बृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ । |
| **संस्कृति तथा सम्पदा** | |
| १. स्थानीय सम्पदा तथा संस्कतिको पहिचान र सम्वर्द्धन गर्ने । | ३.१ ऐतिहासिक महत्वका सम्पदाको पहिचान, संरक्षण र सम्बर्द्धन गर्न पालिकास्तरमा कला, संस्कृति तथा सम्पदा शाखा गठन गरिनेछ ।<br>३.२ धार्मिक तथा ऐतिहासिक मुन्धुम करिडोरमा पर्यटकीय पुर्वाधारको निर्माण गरिनेछ ।<br>३.३ जातिगत बाहुल्य क्षेत्रमा मातृभाषामा कक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.४ स्थानीय कला, सम्पदा र संस्कृतिको संरक्षणका लागि साँस्कृतिक संग्राहलय स्थापना गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **पर्यटन विकास** | | | | | | | | | | | | | | | | |
| कृषि पर्यटन कार्यक्रम, पर्यटन मार्ग अन्तरगत भेडा तथा चौरी पालन | पटक | १ | २ | २ | २ | २ | २ | **१०** | ३०० | ३०० | ३५० | ४०० | ४५० | **१८००** | कृषि तथा पशुपालनसंग सम्बन्धित कृषि व्यवसायसँग आवद्ध गरी मेला तथा महोत्सव संचालन गर्ने, ग्रामिण पर्यटन महोत्सव, | |
| स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धनका लागि होमस्टे विकास पहिचान र संचालन | पटक | १ | २ | २ | २ | २ | २ | **२** | ५०० | ५०० | २५० | २५० | २५० | **१७५०** | | |
| गाउँपालिका भित्रका सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान | पटक | १ | ० | १ | ० | ० | ० | **२** | २०० | | २५० | | | **४५०** | | |
| सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइने | पटक | १ | २ | २ | २ | २ | २ | **१०** | १५० | १५० | २०० | २०० | २५० | **९५०** | | |
| वार्षिक पर्यटन महोत्सव कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | **१** | ५०० | ६०० | ७०० | ७०० | ७५० | **३२५०** | विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा | |
| ग्रामीण पर्यटन विकास कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ५०० | ६०० | ७०० | ७०० | ७५० | **३२५०** | स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धनका लागि होमस्टे विकास ६ पहिचान गरी संचालन गर्नेसमेत ( संघ तथा प्रदेश समेतको समन्वयमा) | |
| पर्यटन गुरुयोजना तयारी गाउँपालिकाको , घारेपानी लगायत | संख्या | १ | २ | ० | ० | ० | ० | **२** | ० | १००० | ० | ० | ० | **१०००** | | |
| पर्यटकिय सुचना केन्द्रको भौतिक विकास र विस्तार, | पटक | १ | २ | २ | २ | २ | २ | | २०० | २०० | २५० | २५० | ३०० | **१२००** | | |
| युवाहरुलाई ट्रेकिङ सँवन्धी र पर्यटन सिप सम्वन्धी तालिम | पटक | १ | ४ | ४ | ४ | ४ | ४ | **२०** | १००० | १२०० | १४०० | १६०० | १८०० | **७०००** | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| पर्यटकिय स्तरका होटल व्यवसायिहरुको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | १ | | २५० | ३०० | ३५० | ४५० | ५५० | **१९००** | | |
| टुर्स एण्ड ट्राभल्स तथा पर्यटकीय होटलको क्षमता विकास | पटक | १ | २ | २ | २ | २ | २ | **१०** | ३५० | ३५० | ३५० | ४५० | ५५० | **२०५०** | | |
| विभिन्न पर्यटन पदमार्गहरु र पर्यटन सडक | संख्या | १ | १ | १ | १ | १ | १ | **५** | ५०००० | ६०००० | ७०००० | ८०००० | १००००० | **३६००००** | १.अन्नपूर्ण पर्यटकीय मार्ग निर्माण ( चार्नेङ् गाउँ वडा नं ४ वाट अन्नपूर्ण नर्द वेस क्याम्प )२.दानावाट धौलागिरी आईसफल जाने पर्यटकीय मार्ग निर्माण ( नार्चेङ् वाट कास्कीको घान्दुक जोड्ने पर्यटकीय मार्ग ) | |
| कालिगण्डकी पर्यटकीय जलमार्गको अध्ययन | संख्या | ० | १ | ० | ० | ० | ० | **१** | ० | १२०० | ० | ० | ० | **१२००** | | |
| पर्यटन सर्किट संचालन तथा पर्यटकिय पदमार्गको मर्मत संभार र भौतिक विकास | पटक | ३ | ३ | ४ | ४ | ४ | ४ | | २००० | २५०० | ३००० | ३००० | ३५०० | **१४०००** | गाउँपालिकाको विभिन्न स्थानहरुमा, विभिन्न झरना, गल्छी, कुण्ड, पार्क, टाभर, लालिगुरांस जंगल, को भौतिक विकास र प्रचार प्रसार, पर्यटकिय पदमार्गमा विभिन्न ठाउँहरुमा विश्राम स्तथ निर्माण र होटल व्यवसयिहरुलाई सहजिकरण | |
| छहराहरुको संरक्षण तथा पर्यटकिय विकास | पटक | ३ | ४ | ४ | ४ | ४ | ४ | | ४०० | ४०० | ५०० | ५०० | ६०० | **२४००** | | |
| पर्यटन सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ५०० | ६०० | ७०० | ८०० | ९०० | **३५००** | नेपाल सरकार र प्रदेश सरकाको सशर्त अनुदान र गापावाट समेत | |
| **पर्यटन विकासको जम्मा** | | | | | | | | | | | | | | ४०५७०० | | ११.७६ |
| **६ संस्कति तथा सम्पदा** | | | | | | | | ० | | | | | | | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **६.१ संस्कृति तथा कला संरक्षण कार्यक्रम** | | | | | | | | ० | | | | | | | | |
| स्थानीय भाषाका प्रकाशनलाई वार्षिक प्रोत्साहन | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ३० | ५० | ७० | ९० | १०० | **३४०** | | |
| सदाचार प्रवर्द्धन कार्यशाला | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ५० | ७० | ९० | १०० | १२० | **४३०** | | |
| ६.२ सम्पदा तथा संस्कृति अध्ययन | पटक | ० | ० | १ | ० | ० | ० | **१** | ० | २५० | ० | ० | ० | **२५०** | | |
| ६.३ साँस्कृतिक संग्राहलय स्थापना र संरक्षण | पटक | ० | ० | १ | ० | ० | ० | **१** | ० | ३००० | ० | ० | ० | **३०००** | | |
| **संस्कति तथा सम्पदाको जम्मा** | | | | | | | | | | | | | | ४०२० | ०.१२ | |

## ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल १.४:**पर्यटकीय पूर्वाधार विकास तथा पर्यटकीय सेवा र सुविधाको प्रवर्द्धन भएको हुनेछ। | भ्रमण गर्ने वार्षिक पर्यटक (बाह्य) | संख्या | १२० | १००० | ४००० | १००० | -गाउँ वस्तुस्थिति विवरण<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-कोविड १९ को कारणले पर्यटक संख्य घटेको | - संघीय संरचना अनुसार पर्यटन पर्धन संबन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ। |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | २०० | ५०० | ५००० | १५००० | | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | २ | ४ | ६ | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | २ | ३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल २.६:** स्थानीय सम्पदा तथा मौलिक भाषा तथा संस्कृतिको प्रवर्द्धन भएको हुनेछ । | संरक्षित कला, सँस्कृति र सम्पदाको पुर्वाधार विकास र संरक्षण | संख्या | ८ | २० | ३० | ५० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- स्थानीयसमुदाय तथा सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ। |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | २ | २ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | १ | २ | ३ | ३ | | |

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

### ४.४.१ पृष्ठभूमि

विकासको संरचना र प्रविधिहरूमा आएका प्रगतिहरूले अब अन्नपूर्णगाउँपालिकाका कुनै पनि बस्तीहरू बाह्य क्षेत्र वा वजारबाट हुने आयात निर्यातबाट अलग रहन सकेको अवस्था छैन । भौगोलिक हिसावबाट विविधता रहेको यस पालिका भित्र खाद्यान्नको विनिमयमा एक आपसमा आश्रित रहेको अवस्था छ । मुख्य रुपमा लताकपडा, शिक्षा, स्वास्थ्य, संचार तथा यातायातका साधनहरू र कृषि तथा पशुपन्छिका लागि चाहिने मल, विषादि, दाना र औषधिहरू नै पालिका भित्र आपुर्ति हुने प्रमुख वस्तुहरू हुन । विगतका तथ्याङ्कलाई हेर्दा गाउँपालिकाको वित्तिय संचिति ऋणात्मक देखिन्छ । आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न आवश्यक देखिन्छ ।

गाउँपालिकामा साना ठूला गरी करीव ८५० जति साना व्यापार व्यवसाय र र ५ वटा खानीजन्य (ढुंगा खानी) उद्योग संचालनमा रहेका छन् । भुरुङ तातोपानी वजार, दाना वजार, पोखरे वजार, घोरेपानी, शिख देउराली, घारमा लगायतका साना ठूला प्रमुख व्यापारिक बजार केन्द्रहरु रहेका छन् । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मुलत स्थानीय र पोखरा महानगरपालिका क्षेत्र नै हुन । चिज छुर्पी, ताजा तरकारी र विभिन्न जडिबुटीहरू यहाँबाट निर्यात हुने गरेको छ ।

### ४.४.२ प्रमुख समस्या तथा चुनौति

यस गाउँपालिका क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलव्धता स्थानियस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् । साथै उत्पादन भएता पनि बाँसबाट सामग्री निर्माण गर्ने सीपको कमी रहेको देखिन्छ भने यसका अतिरिक्त अन्य उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सुचना केन्द्रको कमीजस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

अन्य समस्याहरुमा स्थानीय स्तरमा उपलव्ध चुल्ठे, अल्लो, चाल्ने सिस्नु जडीवुटी प्रशोधन गर्न नसकिनु, वडा नं ५ को पाउद्धारमा चिज उद्योग पर्यटन व्यवसाय रोकिए संगै खपत हुन नसक्दा वन्द हुने अवस्थामा पुगेको छ ।

### ४.४.३ प्रमुख संभावना तथा अवसर

वर्तमान अवस्थामा यस गाउँपालिकामा राष्ट्रिय स्तरका ठूला उद्योग एवं कारखानाहरू नभए पनि स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । गाउँपालिकामा चिज, सिस्नु पाउडर, सावुन, वेकरीको स्तर उन्नती गर्ने संभावना देखिन्छ । वनपैदावारमा आधारीत उद्योग सञ्चालन गर्न सक्ने सम्भावना छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । गाउँपालिकाले विभिन्न व्यवसाय र उद्योगहरुवाट राजश्व उठाई आन्तरिक आम्दानी वृद्धि गर्न सक्ने संभावना छ ।

साना तथा मझौलाका उद्योगकोलागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई स्व-स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि अन्नपूर्ण गाउँपालिकामा उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि, वागवानी र पशुपन्छि विकासका लागि आयात गर्नु पर्ने वस्तुमा आत्मनिर्भर भई निर्यातको अवस्था सिर्जना गर्ने

**उद्देश्य,**

- स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास तथा औद्यौगिक उत्पादनमा वृद्धि भएको हुनेछ

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा बृद्धि | १.१ स्थानीय स्तरमा उपलब्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु संचालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।<br>१.२ व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिमवाट क्षमता अभिबृद्धि गरिनेछ ।<br>१.३ वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपालन, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास, तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।<br>१.४ सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी हस्तकलाका सामान जस्ता निर्यात जन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।<br>१.५ परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।<br>१.६ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित उद्योग ग्रामको स्थापना गरिनेछ ।<br>१.७ स्थापित उद्योग ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरु, वैकिङ्ग सेवा, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलव्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि ल्याइनेछ ।<br>१.८ यसका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।<br>१.९ गाउँपालिकामा जलविद्युत उत्पादनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गरिने छ । |
| २. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन | २.१ गाउँपालिकाको एक प्रमुख वजार क्षेत्रमा विक्री कक्ष, प्रदर्शनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ ।<br>२.२ स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।<br>२.३ विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउदै साना ठूला व्यापारिक केन्द्रको रुपमा बिकास गर्दै शहरीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी बनाइनेछ ।<br>२.५ औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना संकलन र वितरणलाई विस्तार गरिनेछ । |
| ३. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता जोड दिने | ३.१ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा बृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजिकरण र संचालनका लागि प्रोत्साहन गरिनेछ ।<br>३.२ परम्परागत सीप बिकासलाई आधुनिकीकरण गरी त्यसलाई ब्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।<br>३.३ आवश्यक पूँजी लगानीको अभाव उद्योग व्यवसाय शुरु गर्न नसकिरहेकाहरुलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी व्यवसाय संचालनको वातावरण श्रृजना गरिनेछ ।<br>३.४ लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ । |
| ४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | ४.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४.२ उद्योग व्यवसाय बिकास सम्बन्धी कानून, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।<br>४.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धि नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **उद्योग र व्यापार** | | | | | | | | | | | | | | | | |
| उद्योगको संभाव्यता अध्ययन | पटक | ० | ० | १ | ० | ० | ० | **१** | ० | ४०० | ० | ० | ० | **४००** | गाउँपालिकास्तरमा | |
| अध्यक्ष संग उद्यमशिलता कार्यक्रम युवाहरुको लागि तालिम र प्रविधी सहयोग | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | **१५** | १५०० | १७०० | २००० | २२०० | २५०० | **९९००** | | |
| वेकरी तयारी सम्वन्धी तालिम, सामाग्रि खरिद तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ५०० | २५० | २५० | ३०० | ३५० | **१६५०** | | |
| लघु तथा घरेलु उद्यम विकास कार्यक्रम, प्रविाधि हस्तान्तरण, नयां लघुउद्यम सृजना लगायत | पटक | ४ | ५ | ५ | ५ | ५ | ५ | | ४००० | ४२०० | ४४०० | ४६०० | ४८०० | **२२०००** | पकेट क्षेत्रमा आधार बनाई खोप्रा, महरोडांडा, लोसो, धर्मढुंगा लगायत विभिन्न ठाउँहरुमा सिस्नु पाउडर, सावुन, वेकरी, जटिवुटि प्रसोधन, लालिगुरांसको जुस, कस्मेटिक सामाग्रि उत्पादन साझा सुविधा केन्द्र स्थापना, प्रविधी हस्तान्तरण, नयां लघु उद्यमि सृजना | |
| दक्ष जनशक्ति उत्पादन कार्यक्रम, मागमा आधारीत उद्यम तालिमा सञ्चालन | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | | ३०० | ३५० | ४०० | ४५० | ५०० | **२०००** | गा.पास्तर(उद्यम व्यवसाय सम्वन्धि) | |
| निजी क्षेत्र संग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्रा विकास कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | | १०० | १५० | २०० | २५० | ३०० | **१०००** | व्यवसायिक योजना को आधारमा - (चिया तथा कफी), खानी जन्य उत्पादन | |
| गाउँपालिकाको उद्यम विकास ईकाइको संस्थागत क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | १ | **५** | १०० | १०० | १५० | १५० | २०० | **७००** | | |
| **उद्योग व्यापारको जम्मा** | | | | | | | | | | | | | | **३७६५०** | | |

## ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल १.५:** स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास तथा औद्योगिक उत्पादनमा बृद्धि भएको हुनेछ। | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | १३०० | १६०० | २००० | २५०० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - उद्यम तथा व्यापार प्रवर्द्धनमा संघ, प्रदेश र स्थानीय सरकार सहयोग बृद्धि हुनेछ।<br>- निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ।<br>- औद्योगिक विकास नीति तर्जुमा हुनेछ। |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ४५० | ४५० | ६५० | ८०० | | |
| | चालु लघु उद्योग | संख्या | १६ | २५ | ४० | ५० | | |
| | चालु घरेलु उद्योग | संख्या | १२ | ४० | ६० | ८० | | |
| | चालू साना उद्योग | संख्या | ० | ५ | ८ | १० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | ४१९ | ५५० | ७०० | ८०० | | |

## ४.५ बैंक, वित्तीय संस्था एवं सहकारी

### ४.५.१ पृष्ठभूमि

वित्तीय परिचालन विकास र सेवा प्रवाहको अपरिहार्य आधारशीला हो । नेपालको संविधानले सार्वजनिक, निजी तथा सहकारीक्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गरी राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नीति लिएको छ । संविधानले सहकारी सस्थालाई स्थानीयतहको अधिकार सूचीमा राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले सहकारी सम्वन्धि नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन गर्ने, आफ्नो क्षेत्रभित्र सहकारीको दर्ता अनुमति र खारेजी र परिचालन, सहकारी सस्थाको क्षमता विकास, ऋण तथा सहकारी सस्थाको मापदण्ड निर्धारण र नियमन लगायत सहकारीताको प्रवर्द्धन सम्वन्धी महत्वपूर्ण अधिकार दिएको छ ।

वित्तीय पहुँच तथा सेवाको लागि यस गाउँपालिकामा हाल स्थानीय स्तरमा २ बैंक, २३ सहकारी तथा १ वित्तिय संस्था रहेको देखिन्छ भने विभिन्न समुह सहकारीको वित्तिय सेवा उपलब्ध भैरहेको छ जस्मा जम्मा ऋणको ५१ प्रतिशत यि संस्थाहरुवाट ऋण प्रवाह भएको पाईन्छ । यसै गरी कृषि तथा पशुपालन १० प्रतिशत र उद्योग व्यापारमा १५ प्रतिशत जम्मा ऋण प्रवाहको अवस्था छ ।

### ४.५.२ प्रमुख समस्या तथा चूनौति

यस गाउँपालिका क्षेत्रमा बचत गर्ने वानी, ऋणको सही उपयोग, बैकिङ्ग कारोकारको कम जानकारी रहनुका साथै धितो कारोवारको वाध्यता समेत समस्याको रुपमा रहेको छ । यसैगरी अन्तर समुह तथा सहकारी बिचको समन्वय र सम्वन्ध विकासमा कमी, बैंकको लगानी सवै वडाहरुमा विस्तार नहुनु, सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी जस्ता समस्याहरु विद्यमान छन् । यसका साथै सहकारीको आफनै भवन नहुनु ,सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु र वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु, व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी तथा सहकारी संस्थाहरु र गाउँपालिका विचमा समन्वय प्रभावकारी हुन नसक्नु जस्ता समस्याहरु समेत रहेका छन् ।

### ४.५.३ प्रमुख संभावना तथा अवसर

वैक तथा सहकारीहरूको राम्रो उपस्थिति हुनु, वचत र ऋण परिचालनको राम्रो सम्भावना रहनु, विभिन्न उत्पादन समूहलाई सहकारीमा आवद्ध गर्नु, सहकारी उद्योग, सहकारी खेती आदिमा जन अभिरुची वढ्दै जानु, महिला तथा विपन्न वर्गको वित्तीय पहुंच बढ्नु, ससाना बचतवाट पूँजी निर्माणको सम्भावना, रोजगारी वृद्धि आदि प्रमुख अवसर हुन् ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वित्तीय पहुंच वढाई आर्थिक अवसरमा वृद्धि गर्ने ।

**उद्देश्य,**

- वित्तीय सेवा तथा सुविधाको पहुँचसंगै सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि भएको हुनेछ

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १.१ बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ<br>१.२ वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>१.३ आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>१.४ सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ बैकिङ्ग कारोवारको भुक्तानी प्रक्रिया तथा कारोवारमा नगदी कारोवार भन्दा नन क्यास पद्धतिको विकास गर्न वित्तिय संस्थाहरुसंगको समन्वयमा आधार तयार गर्न पहल गरिने छ । |
| २. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गर्ने | २.१ वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ ।<br>२.२ आर्थिक कारोवार विस्तार लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ । |
| ३. युवालाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | ३.१ वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यावसाय र आयोजना संचालन गरिने छ ।<br>३.२ वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिने छ ।<br>३.३ बाध्यताले वैदेशिक रोजगारमा जाने कार्यलाई निरुत्साहन गर्न एवं स्थानीय स्तरमै रोजगारीको सुनिश्चितता गर्न रोजगारदाता र बेरोजगार व्यक्तिहरु बिचको पुलको रुपमा रोजगार सूचना केन्द्रको स्थापना गरी प्रभावकारी संचालनका लागि सरोकारवाला सबै पक्षहरुलाई जिम्मेवार वनाईने छ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **बैंक, सहकारी तथा वित्तीय सेवा तथा रोजगार** | | | | | | | | | | | | | | | | |
| सहकारी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १५० | १५० | २०० | २०० | २५० | **९५०** | गपाभित्रका सबै सहकारीहरु | |
| वित्तिय तालिम, कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा युवा उद्यमशिलता विकास कार्यक्रम | जना | ० | ५० | ५० | ५० | ५० | ५० | **२५०** | ३०० | ३०० | ३५० | ३५० | ४०० | **१७००** | वाहिर गएका र वेरोजगारलाई केन्द्रित गर्ने | |
| गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन गर्ने( शिप, उद्यम, तथा आयमुलक) सालवसालि | जना | १ | १ | १ | १ | १ | १ | **५** | ३०० | ३०० | ३५० | ३५० | ४०० | **१७००** | पालिकास्तरमा रोजगार सूचना केन्द्रको स्थापना, प्रधानमन्त्री रोजगार कार्यक्रममा थप लगानी गर्ने | |
| उत्कृष्ट सहकारीलाई पुरस्कार | संख्या | ० | १ | १ | १ | १ | १ | **५** | ३०० | ३०० | ३५० | ३५० | ४०० | **१७००** | | |
| **बैंक, सहकारी तथा वित्तीय सेवाको जम्मा** | | | | | | | | | | | | | | ६०५० | | ०.१८ |

## ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | - | – |
| **प्रतिफल १.६:** वित्तीय सेवा तथा सुविधाको पहुँचसंगै सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि भएको हुनेछ । | सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार | प्रतिशत | ५१ | ६० | ७० | ८० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ ।<br>- वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ। |
| | बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्र तथा पशुपालनमा लगानी | प्रतिशत | २५ | ३० | ४० | ५० | | |

# परिच्छेद ५ : सामाजिक क्षेत्र

नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, स्वस्थ तथा समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरण सहितका सामाजिक विकासका सवालहरुलाई उच्च प्राथमिकतामा राखेको छ । सामाजिक विकासलाई गुणस्तरीय जीवन तथा समृद्धिको आधारका रुपमा लिई नेपालको १५ औं राष्ट्रिय योजनाले उच्च महत्व दिएको छ । यस योजनामा समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरा उल्लेख गरिएको छ । गण्डकी प्रदेशको पहिलो आवधिक योजनाले पनि शिक्षा तथा स्वास्थ्यमा पहुँच तथा गुणस्तरमा अभिवृद्धि, सामाजिक समावेशीकरणको प्रवर्द्धन, खानेपानी तथा सरसफाईको पहुँचमा विस्तार, युवा स्वरोजगारी विस्तार, खेलकुदको उत्थान र स्थानीय सम्पदा तथा संस्कृतिको संरक्षण एवं सम्बर्द्धनलाई महत्व दिएको देखिन्छ ।

अन्नपूर्ण गाउँपालिकाले विगत वर्षदेखि नै शिक्षा, स्वास्थ्य, खेलकुद र युवा स्वरोजगारलाई प्राथमिकता क्षेत्रका रुपमा राखेर वार्षिक नीति तथा कार्यक्रम तयार गरेको छ । शैक्षिक क्षेत्रमा गुणस्तर र पहुँचमा अभिवृद्धिका लागी प्राविधिक शिक्षाको विस्तार, नमुना विद्यालय कार्यक्रम सञ्चालनमा रहेका छन् । स्वास्थ्य सेवा विस्तार, विशिष्टीकरण तथा गुणस्तर वृद्धि, एक घर एक खानेपानी धारा निर्माण, खुला दिशामुक्त क्षेत्र घोषणा, बालमैत्री तथा लैङ्गिक हिंसामुक्त गाउँपालिका, विभेद् अन्त्य तथा समावेशी प्रतिनिधित्व र उत्पादनमुखी कार्यक्रममार्फत युवालाई रोजगारी प्रदान गर्ने नीति तथा कार्यक्रम गाउँपालिकाले तर्जुमा गरेको देखिन्छ । विद्यालय वाहिर रहेका वालबालीकालाई विद्यालय शिक्षामा समाहित गर्ने अभियान निरन्तर रहेको र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्नुका साथै वालमैत्री सिकाइ विधि अवलम्बन गरिने नीति लिईएको छ । सामाजिक क्षेत्रको सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौति पहिचान गरी देहायका उपशीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

स्वास्थ्य एक आधारभूत आवश्यकता भएकाले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ ९नेपालको संविधान, धारा ३५, उपधारा १० । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न गाउँपालिकाले यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

आधारभुत स्वास्थ्य तथा पोषणलाई अन्नपूर्ण गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभुत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई गाउँवासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारिक अभ्यास विद्यमान रहेका छन् । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरतामा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तरोन्नती तथा विस्तारका कार्यहरु द्रुत गतिमा भई रहेका छन् । गाउँपालिका क्षेत्र भित्र ८ वटा स्वास्थ्य चौकी, एउटा सामुदायिक स्वस्थ्य इकाई, ५ वटा वर्थिङ् सेन्टर मार्फत स्वास्थ्य सेवा प्रदान भैरहेको छ । प्रयोशाला शुरु भएका स्वस्थ्य संस्था २ वटा छ । गाउँपालिका क्षेत्रभित्र २० गाउँघर क्लिनिक र १८ खोप क्लिनिक रहेका छन् भने महिला स्वस्थ्य स्वयंसेकीकाको संख्या ७२ जना रहेको छ । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यकमहरु संचालनमा रहेको, महाविर पुनको प्रायासमा टेलिमेडिसिन को शुरुवात समेत भएको छ ।

## ५.१.२ प्रमुख समस्या तथा चुनौति

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुद भौगोलिक विकटता र लामो दुरीका कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । सामान्य चिकित्सा सेवाका लागि औषतमा ४५ मि. यात्रा गर्नुपर्ने अवस्था रहेको छ । ३ वटा स्वास्थ्य चौकी र १ गाउँपालिकावाट पाउद्धारमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाईमा वर्थिङ्ग सेण्टर सञ्चालनमा आएका छैनन् । परम्परागत अन्धविश्वासका कारण विरामी पर्दा सबैभन्दा पहिला धामी झाँक्रीकोमा जाने घरपरिवारको संख्या भने अत्यान्त न्यून अर्थात १ प्रतिशत रहेको छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ ।

पूर्वाधार तर्फ ३ वटा स्वास्थ्य चौकीको भवन (वडा नं १, ३ र ४) मापदण्डअनुसार निर्माण हुन सकेको छैन भने स्वास्थ्य संस्थामा घेरवारको कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरु वढाउन पर्ने छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनको कारण स्वास्थ्य समस्या आउने गरेको छ । शारिरीक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सासम्बन्धी चेतनामा कमी रहेको छ । यसक्षेत्रमा स्वास्थ्य विमाको शुरुवात भएको छ भने पूर्ण अभ्यास रहेको छैन । महाविर पुनको प्रायासमा टेलिमेडिसिन को शुरुवात गरिएता पनि कमजोर वाईफाई र जनशक्ति अभावको कारण दिगो र प्रभावकारी हुन नसकेको अवस्था छ ।

## ५.१.३ प्रमुख संभावना र अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकमीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरु सडक सञ्जालमा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको जस्ता स्वास्थ्य तथा पोषण विकासका सवल पक्षहरू हुन ।

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पायकपर्ने स्थानहरूमा भौतिक संरचना निर्माण गरी सेवा प्रवाहको क्षमतामा बृद्धि गर्ने ।

**उद्देश्य,**

- स्वास्थ्य सेवाको उपलब्धता सहज तथा गुणस्तरमा वृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वास्थ्य सेवालाई स्तरीकरण तथा विशिष्टिकरण गर्ने । | १.१ गाउँपालिका भित्र १५ शैयाको अस्पताल स्थापनाको लागि आवश्यक समन्वय र पहल गरिनेछ ।<br>१.२ पुर्ण संस्थागत सुत्केरी कार्यक्रम प्रभावकारी गराउन सबै वडामा वर्थिङ्ग सेण्टर स्थापना गरी सुरक्षित मातृत्व तथा पोषणका लागि स्वास्थ्य संस्थामा आइपुग्न सहज यातायात र प्रोत्साहन व्यवस्था गरिनेछ ।<br>१.३ विद्यालय नर्स कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।<br>१.४ गाउँपालिकास्तरमा एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सेवाको व्यवस्था र वर्थिङ्ग सेण्टरमा स्तरीय प्रसुति सेवा उपलब्ध गराइने छ ।<br>१.५ ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरी सुरक्षित मातृत्व सेवा तथा अन्य स्वास्थ्य सेवालाई गुणस्तरीय र सहज गराइने |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | छ ।<br>१.६ एम्बुलेन्स सेवामा सहज पहुँच कायम गर्न एम्बुलेन्ससँख्या थप गरी एम्बुलेन्स सेवालाई सहज, सुलभ र प्रभावकारी गरिनेछ ।<br>१.७ नियमित योग तथा व्यायमलाई प्रवर्द्धन गर्न विद्यालयस्तरमा योग शिक्षा र समुदायस्तरमा वार्षिक रुपमा योग शिविर संचालन गरिनेछ ।<br>१.८ स्वास्थ्य सम्बन्धी जनचेतनाका लागि सडक नाटक, भोगाई आदान प्रदान, विद्यालय शिक्षा र होर्डिगं बोर्ड स्थापना गरिनेछ । |
| २. स्वास्थ्य सेवालाई गुणस्तरीय गराउन पुर्वाधार, संस्थागत संरचना र उपकरणको उचित व्यवस्था गर्ने । | २.१ स्वास्थ्य संस्थामा मापदण्डअनुसारको भवन, शौचालय, खानेपानी तथा फोहोर व्यवस्थापनको उचित व्यवस्था गरिनेछ ।<br>२.२ गुणस्तरीय स्वास्थ्य सेवाको विस्तारका लागि एक्स रे मेसिन तथा भिडियो एक्स रे को व्यवस्था तथा उपयोगलाई प्रभावकारी गराइने छ ।<br>२.३ स्वास्थ्य संस्थामा आवश्यक औषधी, औजार र उपकरणको उपलब्धता र भण्डारणलाई प्रभावकारी गराइने छ ।<br>२.४ स्वास्थ्यकर्मीको नियमितता वढाउन स्वास्थ्य संस्थामा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।<br>२.५ स्वास्थ्य जनचेतना तथा गुणस्तरीय स्वास्थ्य सेवाका लागि महिला स्वास्थ्य स्वयम सेविका र स्वस्थ आमा समुह गठन, सशक्तिकरण र परिचालन गरिनेछ ।<br>२.६ स्वास्थ्य संस्थामा इन्टरनेट, प्रिन्टर, ल्यापटप लगायतका संचारका साधनको उपलब्ध गराईने छ । |
| ३. स्वास्थ्य संस्थामा जनशक्तिको व्यवस्थापन गर्ने | ३.१ स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति पदपुर्तीकालाई पहल गरिनेछ ।<br>३.२ वार्षिकरुपमा उत्कृष्ट सेवा प्रदायक स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिनेछ ।<br>३.३ स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासको अवसर प्रदान गरिनेछ ।<br>३.४ महिला स्वास्थ्य स्वयंसेविकाका लागि यथोचित प्रोत्साहनको व्यवस्था गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **स्वास्थ्य तथा पोषण** | | | | | | | | | | | | | | | |
| **स्वाथ्य तथा पुर्वाधार विकास कार्यकम** | | | | | | | | | | | | | | | |
| खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन | संख्या | २ | ० | १ | १ | ० | ० | २ | ० | ५०० | ६०० | ० | ० | ११०० | |
| सबै वडाहरुमा स्वास्थ्य चौकी भवन, ८ स्वस्थ्य चौकी र ५ वर्थिङ् सेन्टर निर्माण | संख्या | १ | २ | ३ | ४ | ४ | ० | १३ | ७००० | ९००० | १३००० | १५००० | ० | ४४००० | |
| गाउँपालिका केन्द्रमा योग तथा व्यायाम पार्क | एकमुष्ठ | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ३००० | ० | ० | ३००० | |
| औषधी भण्डारण व्यवस्थापन नियमित | पटक | १ | १ | १ | १ | १ | १ | | ३०० | १०० | १०० | १०० | १०० | ७०० | |
| अस्पताल स्थापना सहयोग | एकमुष्ठ | ० | | | १ | १ | | | | | | २००० | ३००० | ५००० | |
| **स्वस्थ्य सेवा विस्तार कार्यकम** | | | | | | | | | | | | | | | |
| ल्याव सेवा विस्तार | संख्या | २ | १ | ३ | २ | ० | ० | ६ | ३५० | १२०० | ७०० | ० | ० | २२५० | |
| वार्षिक योग शिविर सञ्चालन | पटक | ० | २ | २ | २ | २ | २ | | ३०० | ४०० | ४५० | ५०० | ५५० | २२०० | |
| १ वटा एम्बुलेन्स थप र व्यवस्थापन | गोटा | १ | ० | १ | ० | ० | ० | १ | | ५००० | ० | ० | ० | ५००० | |
| किशोरी परामर्श सेवा हरेक स्वास्थ्य चौकीमा नियमित | नियमित | ८ | ८ | ८ | ८ | ८ | ८ | | २०० | २५० | ३५० | ४०० | ४५० | १६५० | |
| **स्वस्थ्य सेवा सुधार कार्यकम** | | | | | | | | | | | | | | | |
| इन्टरनेट, प्रिन्टर, ल्यापटप व्यवस्थापन ८ स्वस्थ्य चाँकीमा र मर्मत | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| स्वास्थ्यकर्मी र महिला स्वयंसेविका क्षमता विकास | पटक | १२ | १५ | २० | २२ | २५ | २८ | ११० | ८०० | ११०० | १६०० | २००० | २२०० | ७७०० | |
| **स्वस्य तथा पोषण घर दैलो कार्यकम** | | | | | | | | | | | | | | | |
| वार्षिक रुपमा टोलस्तरमा ल्यावसहितको स्वास्थ्य परिक्षण तथा पोषण परामर्श | पटक | ० | १ | २ | २ | २ | २ | ९ | २३० | २८० | ३२० | ३४० | ३८० | १५५० | |
| स्वास्थ्य तथा पोषण सुधार समिति प्रशिक्षण (स्वस्थ आनिवानी र पोषण सुधारका लागि युवा, वालबालीका र स्वास्थ्य आमा समुहको टोलस्तरमा) | पटक | १ | २ | ३ | ३ | ३ | ३ | १४ | २३० | २८० | ३२० | ३४० | ३८० | १५५० | |
| स्वास्थ्य तथा पोषण सुधारका लागि सडक नाटक, विद्यालयमा विशेष कक्षा | पटक | १ | ३ | ५ | ५ | ५ | ६ | २४ | ६० | १२० | १३० | १४० | १५० | ६०० | |
| स्वस्थ्य सचेतना अभियान : आयोडिन युक्त नुनको प्रयोग, महामारी राग नियन्त्रण लगायत | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ४०० | ४५० | ५०० | ६०० | ७०० | २६५० | |
| महिला स्वयंसेविका प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ३५० | ४०० | ४५० | ५०० | ५५० | २२५० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| औषधी तथा सर्जिकल सामाग्रि खरिद | पटक | १ | १ | १ | १ | १ | १ | **५** | २०० | २५० | ३०० | ३५० | ४०० | **१५००** | |
| खोप सम्वन्धी व्यवस्थापन, क्षमता विकास | | **१** | **२** | **२** | **२** | **२** | **२** | **१०** | **१५०** | **१५०** | **१८०** | **२००** | **२२०** | **९००** | |
| परिवार कल्याण कार्यक्रम | **पटक** | **१** | **१** | **१** | **१** | **१** | **१** | **५** | **१००** | **१२०** | **१४०** | **१६०** | **१८०** | **७००** | |
| क्षयरोग नियन्त्रण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ७५ | १०० | १०० | १०० | १२० | **४९५** | |
| आयुर्वेद सेवा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ३६०० | ३८०० | ४००० | ४४०० | ५००० | **२०८००** | |
| विद्यालय स्वस्थ्य शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ५० | ८० | १०० | १२० | १५० | **५००** | |
| उपचारात्मक सेवा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १७०० | १८०० | १९०० | २००० | २१०० | **९५००** | |
| नर्सिङ् तथा सामाजिक सुरक्षा सेवा योजना | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १३०० | १४०० | १५०० | १६०० | १७०० | **७५००** | |
| महामारी रोग नियन्त्रण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | **५** | ३३० | ३५० | ३७० | ४०० | ४५० | **१९००** | |
| सालवसाली कार्यक्रम | एकमुष्ठ | १ | १ | १ | १ | १ | १ | **५** | १२०० | १२०० | १२०० | १२०० | १२०० | **६०००** | |
| **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | | | | | | | | | | | **१३५९९५** | ३.९४ |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |
| **असर २**ः सुशिक्षित, स्वस्थ र आत्मनिर्भर जनशक्ति तयार हुने<br>( दिगो विकास लक्ष्य ३, ४, ५, ६, ८, ९, ) | नियमानुसार सामाजिक सुरक्षाबाट लाभान्वित हुने | प्रतिशत | १०० | १०० | १०० | २००० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - संघीय शासन व्यवस्था अनुसार<br>- संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- सामाजिक सुरक्षा र सकारात्मक विभेद नीतिको निरन्तरता हुनेछ |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३६ | ५० | १०० | १५० | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औसत समय | घण्टा | ५ | ५ | ३ | १.५ | | |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ६९.५३ | ७२ | ८६ | ९५ | | |
| | सरकारी, गैर सरकारी र निजी क्षेत्रमा रोजगार | जना | ८१८ | ८२० | ८९० | ९०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |
| **प्रतिफल २.२:** स्वास्थ्य सेवाको उपलब्धता सहज तथा गुणस्तरमा बृद्धि भएको हुनेछ । | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | १ | १ | ०.७ | ०.५ | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ३२ | ४० | ७० | ९५ | | |
| | जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | १ | १ | ०.७ | ०.५ | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ३२.१४ | ३३ | ५५ | ७५ | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ३०५ | २५० | २०० | १५० | | |
| | प्रयोगशाला शुरुभएको स्वस्थ्य चौकि | संख्या | २ | ४ | ६ | ८ | | |
| | पूर्ण खोप लगाएका | प्रतिशत | ९२ | ९५ | ९७ | १०० | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९५ | ९६ | ९७ | १०० | | |
| | स्वास्थ्य चौकी भवन | संख्या | ६ | ७ | ८ | ८ | | |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ५ | ६ | ७ | ८ | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चिचता गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यवसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट अभ्यासहरु भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मुल आधारका रुपमा लिई अन्नपूर्ण गाउँपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरु सृजना गर्ने कुरालाई महत्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा कार्यको शुरुवात गरेको छ ।

गाउँपालिकाको कुल साक्षरता दर ७५ प्रतिशत रहेको छ । गाउँपालिकामा माध्यमिक तहको खुद भर्नादर ८१.७ प्रतिशत छ भने आधारभुत तहको खुद भर्नादर ८१. ६ रहेको देखिन्छ । गाउँपालिकाभित्र १० वटा माध्यामिक र २६ वटा आधारभूत गरी ३६ वटा सरकारी बिद्यालय रहेका छन् ।

### ५.२.२ प्रमुख समस्या तथा चुनौति

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिस्पधी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरु हुन सकेका छैनन् । भौगोलिक बिकटता, गरिवी र श्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रकृया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ ।

स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायम रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई सम्बोधन हुन सकेको छैन । धेरैजसो ११ र १२ कक्षामा अध्ययन गर्ने विद्यार्थिको अन्यत्र वस्नु पर्ने अवस्था विद्यमान छ । कतिपय वडाहरुमा विद्यालयका भवनहरु जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरुको विद्यालयलाई निरन्तरता दिने क्रम कम छ । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र शौचालयको कमी रहेको छ । सामाजिक परिवेशमा शैक्षिक वातावरणको कमीजस्ता समस्या विद्यमान रहेको छ ।

### ५.२.३ प्रमुख संभावना तथा अवसर

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवं सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू संचालन गर्ने अवस्था रहनु, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ ।

प्राविधिक तथा व्यवसायिक सीपप्रतिको युवाको आकर्षण रहनु, अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुर्याउन सकिनु, समृद्धिका मुख्य सम्बाहकका रुपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन ।

## ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिकामा विज्ञान र नवप्रवर्तनको प्रवर्द्धनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने ।

**उद्देश्य,**

- शैक्षिक गुणस्तर अभिवृद्धि र प्राविधिक तथा उच्च शिक्षामा सहज पहुँच भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालय शिक्षालाई गुणस्तरीय तथा प्रतिस्पर्धी गराई सबैको सहज पहुँच कायम गर्ने । | १.१ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि पूर्वाधारको सुधार, शिक्षण विधि तथा सामाग्रीको समुचित व्यवस्थापन गरिनेछ ।<br>१.२ विद्यालयमा शैक्षिक गतिविधिको निरन्तर अनुगमन र सुधारलाई प्रभावकारी गराउन विद्यालय अनुगमन कार्यविधि तयार गरिनेछ ।<br>१.३ वालमैत्री र अपांगमैत्री पूर्वाधार निर्माण गरी बालमैत्री सिकाई विधिलाई व्यवहारिक गराइने छ ।<br>१.४ विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालीकालाई विद्यालयमा ल्याउन अभियान सञ्चालन गरिनेछ ।<br>१.५ भौगोलिक दुरीका कारण विद्यालय शिक्षा हासिल गर्न पहुँच नभएका विद्यार्थी लाई छात्रावासको व्यवस्था गरी अध्ययनको अवसर उपलब्ध गराइने छ ।<br>१.६ विद्यालयमा इन्टरनेट, विद्युतिय पुस्तकालय तथा विज्ञान प्रयोगशालाका निर्माण तथा व्यवस्थित रुपले सञ्चालन गराइने छ ।<br>१.७ घरपरिवारमा शिक्षा प्रतिको धारणा सकारात्मक गराइ विद्यार्थी नियमितता र सिकाइको वातावरण तयार गर्न अभिभावक शिक्षा सञ्चालन गरिनेछ । |
| २. विद्यालय शिक्षामा संरचनात्मक सुधार गरी शैक्षिक गुणस्तर कायम गर्न उपयुक्त वातावरण तयार गर्ने । | २.१ योग, सदाचार, अनुशासन र उच्च नतिकता विकासलाई मध्य नजर गरी स्थानीय आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रम तर्जुमा गरिनेछ ।<br>२.२ विद्यालय सुधार योजना अद्यावधिकरण तथा शैक्षिक क्यालेण्डरलाई तयारी कार्यान्वयनलाई प्रभावकारी गराइने छ ।<br>२.३ आधारभूत तहदेखि नै अंग्रेजी भाषालाई शिक्षणको माध्यम बनाउन पहल गरिनेछ ।<br>२.४ विद्यालयमा पत्रुखानाको उपयोगलाई दुरुस्साहन र सदाचारको प्रवर्द्धनका लागि वाल क्लव गठन र परिचालन गरिनेछ ।<br>२.५ नमुना विद्यालयको अवधारणालाई विस्तारिक रुपमा कार्यान्वयन गरिनेछ । |
| ३. उच्च शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच कायम गर्ने । | ३.१ स्थानीय स्तरमा क्याम्पस तहको शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन क्याम्पस स्थापना र संचालनमा आवश्यक पहल गरिनेछ ।<br>३.२ स्थानीय आवश्यकताका आधारमा विद्यालय तहमा प्रविधिक विषयमा कक्षा सञ्चालन गराइनेछ ।<br>३.३ उच्च तथा प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा संरचनाको व्यवस्था गरिनेछ । |
| ४. विद्यालय शिक्षालाई वालमैत्री, छात्रामैत्री तथा अपाङ्गमैत्री बनाउने । | ४.१ विद्यालय भवन, शौचालय, कक्षा कोठा र खेल मैदानलाई बालमैत्री, छात्रामैत्री तथा अपाङ्गमैत्री बनाइने छ ।<br>४.२ विद्यालयमा सेनेटरी प्याडको उपलब्धता र उपयोगलाई थप प्रभावकारी र व्यवस्थित गराइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.३ विद्यालयमा स्वच्छ खानेपानी उपलब्धता सुनिश्चित गरी र छात्रामैत्री शौचालय निर्माण गरिनेछ ।<br>४.४ फरक क्षमता भएका बालबालीकाको सिकाईलाई सहज बनाउन विशेष व्यवस्था गरिनेछ । |
| ५. प्रारम्भिक वालविकास केन्दको यथोचित व्यवस्थापन गरी सबै बालबालीकाको पहुँच कायम गर्ने । | ५.१ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाँइ व्यवस्था र सरसफाईलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।<br>५.२ भौगोलिक दुरी तथा स्थानीय आवश्यकताका आधारमा प्रारम्भिक वाल विकास केन्द्र स्थापना गरिनेछ ।<br>५.३ प्रारम्भिक बाल कक्षामा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरिनेछ ।<br>५.४ विद्यालय छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था गर्ने । |
| ६. शैक्षिक संस्थामा जनशक्तिको व्यवस्थापन गरी शिक्षण सिकाईलाई नियमित र प्रभावकारी गराउने । | ६.१ उत्कृष्ट विद्यालय तथा शिक्षक र बालविकास सहजकर्तालाई हरेक वर्ष पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।<br>६.२ शिक्षक संख्या कमभएका विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापनका लागि पहल गरिनेछ ।<br>६.३ विद्यालय शिक्षालाई प्रतिस्पर्धी तथा समयसापेक्ष गराउन शिक्षण सिकाई प्रकृयालाई आधुनिक सुचना प्रविधिसँग आवद्ध गरिनेछ ।<br>६.४ विद्यालयमा शिक्षक तथा कर्मचारीको उचित व्यवस्थापन तथा क्षमता विकास गरी नियमितता कायम गर्न विद्युतिय हाजिरी र सिसि क्यामराको जडान गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **शिक्षा तथा सीप विकास** | | | | | | | | | | | | | | | |
| **१.१ विद्यालय पूर्वाधार निर्माण कार्यक्रम , (३७ सामुदायिक र २ संस्थागत, १ क्याम्पस)** | | | | | | | | | | | | | | | |
| अपांग मैत्री तथा वाल मैत्री विद्यालय भवन निमार्ण (५०) कोठा | कोठा | १० | १० | १० | १० | १० | १० | **५०** | ५००० | ६०००० | ७०००० | ८०००० | ९०००० | **३०५०००** | |
| शौचालय महिला मैत्री र वाल मैत्री, (पुरुष र महिलाको फरक शौचालय निर्माण) | संख्या | १८ | १५ | १५ | २० | १५ | १५ | **८०** | ३००० | २८०० | ३२०० | ४००० | ३५०० | **१६५००** | |
| विद्यालयको कम्पाउण्ड निर्माण तथा घेरवार | संख्या | ४ | ३ | ३ | ५ | ३ | ४ | **१८** | २४०० | २००० | २००० | २२०० | ३००० | **११६००** | |
| विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम | एकमुष्ठ | ३६ | | | | | | **३६** | २००० | २००० | २००० | २००० | २००० | **१००००** | |
| आधारभुत तहदेखि अंग्रेजी माध्यमबाट कक्षा संचालन | संख्या | ० | ० | २ | २ | १ | १ | **६** | ० | ५०० | ५०० | ३०० | ३०० | **१६००** | |
| विद्यालयगत र गाउँपालिकागत रुपमा उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कार, ( आधारभुत र मा.वि) | संख्या | १६० | १६० | १६० | १६० | १६० | १६० | | ५० | ६० | ७० | ८० | ९० | **३५०** | |
| विद्यालयमा सिकाई सामाग्री व्यवस्थापन | संख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | **३६** | ८०० | ९०० | १००० | ११०० | १२०० | **५०००** | |
| नमुना विद्यालय व्यवस्थापन (५ वटा) | संख्या | २ | १ | १ | १ | १ | ५ | **५** | १५० | २०० | २५० | २५० | ३०० | **११५०** | |
| अतिरिक्त कृयाकलाप संचालन | संख्या | ३६ | ३ | ३ | ३ | ३ | ३ | **१५** | ५०० | ६०० | ७०० | ८०० | ९०० | **३५००** | |
| अभिभावक शिक्षा | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ५० | ८० | ११० | १३० | १५० | **५२०** | |
| जोड कोष (आर्थिक सामाजिक रुपले विपन्न परिवारलाई) हरेक वडाहरुमा निरन्तर | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ४० | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| छपाई युक्त कक्षा कोठा व्यवस्थापन | संख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | **१५** | २००० | २२०० | २४०० | २६०० | २८०० | **१२०००** | |
| वालमैत्री स्थानीय शासन | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १५०० | १७०० | १७०० | १००० | १२०० | **७१००** | |
| विषेश छात्रवृति सञ्चालन, प्रोत्साहन अनुदान | संख्या | ५० | ५० | ६० | ६० | ६० | ६० | | १३० | १४० | १५० | १६० | १६० | **७४०** | |
| सामुदायिक विद्यालय ( १ वेखि ५ ) दिवा खाजा कार्यक्रम | संख्या | २६ | २६ | २६ | २६ | २६ | २६ | **२६** | १२००० | १३००० | १४००० | १५००० | १६००० | **७००००** | |
| स्थानीय पाठ्यक्रम निर्माण र व्यवस्थापन प्राथमिक तह | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ८०० | ५५० | ६०० | ६५० | ७०० | **३३००** | |
| शिक्षकको क्षमता विकास तालिम र सुशासन प्रवर्धन | संख्या | १५० | १६० | १७० | १८० | १९० | २०० | | १५०० | १६०० | १७०० | १८०० | १९०० | **८५००** | |
| **१.३ शैक्षिक संरचना विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| पुस्तकालय (सवै माविमा) | | १० | २ | ३ | ३ | ३ | १ | **११** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| प्रयोगशाला (सवै माविमा) व्यवस्थापन र सामाग्रि खरिद | संख्या | १० | २ | २ | २ | ३ | २ | **११** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| प्रारम्भिक वाल विकास केन्द्रको शैक्षिक सामाग्रि व्यवस्थापन,( नियमित ) | संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | **३८** | १०००० | १२००० | १३००० | १४००० | १५००० | **६४०००** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **१.४ मातृभाषा शिक्षा कार्यक्रम** | | | | | | | | | | | | | | | |
| सवै वडाहरुमा आवष्यकता अनुसार | एकमुष्ठ | ० | | | | | | **१** | ६०० | ६०० | ६०० | ६०० | ६०० | **३०००** | |
| स्थानीय पाठ्यक्रम निर्माण र व्यवस्थापन प्राथमिक तह | संख्या | ० | १ | ० | ० | ० | ० | | १००० | ० | ० | ० | ० | **१०००** | |
| **१.५ विद्यालय सूचना प्रविधि विस्तार कार्यक्रम** | | | | | | | | | | | | | | | |
| ईन्टरनेट व्यवस्था (सवै मावि र आधारभुत मा) र निरन्तरता | | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | **३६** | ८० | ९० | १०० | ११० | १२० | **५००** | |
| ईलाइब्रेरी (सवै माविमा) | | ० | १ | २ | ३ | ३ | ० | **१०** | ७५ | १५० | २०० | २५० | ० | **६७५** | |
| सामग्री (कम्प्युटर, मल्टिमिडिया, व्याकअप सबै विद्यालयमा) नियमित | | २० | ३० | ३६ | ३६ | ३६ | ३६ | | ३००० | ३५०० | १००० | १००० | १००० | **९५००** | |
| **१.६ प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन** | | | | | | | | | | | | | | | |
| प्रारम्भिक बाल विकास केन्द्रमा वसाई व्यवस्थापन नियमित | संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | **३८** | ५००० | ६००० | ७००० | ८००० | ९००० | **३५०००** | |
| सिकाई तथा खेल सामाग्री व्यवस्था नियमित | | ११ | २० | २५ | ३० | ३६ | ३८ | **३८** | १५०० | १५०० | १६०० | १७०० | १८०० | **८१००** | |
| विद्यालयहरुमा शौचालय तथा खानेपानी पुर्वाधार विकास र व्यवस्थापन | संख्या | ३८ | ४ | ४ | ४ | ४ | ४ | **२०** | ७०० | ८०० | ९०० | १००० | ११०० | **४५००** | |
| प्राविधिक धारको विद्यालयको लागि भौतिक पूर्वाधार र व्यवस्थापन, | पटक | ० | १ | १ | १ | १ | १ | **५** | १५० | १५० | २०० | २०० | २५० | **९५०** | |
| **१.८ उच्च शिक्षा विस्तार कार्यक्रम** | | | | | | | | | | | | | | | |
| क्याम्पसको लागि लागि पूर्वाधार | एकमुष्ठ | १ | | | | | | **१** | २००० | २००० | २००० | २००० | २००० | **१००००** | |
| **१.९ सालवसाली कार्यक्रम** | | | | | | | | | | | | | | | |
| तालिम, अनुगमन मर्मत लगायत नियमित कार्यक्रम, गाउँ शिक्षा समितिको कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | | ३ | **१५** | १००० | ११०० | १२०० | १३०० | १४०० | **६०००** | |
| **शिक्षा तथा सीप विकासको जम्मा** | | | | | | | | | | | | | | **६०७५८५** | १७.६१ |

## ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |
| **प्रतिफल २.१:**शैक्षिक गुणस्तर अभिबृद्धि र प्राविधिक तथा उच्च शिक्षामा पहुँच बृद्धि भएको हुनेछ। | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६० | १०० | १५० | २०० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- विद्यालय सुधार योजना प्रतिवेदन<br>- शिक्षा तथा मानव श्रोत विकास केन्द्र, म्याग्दी | - अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ।<br>- गाउँपालिकाबाट सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ।<br>- शिक्षामा सरकारी, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | जना | ० | ० | ० | ० | | |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका | संख्या | २५५ | ३०० | ४०० | ६०० | | |
| | माध्यमिक तह (९-१२ ) खुद भर्ना दर | प्रतिशत | ६७.५ | ७० | ७८ | ९० | | |
| | आधारभुत तहमा (१-८ ) खुद भर्ना दर | प्रतिशत | ८१.७ | ८३ | ९० | १०० | | |
| | शिक्षक विद्यार्थि अनुपात | | १०.२ | १२ | १५ | १८ | | - |
| | कम्प्यूटर र विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | १४ | १८ | २५ | ३६ | | - |

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशामुक्त क्षेत्र घोषणा भइ सकेको यस गाउँपालिकामा एक घर, एक धारा तथा शौचालय निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ । फोहोर व्यवस्थापनका लागि गाउँपालिकास्तरबाट पहल गरिएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा फनवोर्ड नामक निकायको सहयोग रहेको छ ।

गाउँपालिका भित्र ९३.६५ प्रतिशत घरपरिवारले पाइप धारको पानी उपयोग गर्ने गरेको, २.७३ प्रतिशत ले मुलको पानी प्रयोग गर्ने गरेको र खोला नदिनालाको पानी प्रयोग गर्ने ०.२७ प्रतिशत रहेको देखिन्छ ।

### ५.३.२ प्रमुख समस्या तथा चुनौति

संघीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत प्रयास भएता पनि खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइजन्य परम्परागत व्यवहारका कारण आशातित सुधार हुन सकेको छैन । मानिसहरुको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुख्खा याममा कतिपय वस्तीमा खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाई सम्बन्धी आनिवानी कमजोर रहेको यस क्षेत्रमा घरमै फोहोर वर्गिकरण गरी व्यवस्थापन गर्ने प्रचलन रहेको छैन । पर्यटकीय मार्ग र मुख्य वजारहरुमा प्लास्टिकजन्य तथा सिशाजन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदुषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरुमा समेत सडक नाली र ढल सुविधा उपलब्ध रहेको छैन । सार्वजनिक शौचालयमा सावुन, नियमित पानी आदिको नियमित व्यवस्थापन भएको देखिदैन । शुद्ध खानेपानी, पहिरोको कारण खानेपानीका मुल तथा पाईपहरुमा क्षति भएको छ । जलविद्युत परियोजना को कारण खानेपानीका मुहानहरु सुक्दै गएका छन् । खानेपानीका मुहानहरु वस्ति भन्दा टाढा रहेको कारण मर्मतसंभार गर्न समष्या रहेको देखिन्छ । खानेपानीका पाईपहरु ठूला भिर हुंदै आएका कारण वर्षातमा पहिरोको कारण क्षतविक्षत हुने गरेको छ ।

### ५.३.३ प्रमुख संभावना तथा अवसर

अन्नपूर्ण गाउँपालिकाका उच्च भेगका मुलहरूको पानीमा प्रसस्त प्राकृतिक मिनरल पाइने भएकाले त्यस क्षेत्रको पानीलाई प्रशोधन तथा प्याकिङ गरी राष्ट्रिय तथा अन्तरास्ट्रिय बजारमा बिक्रि गर्न सकिने सम्भावना रहेको छ ।

आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू नदी, खोलानाला र मूलको उपलब्धता प्रचुर मात्रामा रहनु, लिफ्टिङ प्रणालीबाट खानेपानी सुविधा पुर्याउन सकिने प्रविधिको विकास हुनु तथा नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस पालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य,**

- स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाईको अवस्थामा स्तरोन्नती भएको हुनेछ ।

**<u>रणनीति तथा कार्यनीति</u>**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वच्छ खानेपानीमा सहज पहुँच कायम गरी दिगो व्यवस्थापन गर्ने । | १.१ एक घर एक धारा कार्यक्रमलाई संघ, प्रदेश, स्थानीय सरकार, गैर सरकारी क्षेत्र र समुदायसँगको समन्वय र सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>१.२ खानेपानी तथा सरसफाई सहकारी संस्था गठन गरी खानेपानी तथा सरसफाइको दिगो तथा प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>१.३ खानेपानीमा स्वच्छता कायम गर्न खानेपानी परिक्षण तथा पानी स्वच्छता र प्रसोधन विधिको सम्बन्धमा समुदायलाई सुसूचित गरिनेछ ।<br>१.४ खानेपानीको अभाव हुने क्षेत्रमा लिफ्टिङ्ग विधिको प्रयोग गरी खानेपानी सुविधा उपलब्ध गराइनेछ ।<br>१.५ खानेपानी प्रणालीको नियमित मर्मतसम्भारको व्यवस्था मिलाइने छ । |
| २. व्यक्तिगत तथा सामुदायिक सरसफाई अभ्यासलाई प्रवर्द्धन गरी व्यवस्थित तथा दिगो तुल्याउने । | २.१ शौचालय नभएका घरमा अनिवार्य शौचालय निर्माणको सुनिश्चितता गरी खुला दिशामुक्त क्षेत्र कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>२.२ बजार केन्द्र तथा अत्याधिक जमघट हुने सार्वजनिक स्थलमा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थित गरिनेछ ।<br>२.३ सरसफाईजन्य आनीवानी विकास गर्न जनचेतना विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ घरभित्र निस्कने फोहोर व्यवस्थापनका लागि कुहिने फोहोरवाट मल र नकुहिने प्लास्टिकजन्य तथा शिशाजन्य फोहोरलाई पुनः प्रयोगको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।<br>२.५ टोल तथा सार्वजनिक स्थलमा हुने फोहोरको व्यवस्थापन गर्न टोलस्तरमा समुह गठन गरी अभियान सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **खानेपानी तथा सरसफाई** | | | | | | | | | | | | | | | |
| **एक घर एक धारा कार्यक्रम** | | | | | | | | | | | | | | | |
| सबै घरमा गुणस्तरीय खानेपानी सुविधा घर धुरी | संख्या | २५०० | २८०० | ३००० | ३२०० | ३५०० | ३५०० | **३५००** | ५००० | ६००० | ५००० | ४००० | ३००० | **२३०००** | |
| खानेपानी समितिमार्फत व्यवस्थापन संयन्त्र तयार | संख्या | १ | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ६०० | ६०० | ६०० | **२८००** | |
| **सरसफाई जनचेतना कार्यक्रम** | | | | | | | | **०** | | | | | | | |
| सरसफाई सप्ताह | पटक | ० | १ | १ | १ | १ | १ | **५** | २५० | २५० | २५० | ३०० | ३०० | **१३५०** | |
| विद्यालय अतिरिक्त कक्षा | पटक | ० | २ | २ | २ | २ | २ | **१०** | १० | १० | १५ | १५ | २० | **७०** | |
| युवा क्लव, आमासमुह तथा वालक्लव प्रशिक्षण | पटक | ३ | ५ | ६ | ७ | ७ | ८ | **३३** | १५० | २०० | २५० | ३०० | ३५० | **१२५०** | |
| **एक घर एक शौचालय कार्यक्रम, सरसफाई अभियान** | | | | | | | | **०** | | | | | | | |
| शौचालय निर्माण सहयोग अति गरिव परिवारको लागि पक्कि शौचालय | संख्या | ३४७५ | १५ | १० | ० | ० | ० | **२५** | १५०० | १२०० | ० | ० | ० | **२७००** | |
| प्यान सहितका सौचालय, शौचलयकको सरसफाई र उचित प्रयोग जनचेतना | पटक | ० | २ | २ | २ | २ | २ | **१०** | १०० | १०० | १०० | १०० | १५० | **५५०** | |
| **सालवसाली कार्यक्रम** | | | | | | | | **०** | | | | | | | |
| नियमित कार्यक्रम | एकमुष्ठ | ३ | ४ | ५ | ५ | ५ | ६ | **२५** | ५०० | ६०० | ७०० | ८०० | ९०० | **३५००** | |
| **खानेपानी तथा सरसफाईको जम्मा** | | | | | | | | **०** | | | | | | ३५२२० | १.०२ |

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल २.३:** स्वस्छ खानेपानीको सहज उपलब्धतार सरसफाईको अवस्थामा स्तरोन्नती भएको | निजीधारा उपलब्ध घरपरिवार | प्रतिशत | ४ | १५ | ५० | १०० | -गाउँ वस्तुस्थिति विवरण<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९३.६५ | ९४ | ९७ | १०० | | |
| | स्वच्छ (प्यान भएको) शौचालय | प्रतिशत | ८९ | ९१ | ९५ | १०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| हुनेछ। | भएका घरधुरी | | | | | | प्रतिवेदन | प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने जनसंख्या | प्रतिशत | ७८.९ | ८२ | ९० | १०० | | |
| | फोहोर विसर्जन स्थल भएको घरपरिवार | प्रतिशत | ० | ५ | २० | ३० | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ० | ५ | ८ | १२ | | |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

अन्नपूर्ण गाउँपालिका पर्यटन र कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ । त्यसैगरी ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

### ५.४.२ प्रमुख समस्या तथा चुनौति

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन ।

लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरु भएता पनि दलित, महिला, अपाङ्गाता भएका व्यक्ति, बालबालीका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरु हुन सकेको छैन । वाल विवाह, लैङ्गिक हिंसा, दलित तथा विपन्न तथा वाल हिंसाका घटनाहरु निर्मूल हुन सकेको छैन । लैंगिकहिंसा पिडीत, महिलाको पहिचान हुनसकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकारवालहरुबाट सशक्त रुपमा उठन सकेको छैन । छुवाछुत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पिडित र असहायहरुका लागि विषेश व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको संजाल गठन भएको तर कृयाशिल हुन सकेको छैन । लक्षित वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ प्रमुख संभावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा सहाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके गाउँपालिकाले समतामुलक, समृद्ध पालिकाको रुपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु आदि अवसरका रुपमा रहेका छन ।

## ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

**उद्देश्य,**

- लक्षित वर्गको आत्मसम्मान, आत्मनिर्भरता र सहभागितामा अभिवृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैङ्गिक हिंसालगायत सबै खाले हिंसा, शोषण र विभेदको व्यवहारिक अन्त्य गर्ने । | १.१ बालमैत्री तथा लैंगिक हिंसामुक्त गाउँ निर्माणका लागि पाँच वर्षे कार्ययोजना तयार गरी सरोकारवाला सबैलाई परिचालन गरिनेछ ।<br>१.२ गाउँपालिकास्तर तथा वडास्तरमा सबै अपांग सहित लक्षित वर्गका सञ्जाल गठन गरी कृयाशिल गराइनेछ ।<br>१.३ छुवाछुत तथा सामाजिक विभेदको अन्त्य गर्न जनचेतनामुलक कार्यक्रमलाई सञ्चालन गरिनेछ । |
| २. लक्षित वर्ग आत्मसम्मानको अभिबृद्धि गर्दै क्षमता विकास तथा आत्मनिर्भरताका अवसर उपलब्ध गराउने । | २.१ निर्णायक तहमा लक्षित वर्गको अर्थपुर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक तहबाट अग्रसरता लिईनेछ ।<br>२.२ लैङ्गिक समानता तथा महिला अधिकारलाई व्यवहारिक कार्यान्वयका लागि पहल गरिनेछ ।<br>२.३ जेष्ठ नागरिकको आत्मसम्मान र विशिष्ट अनुभव पुस्तान्तर प्रसारका लागि ज्ञान प्रसार तथा मनोविनोदस्थल स्थापना गरिनेछ ।<br>२.४ जातिय, धार्मिक तथा साम्प्रदायिक सहिष्णुता कायम गर्न अन्तरजातिय विवाहलाई प्रोत्साहन गरिनेछ ।<br>२.५ अनाथ तथा असहाय जेष्ठ नागरिकको लागि उचित व्यवस्था सहितको आवासिय सेवा उपलब्ध गराईने छ ।<br>२.६ सबै स्वास्थ्य चौकीमा किशोरमैत्री परामर्श सेवा उपलब्ध गराईने छ । |
| ३. लक्षित वर्गलाई स्वरोजगारका अवसर उपलब्ध गराइ हित प्रर्वद्धन गर्ने । | ३.१ आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, दलित, अपाङ्ग र जनजाति वर्गको लागि स्थानीयस्तरमा रोजगारीका अवसरका सृजनागर्न आवश्यक तालिम तथा व्यवसाय स्थापना गर्न प्रोत्साहनका अवसर उपलब्ध गराइनेछ ।<br>३.२ लक्षित वर्गका लागि लोक सेवा, प्रहरी, शिक्षक सेवा तयारी कक्षामा सहभागी हुने अवसरलाई थप विशिष्टिकृत तथा गुणात्मक गराईनेछ ।<br>३.३ दलित वर्गको परम्परागत सीपलाई प्रवर्द्धन गरी थप व्यवसायिक गराईनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | | | | | | | | | | | | |
| **लक्षित वर्ग आत्मनिर्भर कार्यक्रम** | | | | | | | | ० | | | | | | | |
| स्वरोजगार तालिम (बाख्रापालन, बंगुर पालन कुखुरा पालन, तरकारी खेती, फलफुल खेती, हस्तकला, पर्यटन व्यवसाय तालिम) | संख्या | ५ | १२ | १५ | १७ | २० | २५ | ८९ | १२०० | १५०० | १७०० | २००० | २५०० | ८९०० | |
| **लक्षित वर्ग क्षमता विकास** | | | | | | | | ० | | | | | | | |
| लक्षित वर्ग सञ्जाल पालिका तथा वडा तहमा गठन तथा परिचालन ( महिला, अपांग, जेष्ठ नागरीक, वाल सञ्जाल ) | संख्या | ० | २ | २ | ० | ० | ० | ४ | २०० | २०० | | | | ४०० | |
| सचेतनामुलक तालिम | पटक | ४ | ७ | ७ | ८ | १० | १२ | ४४ | ३०० | ४०० | ४०० | ४५० | ५०० | २०५० | |
| सञ्जाल क्षमता विकास | पटक | ० | २ | २ | १ | १ | १ | ७ | १०० | १०० | ६० | ६० | ७० | ३९० | |
| जेष्ठ नागरिक मनोविनोद केन्द्र स्थापना | संख्या | ० | २ | २ | २ | २ | १ | ९ | ५० | ५० | ५० | ५० | ४० | २४० | |
| दलित विकास आवधिक विकास योजना तयारी | संख्या | ० | ० | १ | ० | ० | | १ | ० | ४०० | ० | ० | ० | ४०० | |
| **सामाजिक विकृति निरुपण कार्यक्रम** | | | | | | | | ० | | | | | | | |
| बाल अधिकार तथा महिला अधिकारसम्बन्धमा संजालहरुलाई तालिम | पटक | ० | २ | २ | २ | २ | २ | १० | ८० | १०० | १२० | १३० | १४० | ५७० | |
| महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध वडास्तरमा अन्तरकृया तथा सडक नाटक र होर्डिङ्ग बोर्ड स्थापना | पटक | ० | २ | २ | २ | २ | २ | १० | ८० | १०० | १२० | १३० | १४० | ५७० | |
| महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध एक हप्ते अभियान सञ्चालन | पटक | ० | १ | १ | ० | ० | ० | २ | १२० | १२० | ० | ० | ० | २४० | |
| **असहाय तथा हिंसा पिडित उद्दार कोष स्थापना** | | | | | | | | ० | | | | | | | |
| गाउँपालिकास्तरमा | पटक | ० | ० | १ | | | | १ | | १००० | | | | १००० | |
| **सेवा आयोग परिक्षा तयारी सहयोग** | | | | | | | | ० | | | | | | | |
| लोक सेवा आयोग तथा सुरक्षा निकाय परिक्षा तयारी | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १५० | १५० | १६० | १७० | २०० | ८३० | |
| शिक्षक सेवा आयोग परिक्षा तयारी | पटक | ० | १ | १ | १ | १ | १ | ५ | १५० | १५० | १६० | १७० | २०० | ८३० | |
| जेष्ठ नागरीक तथ अपाङग भएका व्यक्तिहरुको लागि न्यानो कपडा वितरण | पटक | १ | १ | १ | १ | १ | १ | ५ | २५० | २५० | २६० | २७० | ३०० | १३३० | |
| उपाध्यक्षसंग सुत्केरी महिला तथा वच्चा भेटघाछ र स्वस्थ्य सामाग्रि वितरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५०० | ५५० | ५५० | २६०० | |
| दलित युवा तथा महिलाको लागि आयआर्जन कार्यक्रम | | १ | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५०० | ५५० | ५५० | २६०० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **सालवसाली कार्यक्रम** | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १५०० | १६०० | १७०० | १८०० | १९०० | **८५००** | |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको जम्मा** | | | | | | | | ० | | | | | | **३१४५०** | ०.९१ |

## ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल २.४:** लक्षित वर्गको आत्मसम्मान, आत्मनिर्भरता र सहभागितामा अभिवृद्धि भएको हुनेछ। | नेतृत्वदायी पदमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | संख्या | ४० | ४५ | ५५ | ७० | -गाउँ वस्तुस्थिति विवरण<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-संरक्षण प्राप्त गर्नै वालवालिका भएमा मात्रै | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ। |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | २० | १५ | १० | ३ | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | २०१ | २५० | ४०० | ६०० | | |
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | २२.५ | २५ | ३० | ५० | | |
| | संरक्षण प्राप्त अनाथ बालवालिका | संख्या | ० | ० | ३ | ५ | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या करिव ४० प्रतिशत रहेको छ । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक(आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ ।

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ । त्यसैले "सबैका लागि खेलकुद" भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बाालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई पालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ ।

पालिका क्षेत्रमा १० वटा खेल मैदानहरु रहेका छन भने  जिल्ला तथा प्रदेश स्तरकामा प्रतिनिधित्व गर्ने २ जना खेलाडी रहेका छन् । गाउँपालिका भित्र कृयाशिल २९ वटा युवा क्लवमा ४०६ जना युवा आवद्ध रहेका छन् । उद्यम, व्यवसाय र रोजगारीमा संलग्न युवा संख्या ३५० रहेको छन् ।

### ५.५.२ प्रमुख समस्या तथा चुनौति

अन्नपूर्ण गाउँपालिका क्षेत्रमा युवा पलायन मुख्य समस्याका रुपमा रहेको छ । युवा रोजगारी तथा उद्यमशीलताको कमी रहको छ । खेलकुद व्यवसायिक हुन सकेको छैन भने गुणस्तरीय खेल मैदानको कमी रहेको छ । खेल क्षेत्रको विकासका लागि खेल मैदान, खेल प्रशिक्षण तथा खेलकुदको नियमित आयोजनामा कमी रहेको छ । रोजगारी, अध्ययन तथा अवसरको खोजीमा देशकै अन्य क्षेत्र तथा विदेशमा युवाहरु जाने प्रवृति रहेको छ । भौगोलिक विकटता तथा उपयुक्त स्थलको अभावमा खेल मैदानको निर्माणमा कठिनाई रहेको छ । गाउँपालिकाको अधिकांश जग्गा भिरालो हुंदा प्रयाप्त खेल मैदान नभएको र अधिकांश ठाऊंमा स्थानीय विद्यालयको मैदानलाई खेल मैदानको रुपमा प्रयोग गरिएको छ ।

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा(पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार (आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन ।

### ५.५.३  प्रमुख संभावना तथा अवसर

गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ४८ प्रतिशत छ । यो उमेर समूहलाई गाउँपालिकाकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेकोछ ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रुपमा रहेका छन ।

## ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवा जनशक्तिलाई गाउँपालिकाको सामाजिक र आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य,**

- युवा आत्मनिर्भरता तथा खेल क्षेत्रमा अवसर सृजना भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. खेलकुदको विकासमा गुणात्मक सुधार ल्याउन पुर्वाधार, संस्थागत संरचना तथा अवसर उपलब्ध गराउने । | १.१ निर्माणधीन रंगशालालाई छिटो निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । खेलकुदको विकासमा सबै क्षेत्रलाई प्राथमिकता दिइ हरेक वडामा स्तरीय खेल मैदानको निर्माण गरिनेछ ।<br>१.२ खेलकुदको विकास गर्न गाउँपालिकास्तरमा खेलकुद समिति गठन गरिनेछ । खेलाडीको प्रोत्साहनका लागि खेल प्रशिक्षण तथा सामग्रीको उचित व्यवस्था गरिनेछ ।<br>१.३ पालिकास्तरमा नियमित रुपमा खेल आयोजना गरी दुव्यर्सनमुक्त खेलको मान्यता स्थापित गर्न पहल गरिनेछ ।<br>१.४ राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा संलग्न खेलाडीलाई उचित सम्मान र प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१.५ उच्च उचाई खेलकुद प्रतियोगिता र तालिमा सञ्चालन गरिने छ । |
| २. युवा पलायन रोक्न आत्मनिर्भरता र स्वरोजगारीका लागि अवसरको सृजना गर्ने । | २.१ प्राविधिक तथा अप्राविधिक क्षेत्रमा तालिम, कर्जालगायत प्रोत्साहनको व्यवस्था गरी युवा स्वरोजगारीका अवसरको सृजना गरिनेछ ।<br>२.२ कृषि, उद्योग तथा व्यापारका सफल अनुभवलाई युवामाझ सुसूचित गरी व्यवसायिक क्षेत्रमा उत्प्रेरित गरिनेछ ।<br>२.३ सामाजिक, आर्थिक र राजनितिक क्षेत्रमा युवाको भुमिकालाई सुनिश्चित गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **युवा तथा खेलकुद** | | | | | | | | | | | | | | | |
| **युवा स्वरोजगार कार्यक्रम** | | | | | | | | | | | | | | | |
| इलेक्ट्रिक वाइरिङ्ग तालिम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ३५० | ४०० | ५०० | ६०० | ६५० | २५०० | |
| ड्राइभिङ्ग | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ३५० | ४०० | ५०० | ६०० | ६५० | २५०० | |
| मोवाइल मर्मत | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ३५० | ४०० | ५०० | ६०० | ६५० | २५०० | |
| कफी खेती, अलैची, अमला, | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ३५० | ४०० | ५०० | ६०० | ६५० | २५०० | |
| काष्ठजन्य सामाग्री, चिज, सिस्नु पाउडर, सावुन उत्पादन , जडिवुटि प्रशेधन लगायत | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ३५० | ४०० | ५०० | ६०० | ६५० | २५०० | |
| **खेलकुदपूर्वाधार विकास कार्यक्रम तथा सामुदायिक भवन भौतिक पुर्वाधार विकास कार्यक्रम** | | | | | | | | ० | | | | | | | |
| एक वडा एक खेल मैदान, तार वार र भौतिक पुर्वाधार व्यवस्थापन | संख्या | २ | २ | २ | २ | ० | ० | ६ | १००० | १२०० | १४०० | | | ३६०० | |
| कवर्ड हल | पटक | ० | ० | १ | १ | १ | ० | ३ | | २००० | २००० | २००० | ० | ६००० | |
| पार्क, पौवा, चौतारो, प्रतिक्षालय, सामुदायिक भवन र प्रतिक्षालयको निर्माण र मर्मत | संख्या | २ | ५ | ५ | ५ | ५ | २ | २२ | २००० | २५०० | ३००० | ३५०० | १५०० | १२५०० | |
| **खेलकुद तथा खेलाडी प्रोत्साहन कार्यक्रम** | | | | | | | | ० | | | | | | | |
| वार्षिक रुपमा पालिकास्तरीय खेल आयोजना र खेलाडी सम्मान तथा पुरस्कार | पटक | १ | २ | २ | २ | २ | २ | १० | ३०० | ३०० | ३५० | ३५० | ४०० | १७०० | |
| क्रिकेट, फुटवल र भलिवल प्रशिक्षण | पटक | ० | २ | २ | १ | १ | २ | ८ | ३०० | ३०० | २०० | २०० | ३५० | १३५० | |
| **सालबसाली कार्यक्रम** | | | | | | | | ० | | | | | | | |
| नियमित कार्यक्रम | पटक | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | २००० | २२०० | २४०० | २६०० | | ९२०० | |
| **युवा तथा खेलकुदको जम्मा** | | | | | | | | ० | | | | | | ४६८५० | १.३६ |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल २.५:** युवा आत्मनिर्भरता तथा खेल क्षेत्रमा अवसर सृजना भएको हुनेछ । | सकृय युवाक्लब, संजाल तथा संस्था, वाल क्लवा वाल संजाल | संख्या | ३६ | ४० | ७० | ९० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।<br>- युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ । |
| | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ४०६ | ४३० | ८०० | १००० | | |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ४३४ | ४६० | ८०० | १२०० | | |
| | कभर्ड हल तथा खेलकुद मैदान, पालिका स्तरीय | संख्या | ५ | ६ | ७ | ८ | | |
| | जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | १ | ३ | ६ | ८ | | |

# परिच्छेद ६ : पूर्वाधार विकास योजना

समग्र आर्थिक, सामाजिक बिकास र सेवा सुविधा प्रवाहका लागि भौतिक पूर्वाधार बिकास क्षेत्रको भूमिका अग्रणी एवं महत्वपूर्ण रहदै आएको छ । स्थानीय तहको समग्र बिकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार बिकास क्षेत्रमा मूलतः सडक, पुल निर्माण, परम्परागत गोरेटो बाटो, पक्की तथा झोलुङ्गे पुल, आवास, भवन तथा वस्ती बिकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि विषय क्षेत्रको विकास र विस्तार दिगो संचालन सम्बन्धी विश्लेषण, लक्ष्य तथा उद्देश्य, सो हासिल गर्ने रणनीति तथा कार्यनीति, मार्गनिर्देशक कार्यक्रमलाई यस परिच्छेदको विश्लेषणमा समावेश गरिएको छ ।

## ६.१ आवास, वस्ति विकास तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

अन्नपूर्ण गाउँपालिका प्रचुर संभावना र चुनौति दुवैको संमिश्रण रहेको एक हिमाली गाउँपालिकाको रुपमा चित्रित छ । भौतिक पूर्वाधारहरु खासगरी सडक संजाल गाउँभरी फैलिएको छ । वडाहरु एक आपसमा सडक संजालवाट जोडिएका छन् । यो गाउँपालिका विकट भू-धरातलीय अवस्थाका कारण यस क्षेत्रको विकासमा अनेकौं चुनौतिहरु विद्यमान रहेका छन् । कठिन धरातलमा छरिएर रहेका डाँडापाँखाहरुका वस्तीहरुमा भौतिक पूर्वाधारहरु पुऱ्याई नागरिकहरुको जनजीवनलाई सहज बनाउनु यस गाउँपालिकाको लागि त्यति सहज छैन तथापी सीमित श्रोत साधनवाट नागरिकहरुको वढ्दो आवश्यकता र चाहनाहरु पूरा गर्ने प्रयास गरिएको छ ।

सार्वजनिक संरचनातर्फ गाउँ कार्यपालिकाको आफ्नो प्रशासनिक भवन निर्माणा हुन सकेको छैन । कुल ८ वटा वडा समितिको कार्यालयमध्ये ७ वटा वडा समितिको कार्यालय आफ्नै भवनमा सञ्चालित रहेका छन् । वडा नं ७ को वडासमितिको कार्यालयको आफ्नो भवन छैन । ६ वटा स्वास्थ्य चौकीको भवन रहेको छ । वड नं १ र ४ मा स्वास्थ्य चौकीको आफ्नो भवन छैनन् । गाउँपालिकाभरी सानाठूला गरी ७ वजार क्षेत्र मध्ये ४ प्रमुख बजार केन्द्रहरु रहेको तथा ती वजार आसपासका क्षेत्रहरुमा वस्ती बिकासको क्रम तिव्र रहेको छ । उक्त वजार केन्द्रहरुमा भुरुङ् वडा नं २, दाना वजार वडा नं ३, पोखरेवगर वडा नं ६ र घोडेपानी वजार वडा नं ६ रहेका छन् । गाउँपालिका मा करिव ९६.९७ प्रतिशत घरधुरी आफ्नै अर्थात निजि घरमा वस्ने गरेका छन् । गाउँपालिका मा स्थानीय कला संस्कृति झल्किने घरहरु रहेका छन् । तुलनात्मक रुपमा वडा नं ७ का वस्तिहरुमा अझै पुराने संस्कृति झल्किने आकर्षक घरहरु छन् ।

### ६.१.२ प्रमुख समस्या तथा चुनौति

गाउँपालिका वस्तिहरु व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरुमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम संचालनमा नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका वजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतिक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरु अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरुको कमी रहेको देखिन्छ । अति विपन्न घरपरिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु, भूकम्प पश्चात्को पुनर्निमाण कार्यमा ढिलाई हुनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति गाउँपालिकामा क्रियाशील नहुनाले पनि निजी आवासहरु सुरक्षित नहुनसक्ने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रुपमा रहेको चट्याङ्गको उच्च जोखीम रहनुपनि वासोवासका हिसावले समस्याको रुपमा रहेको देखिन्छ ।

भिरालो जमिन, खोलानालाको किनारमा वस्तिहरु रहेका, छरिएर रहेको वस्ति, वढ्दो वसाई सराई प्रवृति, स्थानीय कला संस्कृति झल्किने घरहरु रहेका, यहांका घरपरिवारहरु वसाई सराई गर्ने प्रकृति वढ्दै गएको छ, विना नक्सा र विना प्राविधिक स्टिमेटका आधारमा घरहरु वनेका, पुराना घरहरु भएका कारण भुकम्पको जोखिम रहेको, अझैपनि धेरै घरहरु खर र ढुंगाले छाएका, वस्तिहरु नदि कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरुको

निर्माण मापदण्डअनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रुपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकताअनुसार हुन नसकेको, वस्तीहरु बीचको दुरी टाढा हुनु, र घर निर्माणमा परम्परागत प्रविधिको उपयोगको बाहुल्यता रहेको देखिएको छ ।

### ६.१.३ प्रमुख संभावना र अवसर

पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा बृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहेको छ । गाउँपालिकाले एकीकृत जग्गा विकास परियोजना मार्फत नगर क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरूयोजना बनाएर नयाँ शहर अवधारणा अनुसारका नयाँ व्यवस्थित वस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ ।

नगरक्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसरहरू छ ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य,**

- सुरक्षित आवास, व्यवस्थित बजार तथा सार्वजनिक सुविधामा अभिवृद्धि भएको हुनेछ,

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी नीति र योजना कार्यान्वयन गर्ने | १.१ सार्वजनिक निर्माण, वस्ती तथा वजार विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड वनाई अनुगमन तथा नियमन गरिनेछ ।<br>१.२ भूउपयोग नीति वनाई योजना कार्यान्वयन गरिने छ ।<br>१.३ भवन आचार संहिता लागु गरी कार्यान्वयनमा ल्याइनेछ । |
| २. गाउँपालिका र वडा समितिको कार्यालय भवन निर्माण गरी सेवा प्रवाह व्यवस्थित गर्ने | २.१ जग्गाको व्यवस्थापन गरी क्रमश सबै वडामा एकीकृत सेवा सहितको वडा समितिको कार्यालय भवन निर्माण गरिनेछ ।<br>२.२ वडा समितिको कार्यालयलाई सेवा प्रवाह र कार्यान्वयनको आधार केन्द्रको रुपमा विकास गरिनेछ । |
| ३. सुरक्षित तथा सुविधा सम्पन्न वस्तीको विकास गर्ने | ३.१ एकिकृत वस्ती विकासका लागि संभाव्यता अध्ययन गरी कम्तिमा २ वटा नमूना वस्तीको विकास गरिनेछ ।<br>३.२ व्यवस्थित बजार, पार्क, कार्यालय, आपकतकालिन सामाग्री भण्डार गृह लगायत सार्वजनक पूर्वाधार विकास स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः संचालन गरिनेछ ।<br>३.३ वस्ती, आवास तथा भौतिक विकासलाई एकिकृत भुउपयोग योजना तयार गरी व्यवस्थित र निर्देशित गरिनेछ । |
| ४. गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने | ४.१ एकीकृत तथा नमूना वस्ती विकास र बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरुको निर्माण गरिनेछ ।<br>४.२ स्थानीय प्रमुख बजार केन्द्रहरुको भौतिक विकास योजना अनुसार आधारभूत पूवार्धार विकास गरिनेछ ।<br>४.३ बजार र वस्तीको क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थानमा समेतको व्यवस्था गरिनेछ ।<br>४.४ सुरक्षित आश्रय स्थल, ज्येष्ठ नागरिक, युवा क्लव, पुस्तकालय समेत |

| रणनीति | कार्यनीति |
|---|---|
| | रहन सक्ने गरी सामुदायिक भवन निर्माण गरिने छ।<br>४.५ सबै वडाहरुमा खुल्ला क्षेत्र पार्क तथा खेल मैदान निर्माण गरिने छ। |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माण** | | | | | | | | | | | | | | | |
| **आधारभूत पूर्वाधार निर्माण तथा बजार व्यवस्थापन** | | | | | | | | | | | | | | | |
| भुरुङ् तातोपानी, दाना, पोखरेवजार, खोप्रा, घोरेपानी, शिखदेउराली, घार लगायतका वजार केन्द्रहरु | पटक | ० | १ | २ | २ | २ | १ | | ५०० | १२०० | १४०० | ७०० | ७५० | ४५५० | |
| घोरेपानी एकिकृत विकास योजना (ढल, फोहरमैमा व्यवस्थापन तथा खानेपानी योजना निर्माण) | संख्या | ० | ३ | ३ | ३ | ३ | २ | | १०००० | १०००० | १०००० | २०००० | १०००० | ६०००० | |
| **सुरक्षित बसोबास तथा वस्ती संरक्षण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| धसेरो सिम, तल्ला गाउँ, मुलपानी वस्ति, किदु धस्केखोर, स्वांत, फलाटे, घोप्टेखर्क, कुमनी, मौरीघार लगायतका पहिरो र नदिकटानको जोखिममा रहेका वस्तिहरु | संख्या | ३ | २ | २ | २ | २ | २ | १० | ६०० | ७०० | ८०० | ९०० | १००० | ४००० | |
| **पार्क निर्माण कार्यक्रम तथा पिक्निक स्थल निर्माण योजना** | | | | | | | | | | | | | | | |
| पुनहिल, करपाकेली, खरवराही, नगी वराही, पेरीवराही, गुरांसे जंगल लगायतका स्थलहरु | संख्या | २ | १ | १ | १ | २ | १ | ६ | १००० | ११०० | १२०० | २५०० | १३०० | ७१०० | |
| विशेष लक्षित जनता, सुरक्षित आवास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | | ४००० | ४२०० | ४४०० | ४६०० | ४८०० | २२००० | |
| भूकम्प प्रतिरोधी भवन निर्माण सीप र प्रविधि विकास तालिमलक्षित वर्गका युवालाई केन्द्रित गर्ने | पटक | १ | २ | २ | २ | २ | | | २०० | ३०० | ४०० | ५०० | ६०० | २००० | |
| **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | | | | | | | | | | | ९९६५० | २.८९ |

## ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ३.२:**सुरक्षित आवास, व्यवस्थित बजार तथा सार्वजनिक सुविधामा अभिबृद्धि भएको हुनेछ। | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | २ | ४ | ५ | ६ | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | निजि घरमा वस्ने परिवार | प्रतिशत | ९६.९७ | ९७ | ९९ | १०० | | |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ८० | ८५ | ९० | १०० | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | २० | ३० | ६० | १०० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | १५ | २५ | ३५ | ५० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | १५० | ४०० | ६०० | ८०० | | |
| | व्यवस्थित नालाको लम्बाई | कि.मि. | २५ | ३३ | ६० | ९० | | |
| | चट्याङ रहित घर निर्माण | प्रतिशत | १० | १५ | ३० | ५० | | |

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । भौतिक पूर्वाधार आर्थिक विकास एव सामाजिक समृद्धिका आधारहरू हुन जसमा सडक यतायात तथा पुलको सबैभन्दा महत्त्वपूर्ण योगदान रहन्छ । पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एव संघीय सरकारबाट समेत अर्थिक एवं प्राविधिक सहयोग पुर्याउने व्यवस्था गरिएको छ । गाउँपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएकोछ । गाउँपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको एक क्षेत्र सडक तथा यातायात पनि हो ।

अन्नपूर्ण गाउँपालिकामा ३० मिनेटसम्मको दुरीमा यातायत पहुंच भएको परिवार संख्या ९० प्रतिशत रहेको छ । गाउँपालिका कार्यालयवाट विभिन्न वडा कार्यालय सम्मको अनुमानित दुरी कि.मि मा क्रमशः वडा नं १ मा ८ , वडा नं २ मा ५, वडा नं ३ मा ५ , वडा नं ४ मा ४, वडा नं ५ मा ८ , वडा नं ६ मा ६ , वडा नं ७ मा ४ र वडा नं ८ मा ५ रहेको छ । गाउँपालिका भित्र यातायत सुचारु सडक लम्वाई १२० कि.मि, नियमित मर्मत सम्भार भएको सडकको लम्वाई ८० कि.मि, अन्तरपालिका सडक विस्तार १२ कि.मि रहेको छ । यसैगरी पक्कि पुलको संख्या ५ रहेको र नयां पुलहरु सम्पन्न हुने क्रममा रहेका छन् । झलुङ्गे पुल संख्या ४० रहेका र अधिकांश झलुंगेपुलहरु २०७० पछि वनेको देखिन्छ । गाउँपालिका मा पहिरो नियन्त्रणको लागि ग्याविन वाल निर्माण २० कि.मि सम्मन्न भएको अवस्था छ । यसैगरी नयां ट्रायक खोलिएको सडक १ कि.मि रहेको छ । हाल सम्म सतह ढल २५ कि.मि, पक्कि सतह ढाकिएको १ कि.मि र नढाकिएको २४ कि.मि रहेको देखिन्छ । गाउँपालिकाको केही वडाहरुमा पुग्ने गरि कालिगण्डकी करिडोर निर्माणको चरणमा रहेको छ । विकास निर्माण कार्यको लागि आवष्यक ढुंगा, गिटी, वालुवा कालीगण्डकी किनारामा उपलव्ध छ जुन यस गाउँपालिकाको एउटा

### ६.२.२ प्रमुख समस्या तथा चुनौति

गाउँपालिका क्षेत्रभित्र सवै सडक खण्डहरु बाह्रै महिना यातायात संचालनमा कठीनाई रहनु, सडकहरुको वर्गीकरण एवं मापदण्ड निर्धारण भई नसकेको अवस्थाले गर्दा सडकको क्षेत्राधिकार कायम हुन नसक्नु, अधिकांश सडकहरु कम चौडाइका हुनु, पक्की सडक तथा स्तरोन्नती गरिएका ग्राभेल सडकको अभाव, सडक दायाँवायाँ नालीको समस्या, ग्राभेल सडक तथा जीर्ण अवस्थाका कारण आवतजावतमा कठिनाई, सडक कटान, रिटेनिङ वाल तथा पुल निर्माण जस्ता काममा ढिलाई जस्ता समस्याहरु प्रमुख रहेका छन । यसैगरी कतिपय झोलुङ्गे पुल रहेको स्थानसम्मको सहज सडक सुविधा विस्तार हुन नसक्नु, आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण नहुनुले पनि आवागमनमा असहज भएको देखिन्छ । सार्वजनिक यातायातका साधनहरु नियमित रुपमा संचालन नहुनु, जिपहरुले भाडा महंगो लिने गरेको, भाडाका सवारी साधनहरुको सवारी रुट यकीन नहुनु, ट्राफिक सचेतनाको कमी हुनु एवं सार्वजनिक सवारीको भाडादर बैज्ञानिक नहुनु अन्य समस्याको रुपमा रहेको देखिन्छ ।

गाउँपालिकाका सवै वडाहरुमा कच्चि सडक भएको हुंदा वर्षायाममा सडक सञ्चालन नहुनु ,सार्वजनिक यातायत नभएको हुंदा भाडादरमा नियमानुसार र यथार्थ नहुनु, कालिगण्डकीको तट अन्तर्गत हरेक वर्ष सडक निर्माण गरिने र अर्को ठाउँमा सडक कटान हुने समष्या, ग्रामिण वस्तिहरुका सडकहरुमा ढल तथा नालिको व्यवस्था नभएको, गाउंपालिकामा रहेको ठाडोखोलाको कुनै पनि ठाउंमा मोटरेवल पुल तथा कल्भर्टहरु रहेका छैनन् । पालिकाका ग्रामिण सडकहरुमा मापदण्ड वमोजिम चौडाई तथा ग्रेड मिलेको छैन, पालिकाको जग्गा जमिन भिरालो र कमजोर भुवनोट रहेको छ । यहांका विभिन्न ठाउंहरुमा भिर तथा घना जंगलहरु रहेका छन् । यहांका वस्तिहरु खोलानालाको किनारमा रहेका र छरिएर रहेका छन् । नारच्याङ, भुरुङ, तातोपानी , पोखरेवगर, दाना, महभिर आदि स्थानमा सतह ढल निकासको प्रवन्ध नभएको स्थिति छ ।

### ६.२.३ प्रमुख संभावना तथा अवसर

यस गाउँपालिकाका अधिकांस भूभाग समथर नभएको कारण सडक संजाल विस्तार गर्न सहज नदेखिएपनि स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु यस क्षेत्रको संभावनाका रूपमा लिन सकिन्छ । त्यसैगरी, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दीगो यातायात व्यवस्थापनका अवसरहरू हुन ।

आन्तरिक सडक सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच हुने ।

**उद्देश्य,**

- सहज आवागमन तथा सुदृढ अन्तरसम्बन्ध विकास भएको हुनेछ,

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. यातायात पहुँचमा सुधार एवं सडक संजाल विकास र विस्तार गर्ने | १.१ यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम गरी सडक निर्माण र संचालन गरिनेछ ।<br>१.२ गाउँपालिकाको रणनीतिक सडकहरुको प्राथमिकता अनुसार क्रमशः ग्राभेल र पिच गर्दै लगिनेछ ।<br>१.३ सडक नपुगेका प्रमुख वस्ती तथा बजार केन्द्रलाई लक्षित गरी अति जरुरी स्थानमात्र नयाँ ट्याक खोलिनेछ ।<br>१.४ सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>१.५ प्राथमिकताका आधारमा सडक निर्माण, मर्मतसंभार र यातायात संचालन गरिनेछ ।<br>१.६ सडकको स्तरोन्नति गर्दा पूर्व वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ । |
| २. सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने | २.१ सडकहरुमा सुरक्षित, भरपर्दो र सर्वसुलभ यातायात व्यवस्था संचालन गर्न निजी, सहकारी वा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>२.२ यातायात संचालन सम्वन्धी नीति, कानून तथा मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **सडक तथा यातायात** | | | | | | | | | | | | | | | |
| **१.१ कालोपत्रे सडक निर्माण** | | | | | | | | | | | | | | | |
| तातोपानी देखि मान्द्रे ढुंगा सम्मको कालोपत्रे सडक निर्माण | कि.मि. | ० | ० | २ | २ | २ | १ | **७** | | ३०००० | ३३००० | ३६३०० | १९००० | **११८३००** | |
| भिरकाटे दोवा सडक | कि.मि. | ० | ० | २ | २ | ३ | २ | **९** | | ३०००० | ३३००० | ४९५०० | ३६३०० | **१४८८००** | |
| **१.२ सडक ग्राभेल तथा स्तरोन्नति** | | | | | | | | | | | | | | | |
| महाभिर घराम्दि टिकोट सडक | कि.मि. | १५ | ३ | ३ | ३ | ३ | ३ | **१५** | १२००० | १३२०० | १४५२० | १५९७२ | १७५६९.२ | **७३२६१** | |
| महाभिर दोसल्ले, रिम, औल, राम्चे नागि सडक | कि.मि. | ४० | ८ | ८ | ८ | ८ | ८ | **४०** | ३२००० | ३५२०० | ३८७२० | ४२५९२ | ४६८५१.२ | **१९५३६३** | |
| घारखोला पाउदार, किन्दु स्वांत सडक | कि.मि. | २५ | ८ | ८ | ८ | ८ | ९ | **२५** | ३२००० | २६००० | २८६०० | ३१४६० | ३४६०६ | **१५२६६६** | |
| ठूलो वगर कटौजे सडक | कि.मि. | ३ | ० | १ | १ | १ | | **३** | | ४००० | ४४०० | ४८४० | ५३२४ | **१८५६४** | |
| **१.३ पक्की पुल निर्माण** | संख्या | | | १ | | १ | १ | **३** | | | १५००० | १७००० | १९००० | **५१०००** | |
| **१.४ सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार र सुधार** | | | | | | | | | | | | | | | |
| वडा स्तरीय सडकहरुको मर्मत संभार तथा स्तरउन्नती (८ वटै वडाहरु) | कि.मि | १२ | २४ | ३० | ३५ | ४० | ४० | **४०** | ९६०० | ११००० | १३००० | १४००० | १४५०० | **६२१००** | |
| महाभिर घराम्दि टिकोट सडक | कि.मि. | १५ | | ३ | ३ | ३ | ३ | **१२** | | १५०० | १८०० | २१०० | २४०० | **७८००** | |
| महाभिर दोसल्ले, रिम, औल, राम्चे नागि सडक | कि.मि. | ४० | | ५ | ५ | ५ | ५ | **२५** | | २५०० | २७०० | २९०० | ३१०० | **११२००** | |
| घारखोला पाउदार, किन्दु स्वांत सडक | कि.मि. | २५ | | ४ | ४ | ४ | ४ | **१६** | | १२०० | १४०० | १६०० | १८०० | **६०००** | |
| ठूलो वगर कटौजे सडक | कि.मि. | ३ | | १ | १ | १ | ० | **३** | | ३०० | ३०० | ३०० | | **९००** | |
| **१.५ वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण कार्यक्रम** | कि.मि. | | | | | | | | | | | | | | |
| अन्नपूर्ण पर्यटकीय मार्ग निर्माण (चार्नेङ् गाउँ वडा नं ४ वाट अन्नपूर्ण नर्द वेस क्याम्प ) | कि.मि | ५ | ० | ५ | ५ | ५ | ५ | **२०** | | १५०० | १७०० | १८०० | १९०० | **६९००** | |
| महाभिर घराम्दि टिकोट सडक | | १५ | | ३ | ३ | ३ | ३ | **१२** | | ९०० | १००० | ११०० | १२०० | **४२००** | |
| महाभिर दोसल्ले, रिम, औल, राम्चे नागि सडक | | ४० | | ८ | ८ | ८ | ८ | **३२** | | २४०० | २५०० | २६०० | २७०० | **१०२००** | |
| घारखोला पाउदार, किन्दु स्वांत सडक | | २४ | | ४ | | ४ | ४ | **२०** | | १२०० | १३०० | १४०० | १५०० | **५४००** | |
| **१.६ झोलुङ्गे पुल निर्माण** | संख्या | ४० | १ | २ | २ | २ | २ | **९** | ६००० | १२००० | १३२०० | १४५२० | १५९७२ | **६१६९२** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **१.७ वडास्तरका सडकको नयां ट्राक निर्माण** | कि.मि. | ० | १० | १० | १० | १० | १० | **५०** | ७००० | ७००० | ७००० | ७००० | ७००० | **३५०००** | |
| **सडक तथा यातायात जम्मा** | | | | | | | | | | | | | | ९६९३४६ | २८.१२ |

## ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |
| **असर ३:** सहज सडक सुविधा तथा सुरक्षित र व्यवस्थित बसोबासहुनेछ। (दिगो विकास लक्ष्य ६, ७, ९, ११, १३ ) | सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | २.७० | ३ | ३.५ | ४ | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ। |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ४ | ३ | २ | १ | | |
| | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ० | १५ | ८० | १४० | | |
| | पक्की घरमा बसोबास गर्ने परिवार | संख्या | २७० | ३५० | ७०० | १२०० | | |
| | स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | ५ | १० | १५ | | |
| **प्रतिफल ३.१:**सहज आवागमन तथा सुदृढ अन्तरसम्बन्ध विकास भएको हुनेछ (दिगो विकास लक्ष्य ११, १३, १४, १५ ) | पक्की सडक | कि.मि. | ६ | १० | ३० | ६० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | ग्राभेल सडक | कि.मि. | ८० | ११५ | १५० | २०० | | |
| | पक्की पुल | संख्या | ५ | ७ | ९ | १२ | | |
| | सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | ५० | ७० | १०० | १३० | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | संख्या | ८० | ९० | १०० | १५० | | |
| | सडक ढल | कि.मि | २५ | ३३ | ६० | ९० | | |
| | गाउँपालिकामा यातायत सुचारु सडक लम्वाई | कि.मि | १२० | १५० | २०० | २३० | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ४० | ६० | ८० | १०० | | |

## ६.३ विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत्उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दीगो र भरपदी विद्युत्को पहुँच सबै नागरिकमा पुगिनसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत विकास र व्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपदी स्रोतको रूपमा विद्युत उर्जालाई लिने गरिन्छ ।

अन्नपूर्ण गाउँपालिकाको वडा नं ४ मा ४२ मेघावाट म्रिस्तीमा, ५४ मे.वा. निलगिरी, ५ मे.वा घलेम्दी र वडा नं ६मा १४ मे.वा. को घरखोला जलविद्युत योजनाहरु निर्माण कार्यको अन्तिम चरणमा पुगेको अवस्था छ भने वडा नं ३ र ४ मा २४३ मे.वा. कालिगण्डकी गर्ज, १२० मे.वा. मध्य कालीगण्डकी र वडा नं २ र ६ मा अवस्थित १३० मे.वा. तल्लो कालिगण्डकी जलविद्युत परियोजना निर्माणको क्रममा रहेको छ । गाउँपालिकामा विद्युत पुगेको घरधुरी संख्या ३२०० अर्थात ९८ प्रतिशत छ भने २ वटा व्लक उद्योगमा औद्योगिक लाईन जडान भएको, व्यापारीक जडान १५, ट्रान्सफरमर संख्या १६ र स्वीचिङ् स्टेशन १ रहेको छ । ९३.२८ प्रतिशत घरधुरीले खाना पकाउने ईन्धनको आधारमा दाउराको प्रयोग गरेको र यो क्रम घट्दै गएको छ । सोलार जडान भएको घरपरिवारलाई विद्युतले विस्तापित गर्ने गाउँपालिकाको नीति रहेको छ । जल विद्युत उत्पादनको प्रचुर संभावना बोकेका वाह्रै महिना बहने खोला तथा नदी रहेका छन् । खाना पकाउन उपयोग हुने प्रमुख उर्जाको श्रोत दाउरा स्थानीयस्तरमै प्रसस्त उपलब्ध रहेको छ ।

### ६.३.२ प्रमुख समस्या तथा चुनौति

गाउँपालिकाभर राष्ट्रिय प्रसारण लाइनको विद्युत विस्तार नहुनुले पनि सबै घरपविारमा विद्युत सेवाको पहुँच हुन नसकेको अवस्था देखिन्छ । पर्यटकीय क्षेत्रहरुमा थ्रि फेज लाईनको आवष्यहता छ । स्थानीय खोलाहरुको लाईसन्स गाउँपालिका भन्दा वाहिरका व्यक्तिहरुले लिएको र यसले विद्युत उत्पादन विलम्व हुने गरेको अवस्था देखिन्छ । महत्वपूर्ण स्थानहरुमा सडकबत्तीको व्यवस्था नहुनु, घरभित्रको धुवाँलाई व्यवस्थित गर्न सुधारिएको चुल्होको प्रयोगको व्यापकता हुन नसक्नुजस्ता समस्या पनि विद्यमान रहेको छ ।

अधिकांश वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ । वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक बिकटता रहेका र ग्रामिणस्तरमा छरिएको बस्तीहरूमा विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ६.३.३ प्रमुख संभावना तथा अवसर

अन्नपूर्ण क्षेत्रमा जलविद्युत उत्पादनकोलागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेकोछ । कालिगण्डकी गर्ज, मध्य कालीगण्डकी र तल्लो कालिगण्डकी जल विद्युत आयोजना पुरा भए पछि बिद्युत आपुर्तिमा ठूलो योगदान हुनेछ । सेती नदिबाट पनि प्रयाप्त मात्रामा विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादनलाई बृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न सहज हुनेछ ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्ने ।

**उद्देश्य,**

- सुलभ उर्जाको पहुँच र उपयोगमा बृद्धि भएको हुनेछ,

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्पूर्ण घरपरिवारमा तथा महत्वपूर्ण स्थानहरुमा उज्यालो पुऱ्याउने | १.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा सवस्टेशन वनाई सबै वडामा राष्ट्रिय प्रसारण लाइन विस्तार गरिने छ ।<br>१.२ विद्युत सुविधा नपुगेका घरपरिवारमा सोलार सुविधा जडान कार्यलाई प्रवर्द्धन गरिनेछ ।<br>१.३ स्वास्थ्य संस्था र माध्यमिक विद्यालयमा पावर व्याकअप तथा इन्टरनेटको व्यवस्था गरिनेछ ।<br>१.४ जल विद्युतमा स्थानीय व्यक्तिहरुको सेयर लगानीको पहल गरिने छ । |
| २. बैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धन गरी पहुँच र उपयोग बृद्धि गर्ने | २.१ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच बृद्धि गरिनेछ ।<br>२.२ दाउराको प्रयोगलाई कम गर्दै लैजान सुधारिएको चुलो, बायोब्रिकेट जस्ता दाउराको किफायती नविकरणीय ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>२.३ सीमान्तकृत समुदाय एवं दलित घरपरिवारहरुमा अनुदानमा सौर्य ऊर्जा जडान गरिनेछ ।<br>२.४ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **विद्युत तथा उर्जा** | | | | | | | | | | | | | | | |
| विद्युत लाइन विस्तार कार्यक्रम, काठका पोलहरु विस्तापन कार्यक्र | पटक | १ | १ | १ | १ | १ | १ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| वडा नं ६ का वस्तिहरु, वडामा विद्युत सेवा विस्तार गर्ने, वडा नं ३, ५, ६, ७, र ८ मा रहेका काठका पोलहरु विस्तापन गरि फलाम वा स्टिलका पोलहरु राख्ने | पटक | १ | १ | १ | १ | १ | १ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| वजार क्षेत्रमा सडकबत्तीको व्यवस्था गर्ने,कालिगण्डकी तटिय क्षेत्रमा रहेका विद्युत पोलहरुको दिगो व्यवस्थापन | | १ | १ | १ | १ | १ | १ | | ५०० | ५०० | ५०० | ५०० | १००० | ३००० | |
| वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | | १ | १ | १ | १ | १ | १ | | ५०० | ६०० | ७०० | ८०० | १००० | ३६०० | |
| **विद्युत तथा वैकल्पिकउर्जाको जम्मा** | | | | | | | | | | | | | | १६६०० | ०.४८ |

## ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ३.३:** सुलभ उर्जाको पहुँच र उपयोगमा बृद्धि भएको हुनेछ। | सडक वत्ती जडान भएका स्थान | संख्या | २ | ४ | ६ | ७ | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ।<br>- वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको कार्यक्रममा बृद्धि हुनेछ। |
| | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९८ | ९९ | १०० | १०० | | |
| | सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | ८ | १४ | २० | | |
| | धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | ७ | १० | २० | ४० | | |

## ६.४ सूचना तथा संचार प्रविधि

### ६.४.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि सेवा पहूँच भने ९० प्रतिशत मात्रै छ। अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारू हुन सकेको छैन । गाउँपालिकामा पत्रपत्रिका तथा रेडियो, एफएम लगायतका माध्यमले सञ्चार सुविधा पुर्‍याएका छन भने टेलिभिजन, केवल नेटवर्क र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

गाउँपालिकाको व.नं २ को मुन्द्रा चढाउने डांडामा ठूलो ईकाईको मोवाईल टावर निर्माण गर्दा गाउँपालिकाका प्राय सवै वस्तीहरुमा संचार सेवा उपलव्ध गराउन सकिने सम्भावना रहेको छ । सवै वस्तीहरुमा केवल नेटवर्क पुगेको छ । यस गाउँपालिकाको सवै मा.वि.हरुमा टेलिटिचिङ् सञ्चालन गरिएको, नारच्याङ् मा.वि.मा प्राविधिक धार तर्फको ईलिक्ट्रिकल विषय सञ्चालन भएको, सामाजिक  सुरक्षा र व्यक्तिगत घटना दर्तालाई अनलाईनवाट दर्ता प्रविष्ट कार्यको शुरुवात गरिएको, सुचना प्रविधिवाट गाउँपालिका का आर्थिक कारोवार लेखांकन चुस्त, दुरुस्त रुपमा सुत्र प्रणाली मार्फत गरिएको, गाउँपालिकाको वेवसाईट्स अद्यावधिक गरिएको, मोवाइल फोन प्रमुख संचारको माध्यमका रुपमा मोबाईल प्रयोग गर्ने घरपरिवार अत्याधिक रहेको, गाउँकार्यपालिका कार्यालय, सबै वडा कार्यालय, ३ वटा स्वास्थ्य चौकी, ७ विद्यालयमा इन्टरनेटसुविधा उपलब्ध रहेको, गाउँपालिकाको आफ्नो वेबसाईट्स र सामाजिक संजालको व्यवस्था रहेको छ । गाउँपालिकाको प्रोफाइल तयार भएको अवस्थाले सूचना प्रविधिको उपयोग तथा तथ्यांक व्यवस्थापन सहयोग गरेको छ ।

### ६.४.२ प्रमुख समस्या तथा चुनौति

कमजोर पूर्वाधारको कारण एकातिर मोबाइल फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन भने उपलव्ध सेवा पनि गुणस्तर हुन सकिरहेको छैन । स्वास्थ्य संस्थाहरु तथा विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार नहुनु, गाउँपालिकाको गतिविधि बुलेटिन प्रकाशन नहुनु, स्थानीय पत्रकारहरुको व्यवसायिक क्षमता पर्याप्त नहुनु, स्थानीय प्रकाशनहरु नियमित रुपमा प्रकाशन नहुनु एव ंगाउँपालिकाको प्रशासकीय भवन तथा वडा समितिको कार्यालयहरुमा इन्टरनेट सुविधा भएतापनि सर्वसाधारणको लागि गुणस्तरिय इन्टरनेट सुविधा उपलव्ध नहुनु जस्ता समस्याहरु नै यस क्षेत्रको चुनौति रहेका छन् ।

सवै वडाहरुमा मोवाईल नेटवर्क नभएको, भिरालो र खोल्सा खोल्सी रहेका वस्तिहरुमा टाभर कनेक्सन नभई संञ्चार अवरुद्ध, गाउँपालिका भित्र रहेका घोरेपानी, घारा, हिस्तान, राम्चे, नारच्याङ, खिवाङ, र दानामा रहेका टावरहरु विद्युत अवरोधका कारण चार्जिङ नभई नियमित संचारमा समस्या, मोवाइल फोन सेवाको गुणस्तर अत्यन्त न्यून रहेको, इन्टरनेट सेवामा जनताको पहुँच न्यून रहेको, सूचना प्रवाहमा विद्युतिय सूचना प्रविधिको कमीका कारण ढिलाइ रहको जस्ता समष्या र चुनौतीहरु रहेका छन् ।

### ६.४.३ प्रमुख संभावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप नगरलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय संचार माध्यम र संचारकमीको क्षमता विकास गरी नगरलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी गाउँपालकिाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवं चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।

विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाइ सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरूस्त र प्रभावकारी बनाउन सकिन्छ ।  प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्वपूर्ण स्थलहरूको संरक्षण एवं प्रवर्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप

प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा संचारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदशी, चुस्त दुरूस्त र प्रभावकारी बनाउन टेवा पुर्याउनेछ ।

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य,**

- सूचना तथा संचार प्रविधिको पहुँच र उपयोगमा वृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | १.१ गाउँपालिका, वडा समितिको कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेट क्षमता वृद्धि गरी सेवाको विस्तार र गुणस्तरमा सुधार गरिनेछ ।<br>१.२ वडा समितिको कार्यालय, विद्यालय र स्वास्थ्य संस्था तथा मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| २. टेलिफोन सेवा प्रभावकारी बनाउने | २.१ टेलिफोन टावरको संख्या र क्षमता बृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.२ विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन तथा स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.३ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन गर्न नेपाल टेलिकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ । |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउने | ३.१ राजस्व, प्रशासन, योजना तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाहको व्यवस्था गरिनेछ<br>३.२ स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी गाउँपालिकालाई मिडियामैत्री बनाइने छ ।<br>३.३ सम्पादित योजना, कार्यक्रम र गतिविधि एफएम रेडियो, स्थानीय पत्रपत्रिका तथा अन्य माध्यमबाट सम्प्रेषण गरिनेछ ।<br>३.४ गाउँपालिकाको मुखपत्रको रुपमा अन्नपुर्ण विकास बुलेटिन प्रकाशनको व्यवस्था गरिनेछ ।<br>३.५ पदाधिकारी तथा सेवाग्राही रेडियो संवाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।<br>३.६ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धी, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टेलिभिजनमा नियमित प्रकासन र प्रसारको व्यवस्था गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ( ०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **४ सूचना तथा संचार प्रविधि** | | | | | | | | | | | | | | | |
| एकीकृत सूचना तथा संचार प्रविधि केन्द्र ( सवै वडामा (व्याट्री व्याकअप सहित) | पटक | १ | १ | १ | १ | १ | १ | | २०० | १०० | १५० | १५० | २०० | ८०० | |
| सिसि क्यामरा मार्फत निगरानी कार्यक्रम ( विद्यालय, स्वास्थ्य संस्था, विषयगत कार्यालय, प्रमुख वजारमा ईन्टरनेटमा आधारित ) | पटक | ० | १ | १ | १ | १ | १ | | ५०० | ५०० | ३०० | २०० | २०० | १७०० | |
| इन्टरनेट सेवा पहुँच तथा क्षमता अभिबृद्धि कार्यक्रम ( स्वास्थ्य संस्था, विद्यालय, वडा समितिको कार्यालय र कार्यपालिका कार्यालय ) | पटक | १ | १ | १ | १ | १ | १ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| अन्नपूर्ण विकास बुलेटिन प्रकाशन र गतिविधि प्रशारण कार्यक्रम ( अन्नपूर्ण विकास वुलेटिन प्रकाशन र स्थानीय एफ एम तथा टेलिभिजनबाट गतिविधि प्रसारण गर्ने ) | पटक | १ | १ | १ | १ | १ | १ | | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | |
| **सूचना र संचार प्रविधिको जम्मा** | | | | | | | | | | | | | | ६४०० | ०.१९ |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ३.४:** सूचना तथा संचार प्रविधिको पहुँच र उपयोगमा बृद्धि भएको हुनेछ । | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | २५ | २२ | ३० | ५० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा र अद्यावधिक हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३ | ५ | १० | २० | | |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | प्रतिशत | ४० | ५० | ७५ | १०० | | |
| | स्थानीय स्तरमा भएका प्रकाशन र प्रसारण | संख्या | २ | २ | ३ | ४ | | |

# परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भूतथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन, र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्दछन । संविधान, संघ र प्रदेश र स्थानीय नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ । वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन,जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न विषय क्षेत्रगत योजनाका रुपमा यसको योजना तर्जुमा गरिएको छ । योजनामा उपरोक्त विषय क्षेत्रसँग सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनासमेत संलग्न गरिएको छ ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

यस अन्नपूर्ण गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ । गाउँपालिका क्षेत्रको कुल क्षेत्रफल मध्ये ५१ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ । गाउँपालिका क्षेत्रमा १३ वटा सरकारी संरक्षित वन, २९ वटा सामुदायिक रहेका छन् । यस क्षेत्रमा धार्मिक र कवुलियती वन रहेका छैनन् । गाउँपालिका मा रहेको संरक्षित वनलाई एक्यापले संरक्षित गरेको छ । शिख, घार र नारच्याङ्मा एक्यापको कार्यक्षेत्र भएको हुनाले वन डिभजन कार्यालयले काम गरेको छैन । यस गाउँपालिकाको सामुदायिक वनमा वन डिभजन कार्यालय संगको समन्वयमा कार्यायोजना वमोजि उपभोक्ता समितिवाट वनको संरक्षण हुने र समुदायको आवष्यकता अनुसार वनको कांटछांट हुने गर्दछ । गाउँपालिका क्षेत्रमा रहेको वनजंगलवाट पालिकाभित्र बसोबास गर्ने र अन्य क्षेत्रका गरी करिव ६० प्रतिशत घरधुरीले विभिन्न सामुदायिक र रष्ट्रिय जंगलबाट प्रत्यक्ष वा अप्रत्यक्ष्य फाईदा लिएका छन् ।

भूउपयोगको दृष्टिकोणले नदी तथा ताल क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । अन्नपूर्ण क्षेत्रमा रहेको कालिगण्डकी नदी, रुप्से झरना, तातोपानी कुण्ड लगायतका अन्य खोला तथा खोल्सा आदिले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुरयाएका छन ।

### ७.१.२ प्रमु समस्या तथा चुनौति

वातावरणीय सन्तुलन कायम राख्न सामान्यतः कुल क्षेत्रफलको कम्तीमा ४० प्रतिशत भूमिमा वन क्षेत्रले ढाकेको हुनु पर्ने मान्यता रहेको छ । यो हिसावले गाउँपालिको अवस्था राम्रो देखिन्छ । तर खाली ठाउँ, भिर पाखा र निजी जमिनमा वृक्षारोपण गर्ने र नगदे वन पैदावार लगाउने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । विभिन्न प्रजातीका विरुवाहरु र जडिवुटीजन्य विरुवाहरु जस्तो ओखर, गुरांस आदिको उचित संरक्षण हुन नसक्दा लोप हुने अवस्थामा रहेका छन् । वन, हरियाली, वातावरण र जलश्रोतहरुको व्यवस्थापन जनप्रतिनिधि, आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेको छ । मानिसहरुको वसाई सराई वढ्दैजाने, ईन्धनको रुपमा ग्यांस र ईलेक्ट्रिक चुलोको प्रयोग वढ्दै जाने र पशु र कृषि खेतिलाई प्रमुख पेशाको रुपमा कम गर्दै जाने कार्यले वन जंगल वढ्दै गएको छ । वन जंगल वढ्दै जानु एउटा राम्रो पक्ष हो भने अर्कोतर्फ वन जंगलवाट दुम्सि, वदेल, मृग, वांदर लगायतका वन्य जन्तुहरुले किसानको वालिनाली खाने र नस्ट गरेवाट घट्दो कृषि पेशालाई थप चुनौती दिएको छ । हिउंदको समयमा समय समयमा वनमा डडेलो लाग्ने समष्या रहेको छ । वन तथा भु संरक्षण समितिको समन्वय विना जथाभावी डोजर तथा स्काभेटर प्रयोग गर्नु, जटिवुटि तथा वन जंगलको चोरी निकासी गर्नु, भौतिक पुर्वाधार

समिति तथा वन तथा भु संरक्षण समितिकाको विचमा समन्वय नहुनु, वन तथा भु संरक्षण सम्वन्धी कानुनको पूर्ण पालना नहुनु, वन तथा भु संरक्षण समिति पारदर्शि तथा न्यायोचित रुपमा काम गर्न नसक्नु, वर्षेनी घांस तथा खरको लागि अत्याधिक आगजनी हुनु आदि समष्याहरु छन् ।

जलवायुजन्य विषम परिणाम (Climate Extremities) तथा अनिश्चितता (Climate Uncertainties) लाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको दोहन र प्रदूषण, वन हरियाली तथा वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वातावरण ह्रासउन्मुख रहेको छ । वन तथा हरियाली विकास यसबाट यथोचित लाभ लिन नसक्नु, कृषियोग्य उर्वर जमीन अतिक्रमण गरी पूर्वाधार संरचना निर्माण हुनु, विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू यस क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वन र वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी वोधमा ह्रास तथा उदासिनता बढ्दोक्रममा रहेका छ । चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा पशुपालन व्यवसायिक हुन सकेको छैन । दैनिक जिवनयापनका लागि काठ दाउराको उपलब्ध, निजी तथा सार्वजनिक जग्गामा जडिबुटी लगायत कृषि वन आधारित आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

### ७.१.३ प्रमुख संभावना तथा अवसर

वन र हरियालीले जनजीवनमा दैनिक आवश्यक पर्ने काठ, घाँस, दाउराका अतिरिक्त भूक्षयको नियन्त्रणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । यसका साथै हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त हरियाली क्षेत्रले, गाउँ र वस्तीहरुलाई सुन्दर र रमणीय बनाउन सकेमा ग्रामीण तथा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना समेत रहेको छ । यस गाउँपालिकामा जडिबुटी तथा गैर काष्ठ तथा काष्ठ वन पैदावारको समुचित खेती र प्रवर्द्धन गरी वनजन्य उद्यमको विकास गरी जिविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना समेत रहेको छ । वनमा आधारीत फर्निचर उद्योगको प्रचुर संभावना छ ।

यस क्षेत्रमा पाइने ३२ प्रजातिका गुरांस मध्ये घोरेपानी क्षेत्रको जंगलमा रातो, सेतो गुलावी लगायत ८ प्रजातीका गुरांस पाईने भएकोले यो क्षेत्रलाई गुरांसको राष्ट्रिय वगैचा वनाउने सम्भावना छ । गाउँपालिका अर्न्तगतको गुरांसे जंगललाई राष्ट्रिय वगैचा वनाउने परिकल्पना गरिएको छ ।

गाउँपालिकाक्षेत्रमा कृषि तथा घरायसी प्रयोग बाहेक अन्य क्षेत्रबाट हुने कार्वन उत्सर्जन नगण्य रहेको छ । वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य,**

- वन तथा हरियाली क्षेत्रमा बृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सार्वजनिक खाली जग्गा भएका वडाहरुमा वृक्षारोपण गर्ने । | १.१ प्रत्येक वडामा सार्वजनिक खाली जग्गा वृक्षारोपण गरी वन र हरियाली क्षेत्र विस्तार गरिनेछ ।<br>१.२ सडक तथा नहर कुलोको दायाँवायाा, खोला किनार, विद्यालय, स्वास्थ्य तथा अन्य सार्वजनिक स्थानमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।<br>१.३ स्थानीय स्तरमा नर्सरी स्थापना व्यवस्थापन गरी खाली सार्वजनिक तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| | निजी जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।<br>१.४ वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशहरुको कार्यान्वयन गरी संरचना निर्माणमा वातावरणीय पक्षको सुनिश्चिता गरिनेछ।<br>१.५ वन, हरियाली र वनमा आधारित उद्यम प्रवर्द्धन र विकासका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित कार्यालयसँग समन्वय र सहकार्यमा अभिबृद्धि गरिनेछ । |
| २. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | २.१ स्थानीय लक्षित समुदायको साझेदारी र निजी क्षेत्रसंग समन्वय गरि प्राविधिक रुपमा संभाव्य जडिबुटी र अन्य वनजन्य प्रजातीहरुको खेती गरी वन्यजन्य उद्यमको विकास गरिनेछ ।<br>२.२ सार्वजनिक तथा निजी जग्गामा जडीबुटी अन्य वन प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>२.३ वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>२.४ डिभिजन तथा सवडिभिजन बन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाउँपालिकामा क्षेत्र वहुउद्देश्यीय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **वन तथा जैविक विविधता** | | | | | | | | | | | | | | | |
| वृक्षारोपण कार्यक्रम तथा वायोईन्जिनियरिङ् | रोपनी | ५ | १० | १५ | १५ | १५ | १५ | **७०** | ८००० | ९००० | ११००० | १३००० | १५००० | **५६०००** | |
| पालिकास्तरीय सामुदायिक वनको वैठक भवन निर्माण | संख्या | ० | ० | ० | १ | ० | ० | **१** | ० | ० | २००० | २५०० | ० | **४५००** | |
| वन उपभोक्ता समुहहरुलाई नविनतम कार्य गर्ने अन्य पालिकाहरुको अध्ययन भ्रमण गराउने (४ पटक) | पटक | १ | ४ | ४ | ४ | | ४ | **१६** | ५०० | ६०० | ७०० | ७०० | ७५०० | **१००००** | |
| स्थानीय वन महासंघको क्षमता विकास कार्यक्रम ( आवश्यकता अनुसार) | पटक | ३ | ५ | ५ | ५ | ५ | २ | **२२** | ७० | ८० | १०० | १२० | १५० | **५२०** | |
| वन वातावरण सम्वन्धी प्राविधिक जनशक्ति क्षमता विकास तथा तालिम | पटक | ० | १ | २ | २ | २ | २ | **९** | ६० | ८० | ११० | १३० | १५० | **५३०** | |
| बन उपभोक्ता समितिको क्षमता बिकास कार्यक्रम | पटक | २ | ४ | ४ | ४ | ४ | ४ | **२०** | १०० | २०० | २५० | २५० | २७० | **१०७०** | |
| उच्च मूल्यका मसलाजन्य तथा जडीवुटी उत्पादन कार्यक्रम | पटक | २ | ४ | ५ | ५ | ५ | ५ | **२४** | १००० | १२०० | १५०० | १७०० | १९०० | **७३००** | |
| निजी क्षेत्रलाई जटिवुटि जन्य विरुवाहरु लगाउन प्रोत्साहन र वजारीकरणमा सहयोग | पटक | ० | २ | २ | २ | २ | २ | **१०** | १०० | ११० | १२० | १३० | १४० | **६००** | |
| जटीवुटी तथा सुगन्धित वनस्पतिको संभाव्यता अध्ययन र पकेट क्षेत्र व्यवस्थापन | पटक | ० | १ | २ | ३ | ३ | ३ | **१२** | ३०० | ५०० | ७०० | ८०० | ९०० | **३२००** | |
| वाङ्पानी, खोप्रा, पुनहिल, मोहरेडांडा, मुंद्राचढाउने डांडा, नारच्याङ् र दाना लगायतका क्षेत्रहरुमा जटिवुटि पकेट क्षेत्रको रुपमा विकास | पटक | ० | ३ | ५ | ७ | ७ | ७ | **२९** | ६०० | ११०० | १४०० | १५०० | १६०० | **६२००** | |
| बन पैदावर संकलन केन्द्र र प्रशोधन केन्द्र निर्माण | वटा | ० | | १ | | | १ | **२** | २००० | | | | ५००० | **७०००** | |
| बन पैदावर संकलन केन्द्र र प्रशोधन केन्द्र निर्माण | वटा | ० | ० | ० | १ | ० | | **१** | ० | ० | २५०० | २५०० | | **५०००** | |
| वन तथा गैर वन (जडिवुटिं) उत्पादन सम्वन्धी प्रशोधन केन्द्र तथा उद्योग व्यवसाय सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यकमहरु सञ्चालन | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ६० | ७० | ७० | ७० | ७० | **३४०** | |
| स्थानीय रोजगारी र गरिवी न्यूनीकरण सम्वन्धी कार्यक्रमहरु सञ्चालन | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | **१५** | १५०० | १६०० | १७०० | १८०० | १९०० | **८५००** | |
| जैविक विविधता संरक्षण गुरुयोजना विकास | संख्या | ० | ० | १ | ० | ० | ० | **१** | ० | ७०० | ० | ० | ० | **७००** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| सामुदायिक वन र सार्वजनिक जमिनको वैज्ञानिक नाप र लगत संकलन सम्वन्धी अध्ययन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | १००० | २००० | २००० | ० | ० | ५००० | |
| वन, वातावरण र हरियाली प्रवर्द्धन सचेतनामुलक कार्यक्रम ( डिभिजन वन कार्यालय, स्थानीय समुदाय र संघ/ संस्थाको सहकार्य ) | पटक | १ | ८ | ८ | ८ | ८ | ८ | ४० | ३०० | ४०० | ५०० | ६०० | ७०० | २५०० | |
| बन पैदावर, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कानून तर्जुमा | पटक | ० | ० | १ | ० | ० | १ | २ | ० | २०० | ० | ० | २०० | ४०० | |
| सामुदायिक वन पैदावार उपयोग सम्वन्धी छाता कानुन तयारी | | ० | | | | | | १ | | ५०० | | | | ५०० | |
| स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कानुनको तयारी | पटक | ० | १ | ० | ० | ० | १ | २ | १०० | ० | ० | ० | १०० | २०० | |
| वहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन कार्यक्रम (टिमुर, दालचिनी, तिते, अलैची, सतुवा, निरमसि, पांचऔंले, जटामासि, गुरांस तथा यार्सागुम्वा ) | वटा | ० | ० | १ | ० | ० | १ | २ | ० | १५०० | ० | ० | १५०० | ३००० | |
| बाँदर, भालु, वदेल धपाउने, फौजी किरा तथा सलहकिरा रोकथाम, कार्यक्रम हरेक वडाहरुमा | पटक | १ | ३ | ४ | ८ | ८ | ८ | ३१ | ३०० | ५०० | ८०० | ८५० | ९०० | ३३५० | |
| **वन र जैविक विविधता जम्मा** | | | | | | | | | | | | | | १२६४१० | ३.६६ |

## ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |
| **असर ४:** जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित हुने | | | | | | | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- वन तथावातावरण नीतिको पालना हुनेछ। |
| | वनले ढाकेको/हरियाली क्षेत्र | प्रतिशत | ५१ | ५१ | ५२ | ५५ | | |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | ४६३९ | ४८०० | ५५०० | ६००० | | |
| | विपद्‌बाट प्रभावित घरपरिवार ( २०७७/७८) | संख्या | १६० | १३० | ७० | २५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |
| ( दिगो विकास लक्ष्य ११, १३, १४, १५ ) | अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | ८ | ७ | ४ | २ | | |
| **प्रतिफल ४.१:**वन तथा हरियाली क्षेत्रमा बृद्धि भएको हुनेछ। | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जि. | ० | ० | ० | ० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>- | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- वन तथा वातावरण नीतिको पालना हुनेछ। |
| | वनमा आधारित उद्योग व्यवसाय | संख्या | १५ | २० | ३० | ५० | | |
| | दर्ता निजी वन क्षेत्र | हेक्टर | ० | ० | २ | ३ | | |
| | वनमा आधारित ( वाँस, जडिबुटी तथा अन्य) उद्यम, व्यापारमा संलग्न घरपरिवार | संख्या | ७० | १०० | २०० | ३०० | | |
| | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | ६ | १० | १५ | २१ | | |
| | वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | ५० | ८० | १५० | ३०० | | |
| | सडक किनारमा वृक्षारोपण | कि.मि. | ० | २ | ७ | १० | | |

## ७.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका कालिगण्डकी नदी तथा फगाम खोला, भेरीकटेरी औलाखोला, महभिर खोला र घार खोलाहरु लगायतका नदी तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । कालिगण्डकी नदी नै गाउँपलिकााको प्रमुख जलाधार क्षेत्रको रूपमा रहेको छ । यसै गरी अन्य स्थानीय खोला तथा खोल्साहरु पनि गाउँपलिकाका जलाधार क्षेत्रको रूपमा रहेको देखिन्छ ।

यस अन्नपूर्ण गाउँपालिकामा खासगरी चार वटा मुख्य खोलाहरु फगाम खोला, भेरीकटेरी औलाखोला, महभिर खोला र घार खोलाहरु विभिन्न वडाका वस्तिहरु हुदै बगेर गएका छन् । यस गाउँपालिका अन्तरगत पर्ने प्यारी वराही, नागी वराही, खयर वराही लगायतका कैयौ तालतलैयाहरु धार्मिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छन् । जहां धर्मात्मा श्रद्धालु पर्यटकहरुको घुईचो लाग्ने गर्दछ । प्रमुख तालहरुमा मह आउने छहराको ताल, गार खोला, झारवाङ् खोला, तातोपानी कुण्ड, रुप्से भरना, अन्धगल्छी, छहारे झरना, म्रिस्ती खोला, घलेम्दी खोला, रेले खोला, निलगिरी क्याजकेट, खयर भवानी ताल, कालीभरान ताल, गोस भरानी ताल, रातोपानी ताल, माछापोखरी खिम्जा ताल, माछापोखरी विरौटा ताल, माछापोखरी ताल, प्यारी वराही ताल, नागी वराही ताल, काली दहको ताल, डोंठाको ताल, खाल्टीको ताल रहेका छन् । गाउँपालिकामा ४ मुख्य खोला र ५० भन्दा वढी साना खोलाहरु रहेका र ५ वटा सार्वजनिक पोखरी रहेका छन । यस गाउँपालिकाको वराह क्षेत्रमा १०८ वटा पानीका मुलहरु रहेका छन् ।

### ७.२.२ प्रमुख समस्या तथा चुनौति

भिरालो जमिन भएको कारण समय समयमा पहिरो जाने गर्दछ जसका कारण वस्तिहरु र हालसालै वनेका सडकहरु यसवाट प्रभावित भएका छन । ढल निकासको समष्या, प्लास्टिक जथावावी जलाउनु, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, वनमा आगलागि हुनु, औद्योगिक क्षत्रले मापदण्ड विपरीत पुर्वाधारका काम गर्नु आदि समष्याहरु छन् । नदी तथा खोलाका किनाराहरुमा स्थायी तटवन्ध नहुनु, आषाढ महिनामा मात्र तटवन्धका कार्यहरु हुनु, जलाधार संरक्षण सम्वन्धी उचित नियम, ऐन र कानुन नहुनु, , जथाभावी रुपमा भौतिक संरचना निर्माणको कारणले अन्ध गल्छी, रुप्से झरना, तातोपानी कुण्ड लगायत अन्य पुर्वाधारहरु नाश हुने स्तितिमा पुगेका छन् । घोरेपानी क्षेत्रमा रेहेका ८ प्रजातिका गुरांसहरु लोप हुने स्थितिमा रहेकोले यिनीहरुको संरक्षण गर्नु चुनौती रहेको छ ।

जल, जमीन र हरियाली क्षेत्रको पहिचान, नक्शाङ्कन, संरक्षण र व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप उक्त श्रोतको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण हुन सकेको छैन । वस्ति र कृषि क्षेत्रमा तटबन्धन, नदी र खोला नियन्त्रण र हरियाली सम्बन्धी कार्यक्रम र बजेटको व्यवस्था नगण्य मात्रामा रहेको छ । हरियाली, जमीन, जलश्रोतको संरक्षण र व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ । वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय परीक्षण पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई कुला तथा खानेपानी र भवन निर्माण लगायत भौतिक संरचना विकासमा संरक्षणलाई ध्यान दिएको पाईंदैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, भूउपयोग, जलश्रोत र सार्वजनिक जग्गाको व्यवस्थापन योजना नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

### ७.२.३ प्रमुख संभावना तथा अवसर

गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भुउपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको बस्ती विकास तथा गाउँपालिका बासीहरुको आर्थिक स्तर

वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षाण गरी नमुना गाउँपालिका बनाउने ठूलो संभावना रहेको छ । जल, जमीन र हरियाली संरक्षण र व्यवस्थापनलाई भू तथा जलाधार व्यवस्थापनको अवधारणाबाट संचालन गरी उपरोक्त उपक्षेत्रमा प्रभावी नतिजा हासिल गर्न सकिने संभावना रहेको छ ।

यस क्षेत्रमा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ । सहकार्य र समन्वयको माध्यमद्धारा तिनै तहका सरकारले भूसंरक्षण तथा हरियाली व्यवस्थापन कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सकिने अवसर रहेको छ ।

## ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वैज्ञानिक व्यवस्थापनवाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्ने ।

**उद्देश्य,**

- जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जमीन र जलश्रोतको संरक्षण र व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने | १.१ स्थानीय समुदाय, संघ तथा प्रदेश सरकार, संघ/संस्थासँग सहकार्य र साझेदारीमा नदी नियन्त्रण तथा संरक्षण र संरक्षण पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ सडक तथा नहर कुलोको दायाँबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ्ग प्रविधि प्रवर्द्धन गरी सडक, पुल, नहर, कुलो र बाँध दिगो संरक्षणको व्यवस्था गरिनेछ ।<br>१.३ भूसंरक्षण, हरियाली तथा जलश्रोत व्यवस्थापन बारे समुदायमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी यस सम्बन्धी कार्यलाई दिगो बनाइनेछ । |
| २. भू-संरक्षण र जलाधार व्यवस्थापन अवधारणा अनुसार भूउपयोग, संरक्षण भूमि तथा जलश्रोत व्यवस्थापन कार्य संचालन गर्ने | २.१ राष्ट्रिय भूउपयोग नीति अनुसार स्थानीय भूउपयोग नीति तयार र भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>२.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी भौतिक विकास र संरचना निर्माणको कार्य संचालन गरिनेछ ।<br>२.३ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र हरियाली प्रवर्द्धनमा विशेष जोड दिइनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **भूमि तथा जलाधार व्यवस्थापन** | | | | | | | | | | | | | | | |
| भू-उपयोग नीति, योजना तथा क्षेत्र निर्धारण र कार्यान्वयन | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ४०० | १०० | १०० | १२० | १३० | **८५०** | |
| पानीको मुहान संरक्षण | संख्या | ४ | ५ | ७ | ७ | ७ | ७ | **३३** | २००० | ३००० | ३२०० | ३४०० | ४००० | **१५६००** | |
| भुसंरक्षण सम्बन्धी सचेतना कार्यक्रम | पटक | ० | २ | २ | २ | २ | २ | **१०** | १०० | १२० | १३० | १४० | १५० | **६४०** | |
| सार्वजनिक जग्गाको तारजाली र संरक्षण | रोपनी | ६ | ३० | ३० | ३० | ३० | ३० | **१५०** | ३००० | ३५०० | ३७०० | ४००० | ४२०० | **१८४००** | |
| पहिरोको रोकथाम कार्यक्रम (बृक्षारोपण, वायोईन्जिनियरिङ्ग, ग्यावियन वाल) | गोटा | ४ | ६ | १० | १० | १० | १० | **४६** | २००० | ३००० | ३५०० | ४००० | ४५०० | **१७०००** | |
| सिंचाई कुलोको बांध तथा तटबन्ध निर्माण, कुलोको सरसफाइ र पानीको निकासको व्यवस्था | गोटा | २ | ३ | ४ | ४ | ४ | ४ | **१९** | ६०० | ९०० | १००० | ११०० | १२०० | **४८००** | |
| **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | | | | | ० | | | | | | ५७२९० | १.६६ |

## ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ४.२:** जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ। | संरक्षित बाढी संवेदनशील क्षेत्र | संख्या | ० | १ | ३ | ४ | - गाउँ वस्तुस्थिति विवरण<br>- डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | ५ | १० | १५ | २५ | | |
| | सार्वजनिक जग्गाको तारजाली र संरक्षण | रोपनी | १० | १५ | ३० | १०० | | |
| | संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | ५ | ७ | १० | १२ | | |
| | सार्वजनिक जमिनको अध्ययन र लगत संकलन कार्यक्रम | संख्या | ० | ० | १ | १ | | |
| | भू-उपयोग नीति तथा योजना तयारी | संख्या | ० | ० | १ | २ | | |

## ७.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा जल, जमीन, वायु सामान्यतः स्वच्छ रहेको छ। प्लाष्टिकजन्य सामाग्रीको प्रयोग र प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ । तसर्थ प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई समयमै प्रतिस्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ। इन्धनको उपयोगमा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि यस गाउँपालिकामा अझैपनि करीव ९३ प्रतिशत भन्दा धेरै घरपरिवारले इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग गरिरहेको अवस्था छ। गाउँपालिकामा क्षेत्रमा निजी घर तथा संस्थागत फोहोर संकलनको लागि कम्पोष्ट विन, पिट, ल्याण्डफिल साइट आवश्यकता देखिएको छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्द्धन सम्बन्धी ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार निर्माण हुने क्रममा रहेका छन्।

एलपि ग्याँस र विद्युत तथा नविकरणीय उर्जाको प्रयोग बढ्दै गएको कारण दाउरा प्रयोग गर्नेको संख्या क्रमश : घट्दै जाने स्थिति रहेको छ। स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन पद्धतिको विकास भएको छ।सडक किनारा र घरहरुमा फोहर संकलन गर्ने डस्विनहरु उपलव्ध भएका छन्।

### ७.३.२ प्रमुख समस्या तथा चुनौति

गाउँपालिका क्षेत्रमा प्लाष्टिक जन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल गर्दा फोहोरमैला र वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ। कुहिने तथा नकुहिने फोहोरमैलाको वर्गीकरण, नकुहिने फोहोरको पुनः प्रयोग र फोहोर प्रशोधन तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र पूर्ण सरसफाइको नियमित अभ्यासमा कमी रहेको छ। फोहोर वर्गीकरण, पुनःप्रयोग प्लाष्टिक, सिसा तथा बोतलको उपयोग निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदुषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने देखिन्छ।

कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएकोछ भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ । फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ। स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ। खाली स्थान, खोला खोल्सी, नहर र कृषि क्षेत्रमा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोलामा बगाउने चलन रहेको हुँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहको छ। यसलाई व्यवस्थापन गर्न राजनैतिक नेतृत्व, निर्वाचित जनप्रतिनिधि र समुदायमा सचेतना र क्रियाशिलतामा कमी रहेको छ। वजार क्षेत्रहरुमा खोला तथा काली नदिमा जथावावि फोहर मैला फाल्ने गरिएको देखिन्छ।

### ७.३.३ प्रमुख संभावना तथा अवसर

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू संचालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूहरसमिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, सामुदायिक संस्थाहरूसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरी नगरलाइ सुन्दर बनाउने स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने संभावनाहरू रहेको छ।

हरियाली विस्तार र प्रवर्धन, भू तथा जलाधारको संरक्षण र व्यवस्थापनको माध्यमद्वारा गाउँपालिकाको आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ।

## ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य,**

- पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलन क्षमता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा प्रविधि र स्वच्छता अभिबृद्धि गर्ने | १.१ गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा न्यूनिकरण र प्रतिवन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>१.२ कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलमा व्यवस्थापन गरिनेछ ।<br>१.३ सार्वजनिक स्थान र सडकको दायाँबायाँ वरपिपल, समी, आप, लिचि,, गोल्डमोहर, अशोक आदी जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वस्छता कायम गरिनेछ ।<br>१.४ विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ ।<br>१.५ स्थानीय रुपमा उपलव्ध हुने वांस तथा निगाले वांसवाट वन्ने हस्त सामाग्रि उत्पादन हुने कार्यलाई प्रोत्साहन गरिने छ । |
| २. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तन प्रक्रियाबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | २.१ जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>२.२ टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घरआँगन सरसफाइको अभियान सञ्चालन गरिनेछ ।<br>२.३ टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाई कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ । |
| ३. विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था पालना अभिबृद्धि गर्ने | ३.१ विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग कार्यमा कानून तथा नियमअनुसार वातावरणीय प्रभाव अध्ययन व्यवस्था पालना तथा अध्ययनबाट सिफारिस संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>३.२ वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ ।<br>३.३ प्रदूषण (माटो, वायु, जल आदि) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **वातावरण तथा फोहरमैला व्यवस्थापन** | | | | | | | | ० | | | | | | | |
| प्लाष्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित वडा तथा टोल सरसफाई प्रतिस्पर्धा गराउने र पुरस्कृत गर्ने | पटक | ३ | ५ | ८ | ८ | ८ | ८ | **३७** | ३०० | १००० | १२०० | १४०० | १५०० | **५४००** | |
| एक वडा एक ग्रिन पार्क निर्माण तथा संचालन | पटक | ० | १ | १ | २ | २ | २ | **८** | ७०० | ८०० | १००० | ११०० | १२०० | **४८००** | |
| प्लाष्टिक मुक्त गाउँपालिका घोषणा अभियान | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ३०० | ४०० | ५०० | ६०० | ६०० | **२४००** | |
| सरसफाई सम्वन्धी सरोकारवालाहरुको अध्ययन भ्रमण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | **५** | १५० | १६० | १७० | १८० | १९० | **८५०** | |
| पानीक मुहान, विभिन्न कुण्डहरु, पोखरी, सिमसार क्षेत्र, छहरा, पार्क लगायतका क्षेत्रहरुको भौतिक विकास र संरक्षण | पटक | ४ | ८ | १० | १२ | १४ | १५ | **५९** | २४०० | २८०० | ३१०० | ३२०० | ३५०० | **१५०००** | |
| मुख्य बजार क्षेत्रहरु र सार्वजनिक स्थानमा डष्ट विन, कम्पोष्ट विन र खाडलको व्यवस्था गर्ने | पटक | ३ | ४ | ५ | ५ | ७ | ७ | **२८** | २५० | २७० | २९० | ३०० | ४५० | **१५६०** | |
| गाउँपालिकाको निर्णय अनुसार अध्ययनले उपयुक्त ठानेको स्थानमा ल्याण्डफिल साइट निर्माण | पटक | ० | ० | ० | १ | १ | १ | **३** | ० | ० | ५०० | २००० | ३००० | **५५००** | |
| घोरेपानी लगायत पर्यटकिय स्थानमा विशेष ध्यान दिईने | पटक | १ | ३ | ४ | ४ | ४ | ४ | **१९** | १००० | १५०० | २००० | २५०० | ३००० | **१००००** | |
| —मुख्य वजार क्षेत्रहरुको व्यवस्थित फोहर संकलन र व्यवस्थापन | पटक | | | | | | | **०** | | | | | ३ | **३** | |
| ढुंगा, गिटी, वालुवा लगायत खनिजजन्य पदार्थहरुको उत्खनन् र विक्रिवितरण सम्वन्धी कानुनको तयारी र अध्यावधिक | पटक | ० | १ | ० | ० | ० | १ | **२** | १०० | ० | ० | ० | १०० | **२००** | |
| विकास निर्माण कार्यको विभिन्न किसिमका वातावरणीय अध्ययन | पटक | ० | २ | २ | २ | २ | ३ | **११** | १००० | १००० | १२०० | १२०० | २००० | **६४००** | |
| वातावरणीय परिवर्तन सम्वन्धी अनुशिक्षण कर्मचारी र जनप्रतिनिधीको लागि | पटक | १ | १ | १ | १ | १ | १ | **५** | १०० | १२० | १३० | १४० | १५० | **६४०** | |
| वातावरणीय परिवर्तन र यसले कृषि उत्पादनमा पारेको प्रभाव सम्वन्धी अध्ययन | पटक | ० | ० | १ | ० | ० | १ | **२** | ० | ४०० | ० | ० | ५०० | **९००** | |
| वातावरणीय अनुकुलन सम्वन्धी वडा स्तरीय कार्यक्रम | पटक | २ | ८ | ८ | ८ | ८ | ८ | **४०** | ८०० | ८०० | ९०० | ९०० | १००० | **४४००** | |
| **वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा** | | | | | | | | | | | | | | **५८०५३** | |

## ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

<table>
<tr><th rowspan="3">नतिजा श्रृङ्खला</th><th colspan="7">सूचक तथा पुष्ट्याईका आधारहरु</th><th rowspan="3">जोखिम पक्ष तथा पूर्वानूमान</th></tr>
<tr><th colspan="2">सूचक</th><th rowspan="2">आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था)</th><th colspan="3">लक्ष्य (सम्मको अवस्था)</th><th rowspan="2">पुष्ट्याईका आधारहरु</th></tr>
<tr><th>विवरण</th><th>इकाई</th><th>पहिलो वर्ष</th><th>तेश्रो बर्ष</th><th>पाँचौ बर्ष</th></tr>
<tr><td rowspan="5">प्रतिफल ४.३:पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलनक्षमता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ ।</td><td>मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र , (एक वडा एक ग्रिन पार्क निर्माण तथा संचालन)</td><td>स्थान</td><td>१</td><td>३</td><td>६</td><td>१०</td><td rowspan="5">- गाउँ वस्तुस्थिति विवरण<br>- डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन</td><td rowspan="5">- संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ ।<br>- जनस्तरमा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी जनचेतना बृद्धि हुनेछ ।</td></tr>
<tr><td>कम्पोष्ट-विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार</td><td>प्रतिशत</td><td>०</td><td>३</td><td>५</td><td>८</td></tr>
<tr><td>परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी</td><td>प्रतिशत</td><td>९८</td><td>९७</td><td>९०</td><td>८८</td></tr>
<tr><td>नविकरणीय उर्जा र गोवरग्यांस र सुधारीएको चुलोको प्रयोग गर्नेको घरधुरी</td><td>प्रतिशत</td><td>२</td><td>४</td><td>८</td><td>२०</td></tr>
<tr><td>स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन योजना तर्जुमा र कार्यान्वयन</td><td>भए/ नभएको</td><td>नभएको</td><td>नभएको</td><td>भएको</td><td>भएको</td></tr>
</table>

## ७.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.४.१ पृष्ठभूमि

महाभुकम्प २०७२ पश्चात् निजी आवास तथा सार्वजनिक भवन निर्माणमा भूकम्प प्रतिरोधी संरचना र प्रविधिको अभिबृद्धिसँगै भूकम्पीय जोखिम दृष्टिकोणले सुरक्षित निर्माण संस्थागत हुँदै गएको छ । यस गाउँपालिकामा तत्कालिन भुकम्पवाट क्षति भएका घरहरु ९५ प्रतिशत निर्माण सम्पन्न भई सकेका छन् भने अरु घरहरु निर्माण सम्पन्नको क्रममा रहेका छन् ।

गाउँपालिका प्रमुखको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति गठन र संचालन उन्मुख रहेको छ । गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ । गाउँपालिकावाट समुदायमा आधारित विपद् जोखिम जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी र अन्य संघ/संस्था मार्फत तालिम लगायतस्थानीय समुदायको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना गरिएको छ । प्रत्येक वडामा सुरक्षित स्थानको रुपमा खुल्ला क्षेत्र र सामुदायिक भवनको पहिचान गरिएको छ । यस गाउँपालिकामा सार्वजनिक र सरकारी जग्गाको अवस्था हेर्दा हिस्तानमा सर्वभन्दा धेरै १२३३२-१४-२-३ र भू-तातोपानीमा १७३८-९-०-० रहेको छ । गाउँपालिका मा विषत व्यवस्थापन कोष रहेको छ । गाउँपालिकामा विपतको लागि १ एम्बुलेन्स तयारी अवस्थामा रहेको छ । विपदको अवस्थामा स्थानीय सुरक्षकर्मिको सहयोग रहेको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञान, सीप र सचेतनामा बृद्धि हुँदै गएको छ । यस गाउँपालिकामा ४ मुख्य खोला र ५० भन्दा वढी साना खोलाहरु रहेका र ५ वटा सार्वजनिक पोखरी रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गर्न तथा खडेरी न्युनीकरण गर्न तथा अग्नी नियन्त्रणको लागि पानीको श्रोत प्रयोग गर्न सकिन्छ ।

### ७.४.२ समस्या तथा चुनौति

भूउपयोग योजना तर्जुमा भई सो बमोजिम वस्ती विकास र भौतिक विकास तथा वैज्ञानिक रुपमा भूमिको उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो संचालनमा जोखिम देखिएको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कमी हुनु विपद् व्यवस्थापनमा गाउँपालिकाको प्रमुख चुनौतिको रुपमा रहेको छ । विभिन्न प्रकारका विपद्हरुलाई सम्वोधन गर्न यस गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थनशिल योजना तयारीको कार्यलाई अगाडी वढाउनु पर्ने आवश्यकता छ ।

विभिन्न प्रकारका विपद्हरुको जोखिमको समस्या रहेको यस गाउँपालिकामा विपदको समय र पछि सुरक्षित हुनका लागि सुरक्षित र सामुदायिक आश्रय स्थल नहुनु र विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकारका लागि स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। गाउँपालिकामा आपतकालिन अवस्थाको लागि स्थापना भएको Community Rapid Response Teamको व्यवस्थापन र प्रभावकारी सञ्चालन हुन सकेको छैन । गाउँपालिकामा खोज उद्धार तालिम प्रदानको साथै स्थानीय प्रतिकार कार्यदल निर्माण र खोज उद्धारका लागि सामग्रीको भण्डारण भएको छैन ।

गाउँपालिकामा भविष्यका दिनहरुमा आउन सक्ने सम्भावित रोग संक्रमण तथा महामारीको विरुद्ध रोकथाम तथा उपरचारात्मक तयारी चुनौती पूर्ण छ । यसको लागि गाउँपालिकाको प्रकोप कोषको व्यवस्थापनको साथै पुर्व तयारीको लागि आवश्यक स्वास्थ्य उपकरणहरु, उद्धार सामग्री, उद्धार भवन, स्वास्थ्यकर्मी लगायत अन्य श्रोत सामग्रीको पनि समयमा नै वन्दोवस्त गर्नु चुनौती देखिन्छ ।

### ७.४.३ प्रमुख संभावना तथा अवसर

यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च तर जलवायु परिवर्तन अनुकुल कृषि बाली तथा प्रणालीको विकास र विस्तार गर्न अवश्यक देखिन्छ । हालसालै विश्यव्यापी रुपमा देखिएको कोविड १९ को संक्रमणवाट सृजित समस्यावाट हरेक पालिकाहरु प्रभावित हुन थालेवाट यस्ता रोगहरुसंग जुध्नकोलागि आवश्यक कानुन, नीति, योजना र श्रोत साधनको तयारी समयमा नै गर्नुपर्ने रहेछ भन्ने ज्ञान भएको छ । कोभिड १९ को संक्रमण

देश र समाजमा औषधी नआउन्जेल लामो समयसम्म रहन सक्ने स्वास्थ्य विज्ञहरुवाट आकलन गरिएको सन्दर्भमा गाउँपालिकाले वेलैमा यस रोगको रोकथाम, प्रतिकारात्मक तथा उपचारात्मक विधीको अवलम्वन गर्नु आवश्यक छ ।

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन । पालिका स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएकोछ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । विपद् पूर्व तयारी कार्यकालागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख बस्ती स्थानान्तरणको तथ्यांक संकलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

## ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य,**

- विपद् जोखिम न्यूनीकरण तथा विपद्बाट हुने क्षति कम भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन अवधारणा लाई सबै विषय क्षेत्रमा मूलप्रवाहीकरण गर्ने | १.१ समुदाय तथा सरोकारवालासँगको साझेदारी, सहकार्य र समन्वयमा विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्य संचालन गरिनेछ ।<br>१.२ वस्ती/टोलमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ ।<br>१.३ समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>१.५ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>१.६ स्थानीय सरकारको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन, स्वास्थ्य र महामारी रोग संक्रमण सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ ।<br>१.७ प्रमुख वस्तीहरूमा उद्धार सामग्रीहरुको भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ<br>१.८ बायोइन्जिनिङ्ग प्रविधि प्रवर्द्धन नदी तटबन्धन, सडकको ढललाई स्थरीकरण गरी दिगोपना कायम गरिनेछ ।<br>१.९ विकासका निर्माणका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणालाई सम्बोधन गरिनेछ ।<br>१.१० हाल देखापरेको कोभिड १९ र भविष्यमा देखापर्न सक्ने अन्य स्वास्थ्य सम्वन्धी अन्य महामारी रोगहरुको विरुद्ध पूर्व तयारी, रोकथाम, प्रतिकार तथा उपचार सम्वन्धी कानुनीहरुको व्यवस्था गरिने छ । |
| २. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य | २.१गाउँपालिका, गैसस र नागरिक समाज संस्था र निजी क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोष बृद्धि र परिचालन गरिनेछ र वडास्तरमा आकस्मिक कोषको व्यवस्था गरिनेछ ।<br>२.२ टोल टोलमा विद्यार्थी र समुदायलाई मनोसामाजिक सहयोग प्रशिक्षण अभियानका रुपमा संचालन गरिनेछ ।<br>२.३ रेडक्रसको उपशाखाको संस्थागत क्षमता अभिबृद्धिमा सहयोग गरिनेछ । |

| | |
|---|---|
| अभिबृद्धि गर्ने | २.४ गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>२.५ सामुदायिक भवन भएका स्थान तथा प्रमुख वस्तीको उपयुक्त स्थानमा स्थान पहिचान गरी न्यूनतम पूर्वाधार सहित सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलनलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | ३.१ गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी संयन्त्र र कार्य संचालनको व्यवस्था गरिनेछ ।<br>३.२ गाउँपालिकाको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ ।<br>३.३ जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि  उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>३.४ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **विपद् जोखिम व्यवस्थापन तथा जलवायू उत्थानशिलता** | | | | | | | | | | | | | | | |
| गाउँपालिका स्तरको विपद् व्यवस्थापन समिति गठन र क्षमता अभिबृद्धि कार्यक्रम ( समिति गठन तथा पुर्नःगठन, खोज उद्धार सामग्री, कृत्रिम अभ्यास, प्राथमिक उपचार तथा खोज उद्धार तालिम ) | पटक | ० | ५ | ८ | ८ | १० | १० | **४१** | ८०० | १००० | १२०० | १३०० | १४०० | **५७००** | |
| विपद् जोखिम क्षेत्र नक्साङ्कन र विपद् पूर्व सूचना उपकरण जडान कार्यक्रम | संख्या | ० | १ | १ | १ | ० | १ | **४** | ६०० | ६०० | ६०० | | ५०० | **२३००** | |
| सामुदायिक आपत्कालीन आश्रयस्थल, क्वारेन्टाईन तथा आईसोलेसन सम्बन्धित पूर्वाधारसहितको बहुउद्देश्यीय भवन निर्माण | संख्या | ० | ० | १ | ० | ० | ० | **१** | ० | ३००० | ० | ० | ० | **३०००** | |
| विपद् पूर्व तयारी कार्यक्रम ( गाउँपालिकास्तर एवं सबै ८ वडामा आपतकालिन प्राथमिक उपचार केन्द्र, आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा भण्डारण) | पटक | ० | ३ | ३ | ८ | ८ | ८ | **३०** | ३०० | ४०० | १५०० | ६०० | ६०० | **३४००** | |
| ४.५ वडामा विपद व्यस्थापन समिति गठन र पुनर गठन | पटक | ० | ८ | ० | ० | ० | ८ | **१६** | ३०० | ० | ० | ० | ५०० | **८००** | |
| ४.६ सामुदायिक विपद् रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम | जना | ० | १ | १ | १ | १ | १ | **५** | ३०० | ३०० | ४०० | ४०० | ५०० | **१९००** | |
| ४.७ महामारीजन्य रोग तथा अन्य विपद्को प्रतिकार्यका लागि आकस्मिक कोषको स्थापना र सञ्चालन | वटा | ० | १ | १ | १ | १ | १ | **५** | २००० | २००० | २००० | ० | ० | **६०००** | |
| | | | १ | | | | | **१** | ५००० | | ५००० | | | **१००००** | |
| ४.८ स्थानीय विपद् तथा वातावरण उत्थानशिल योजना तयारी र अध्यावधिकरण | वटा | ० | १ | | | | | **१** | १००० | | | | | **१०००** | |
| ४.९ हेलिप्याड निर्माण र व्यवस्थापन सवै वडाहरुमा | पटक | ३ | ५ | १ | १ | १ | १ | **९** | ३५०० | २०० | २०० | १०० | १०० | **४१००** | |
| **विपद् जोखिम व्यवस्थापन तथा जलवायू उत्थानशिलताको जम्मा** | | | | | | | | | | | | | | ३८२०० | १.११ |

## ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७८/७९ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ४.४:** विपद् जोखिम न्यूनीकरण तथा विपदबाट हुने क्षति कम भएको हुनेछ । | तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ० | १० | २४ | ४० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- विपद् जोखिम न्यूनीकरण हुनेछ । |
| | विपदबाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | १.५ | १.२ | .६ | ०.४ | | |
| | नदि कटान र पहिरो प्रभावित क्षेत्र | रोपनी | २५० | २२० | १५० | १०० | | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल हरेक वडाहरुमा | संख्या | ० | २ | ४ | ८ | | |
| | स्थानीय विपद् व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | ० | १०० | ४०० | १००० | | |
| | विपद् व्यवस्थापन कोष रकम ( बार्षिक) | रु. हजारमा | १०००० | १०००० | १०००० | १०००० | | |

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरुले बिधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरुबाट सम्पादन हुने सवै काम तथा सेवालाई सरल,सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । पञ्चवर्षीय (आवधिक) योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एकप्रमुख रणनीति भएको कारण संस्थागत बिकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरुलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

### ८.१.१ पृष्ठभूमि

राज्यको पुनःसंरचना पश्चात् नयाँ गठन भएको यस गाउँपालिकाको संस्थागत विकास प्रयासको शुरुवात भएको छ । गाउँपालिकाको संगठन संरचनाको खाका निर्माण, जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ । सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा समितिको कार्यालयहरूको भौतिकसंरचना (भवन) र जनशक्तिको व्यवस्था, गाउँपालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन् । हालको अवस्थामा गाउँपालिकाभित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य निकै चुनौतीको रूपमा रहेको छ ।

गाउँसभा र कार्यपालिकाबाट ४२ वटा विभिन्न ऐन, नियम तथा कार्यविधि र निर्देशिकातर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन् । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने गरिएको छ ।

गाउँपालिकामा सुचना प्रविधिको उपयोग गरी गाउँपालिकावाट भएका आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्ता, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणालीको थालनी गरिएको छ । संचालित योजनाहरुको नियमित अनुगमन तथा मूल्यांकन हुने गरेको छ । गाउँपालिकामा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएको छ । गाउँपालिकाले तर्जुमा गरेको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक प्रगति विवरण प्रकाशन हुनु सकारात्मक रुपमा रहेको छ । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यविधि स्वीकृत भएको वार्षिक तथा आवधिक योजना तर्जुमा प्रकृयालाई व्यवस्थित गर्न ५ वटा विषय क्षेत्रगत योजना तर्जुमा समिति गठन भएको, वस्तीस्तरवाट प्राथमिकीकरण गरी वार्षिक योजना तर्जुमा गर्ने गरिएको, वडा तथा गाउँपालिक स्तरिय अनुगमन सुपरिवेक्षणका समिति गठन गरिएको, विकास योजना, कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि र स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि स्वीकृत गरी प्रयोगमा ल्याईएको, योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश भएको, संघ तथा प्रदेश स्तरवाट विविध योजनाहरु गाउँपालिकामा संचालन भएको र सो संचालन गर्न गाउँपालिकाले सहजीकरण गरिरहेको अवस्था विद्यमान छ ।

### ८.१.२ प्रमुख समस्या तथा चुनौति

हालसम्म यस अन्नपूर्ण गाउँपालिकाको मुख्य भवन कहां वनाउने भनेर टुङ्गो लाग्न सकेको छैन । कार्यपालिका कार्यालय, वडा समितिको कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ । नतिजामुखी योजना तर्जुमा अभ्यासको कमी, प्राथमिकता

निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम धैरै संख्यामा रहेको कारण आयोजना तथा कार्यक्रमको गुणस्तर कायम गर्न सकिएको छैन । ज्ञान, सीप, ढाँचा तथा अनुभवको कमीको कारण आन्तरिक आयको शिर्षकगत अनुमान गरी राजस्व संकलन गर्न र सो अनुसारको अभिलेख राख्न नसकेको अवस्था छ । गाउँपालिकाको ध्यान राजस्व कसरी बृद्धि गर्ने भन्दा पनि खर्च गर्ने तिर बढी ध्यान गएको अवस्था विद्यमान छ ।

गाउँपालिकाको अधिकारक्षेत्र भित्रको आन्तरिक आयको श्रोतहरु पर्याप्त नरहनु, आन्तरिक आयको संभावनाको तुलनामा सङ्कलन न्यून रहनु, आन्तरिक आयको दायरा वढाउन नसक्नु, निजी क्षेत्र, सहकारी र सरकारी क्षेत्रको समन्वयात्मक लगानीमा कमी रहनु, ऐलानी पर्ती जग्गाको लगत सङ्कलन यथेष्ठ र व्यवस्थित नहुनु, साथै जग्गामा बसेका सर्वसाधारणहरुसंग बहाल विटौरी शुल्क संकलन गर्न नसक्नुजस्ता समस्या विद्यमान छन् । यसैगरी संघ र प्रदेशको अनुदान पर्याप्त नहुनु, ऐनमा भएको व्यवस्था अनुसार करको दायरा विस्तार गर्न नसक्नु, साना उद्योगी/व्यवसायलाई दर्ता प्रक्रियामा आउन बाँकी रहनुजस्ता समस्या चुनौतीको रुपमा रहेका छन् ।

गाउँपालिकामा योजना तर्जुमाका लागि क्षमता विकास गुरुयोजना नबन्नु, वार्षिक योजना तर्जुमा प्रणालीबारे सवैलाई जानकारी नहुनु, उपभोक्ता समितिको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन नहुनु मुख्य समस्याको रुपमा देखिन्छ । यसैगरी वडा/टोल वाट सिफारिस योजनाहरु बजेट सिमा भन्दा वढी हुने गरेको, केही उपभोक्ता समिति गठन र सम्झौतामा ढिलाई हुने गरेको, केही योजना कार्यान्वयन र उपभोक्ता समिति संग सम्झौता आर्थिक वर्षको अन्त्य तिर हुने गरेको, उपभोक्ता समितिहरुमा योजना कार्यान्वयन र अभिलेखीकरण र निर्णय लेखन क्षमतामा कमी, जनश्रमदानमा उपभोक्ता समिति निष्कृय हुने गरेका, योजना कार्यान्वयन प्रभावकारी रुपमा संचालनमा व्यापक जनसहभागिता तर्फ उपभोक्ताहरु उत्सुक नरहेको, योजना वडा तथा टोल स्तरमा योजना बजेट निर्धारण गर्दा आवश्यक ज्ञान शिप कमी भएर यथार्थ भन्दा फरक हुने गरेको जस्ता चुनौतिहरु रहेका छन् ।

### ८.१.३ प्रमुख सम्भावना तथा अवसर

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानून बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्यांकन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन नगपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिका समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदशी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी मार्फत गर्न सकिने, गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिने, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, यथेष्ट डि.पि.आर, प्राविधिक सुपरभिजन, भएका कार्यको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक, निजी र गैसस लागयतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्न सकिने लगायतका प्रशस्त संभावना रहेका छन् ।

गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता वढेको छ । जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसरहरु देखिन्छन ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्नु

**उद्देश्य,**

- स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा तथा पालनामा बृद्धि भएको हुनेछ ।
- जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ ।
- आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ ।
- नतिजामूलक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको संस्थागत विकास भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कानून, नीति तथा सुशासन** | |
| १. स्थानीय नीति, कानून निर्माण, प्रवोधीकरण तथा प्रभावकारी कार्यान्वयन गर्ने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण र कार्यान्वयनका साथै तर्जुमा गरिएका ऐन, नियम तथा कार्यविधिहरुको प्रकाशन, छलफल र प्रवोधीकरण( अभिमूखीकरण) गरी परिपालनामा अभिबृद्धिका साथै आवश्यकता अनुसार अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ ।<br>१.२ गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>१.३ स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| २. सुशासनतथा जवाफदेहिता प्रवर्द्धन गरी सेवा प्रवाह प्रभावकारी, सहज र सेवाग्राहीमैत्री बनाउने | २.१ गाउँपालिकामा सुशासन तथा जवाफदेहिता अभिवृद्धिकालागि कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२.२ अन्नपूर्णको वालमैत्री स्थानीय शासनको संस्थागत विकासका कार्यक्रम तय गरिने छ ।<br>२.३ अन्नपूर्ण गाँउपालिकाकामा महिलामैत्री शासनका कार्यक्रम संचालन गरिने छ ।<br>२.४ गाउँ कार्यपालिका कार्यालय तथा वडा समितिको कार्यालहरुमा डिजिटल नागरिक बडापत्रको ब्यबस्था गर्नुका साथै वडाका प्रत्येक टोलहरुमा नागरिक बडापत्र सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. सूचनाप्रविधिमैत्री सेवा प्रवाह अभिवृद्धि र गाउँपालिकाको सूचना व्यवस्थापन गर्ने | ३.१ शाखा, उपशाखा तथा वडा समितिको कार्यलयमा कम्प्यूटर र सूचना प्रविधि उपकरण, भौतिक सामग्री र कर्मचारीको व्यवस्थापन गरिनेछ ।<br>३.२ व्यक्तिगत घटनादर्ता तथा व्यवस्थापन, राजश्व संकलन तथा अभिलेखन, योजना अभिलेखन तथा व्यवस्थापन, जिन्सी व्यवस्थापन, सामाजिक सुरक्षा जस्ता विवरण सूचना प्रविधिमा आधारित हुने व्यवस्थालाई अझै प्रभावकारी वनाईने छ ।<br>३.३ वडा समितिको कार्यालयको समेत वहुचर्चित फेसवुक पेजको सुचारु गरिने छ ।<br>३.४ नयाँ कर्मचारी भर्ना गर्दा सूचनाप्रविधि सम्वन्धी क्षमतालाई आधारभूत क्षमतामा समावेश गरिनेछ ।<br>३.५ कर्मचारी तथा जनप्रतिनिधिलाई क्रमशः सूचना प्रविधिमा क्षमता विकास गर्दै लगिनेछ । |
| **ख. संगठन तथा क्षमता विकास** | |
| १. गाउँ कार्यपालिका,न्यायिक समिति तथा वडा समितिको कार्यालयको संगठन विकास, क्षमता विकास तथा कार्य जिम्मेवारी निर्धारण गर्ने । | १.१ गाउँ कार्यपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गरिनेछ ।<br>१.२ संगठन संरचना अनुसार विषय क्षेत्र समिति, शाखा, इकाई तथा वडा समितिको कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>१.३ कार्यालयमा एकीकृत सेवा लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, |

| रणनीति | कार्यनीति |
|---|---|
| | स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>१.४ संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास रणनीति तथा योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ दरबन्दी अनुसार आवश्यक दक्ष कर्मचारी पदपूर्तिको लागि अन्तर तह समन्वय तथा पहल गरिनेछ ।<br>१.६ न्यायिक समितिको कार्यकक्ष तथा ईजलास स्थापना तथा प्रभाकारी व्यवस्थापन गरिने छ ।<br>१.७ प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना तथा मेलमिलापकर्ताको व्यवस्थापनलाई प्रभावकारी वनाईने छ । |
| २. समुदायमा आधारित संस्था तथा नागरिक समाजको क्षमता अभिबृद्धि गर्ने | २.१ गैसस तथा नागरिक समाज परिचालनको कार्यविधि निर्माण गरी सो अनुसार गैसस, समुदायमा आधारित संस्था तथा नागरिक समाज परिचालन गरिने छ ।<br>२.२ टोल विकास संस्था गठन, परिचालन र व्यवस्थापन सम्वन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>२.३ स्थानीय आमा समूह, बाल क्लव, किशोर किशोरी क्लव, सहकारी आदिको क्षमता विकासका लागि कार्यक्रम संचालन तथा आवश्यकता अनुसार अनुदान सहयोग गरिनेछ ।<br>२.४ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा संजाल निर्माण र क्षमता विकास गरिनेछ । |
| ३.जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तथा प्रोत्साहन गर्ने | ३.१ जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास सम्वन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>३.२ वार्षिक रुपमा जनप्रतिनिधि तथा कर्मचारीका लागि संचालन गर्ने गरी क्षमता विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>३.३ क्षमता विकास कार्यक्रम तर्जुमा गर्दा ज्ञान, शिप तथा सोच एवं व्यवहार परिवर्तन सम्वन्धी तालिम, गोष्ठी एवं अवलोकन उत्कृष्ट स्थानीय तह अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।<br>३.४ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष उत्कृष्ट वडा प्रोत्साहन कार्यको व्यवस्था गरिनेछ । |
| ४. सरकारी सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | ४.१ गाउँपालिकाको स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती ( जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ ।<br>४.२ स्वामित्वमा रहेका तथा अन्य सरकारी तथा सार्वजनिक सम्पत्ति कार्यविधि निर्माण गरी सार्वजनिक हित तथा आयस्रोतको लागि परिचालन तथा व्यवस्थापन गरिनेछ ।<br>४.३ कार्यविधि तर्जुमा गरी गाउँपालिकाको जग्गा जमिन भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>४.४ गाउँपालिका क्षेत्रको सरकारी जग्गाहरु पहिचान गरी हालसाविक गरिनेछ । |
| **ग. श्रोत परिचालन तथा व्यवस्थापन** | |
| १. आन्तरिक राजस्व/आन्तरिक आय बृद्धिमा जोड दिने | १.१ राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन तथा विश्लेषण गरी राजश्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>१.३ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष कम्तिमा तीन जना उत्कृष्ठ करदाता प्रोत्साहन गरिनेछ ।<br>१.४ वार्षिकरुपमा प्रत्येक वडा तथा पालिकास्तरमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ सम्पत्ति कर सम्वन्धी कार्यविधि तर्जुमा गरी लागु गरिनेछ । |
| २.राजश्व प्रशासन तथा संगठन विकास गर्ने | २.१ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.२ राजस्व परामर्श समितिको क्षमता विकास गरि सक्रियता अभिबृद्धि गरिनेछ।<br>२.३ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा सुधार गरिनेछ ।<br>२.४ कार्यपालिका कार्यालयतथा वडा समितिको कार्यालयमा राजश्व संकलन, अभिलेखन तथा व्यवस्थापन सूचनाप्रविधिमैत्री गरिनेछ । |
| ३. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघ सरकारका निकायसँग साझेदारी विकास गर्ने | ३.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायसँग नियमित वैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा बृद्धि गरिनेछ ।<br>३.२ अन्य स्थानीय तहसँग सहकार्य तथा सहयोगका लागि नीति तथा कार्यविधि तर्जुमा गरिनेछ ।<br>३.३ समपुरक एवं विशेष अनुदान वृद्धिका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले निर्धारित गरेका आधार अनुसार विस्तृत परियोजना प्रतिवेदन तथा प्रस्ताव तयार गरी संघ तथा प्रदेश सरकार समक्ष पेश गरिनेछ । |
| ४. वित्तिय अनुशासन तथा नियन्त्रणमा जोड दिने | ४.१ आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>४.२ आन्तरिक लेखा परीक्षण शाखा स्थापना, संचालन तथा प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>४.३ बेरुजु असुली तथा न्यूनीकरणका लागि कार्ययोजना निर्माण गरी सो अनुसार कार्य गरिनेछ ।<br>४.४ कार्यपालिका कार्यालय, वडा तथा उपभोक्ता समिति तहमा आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तिय अनुशासन सम्वन्धी अभिमुखीकरण तथा अन्तरक्रिया नियमित रुपमा संचालन गरिनेछ । |
| **घ. विकास व्यवस्थापन** | |
| १. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनलाई प्रभावकारी वनाउने | १.१ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्वन्धी नमुना कार्यविधि/निर्देशिका नयाँ परिवेश अनुसार अद्यावधिक एवं अनुमोदन गरी प्रभावकारी कार्यन्वयन गरिनेछ ।<br>१.२ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्वन्धी कार्यविधि अध्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरीनेछ ।<br>१.३आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरी योजना वैंक तयार गरिनेछ<br>१.४डिपिआर तयार तथा संभाव्यता अध्ययन आयोजना बैंक समावेश अयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.५ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिने छ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याँकनलाई सूचनामा आधारित र नतिजामूलक बनाउने | २.१ गाउँ वस्तुस्थिति विवरण नियमित रुपमा अद्यावधिक तथा परिमार्जित गर्दे लगिनेछ ।<br>२.२ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष स्थानीय आवश्यकताका आधारमा ( जनसंख्या, भौगोलिक अवस्था, विकास एवं गरिवी आदि) वडागत तथा विषयगत बजेट सिमा निर्धारणको अभ्यास गरिनेछ ।<br>२.३ आवधिक योजना तर्जुमा र मध्यमकालिन खर्च संरचना तर्जुमा गरी नतिजामूलक ढाँचामा बार्षिक योजना तर्जुमा कार्यलाई ठोस उपलब्धीमूलक बनाइनेछ।<br>२.४ ठूलो प्रकृति आयोजनाको नियमानुसार तेश्रो पक्षबाट प्राविधिक परीक्षण गरिनेछ ।<br>२.५ नतिजामूलक प्रक्रिया अनुसार नीति, योजना तथा कार्यक्रमको नियमित, |

| रणनीति | कार्यनीति |
|---|---|
| | बार्षिक, मद्यावधी र आवधिक अनुगमन तथा मूल्याङ्कन अनुगमन गरिनेछ ।<br>२.६ चौमासिक र बार्षिक समीक्षा तथा प्रमुख आयोजनाको तेश्रो पक्षवाट प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. सहभागिमूलक योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने | ३.१ बार्षिक योजना तथा बजेट कार्यविधि तयार गरी सहभागितामूलक र समावेशी प्रक्रिया अनुसार वस्ती तथा वडा हुदै विषयगत समिति मार्फत योजना तथा बजेट तर्जुमा गरी कार्यपालिका र सभामा छलफल तथा स्वीकृत गरिनेछ ।<br>३.२ सवै स्तरका छलफल तथा योजना तर्जुमा प्रकृयामा लक्षित वर्ग सहित नागरिक समाजको प्रतिनिधित्व तथा सहभागिता सूनिश्चित गरिनेछ ।<br>३.३ वस्ती तहदेखिनै योजना तथा बजेटहरु स्पष्ट जानकारी दिई स्थानीय गौरबका, ठोस तथा उपलब्धीमूलक योजना छनौट गर्ने वडा भित्र संचालन गरिने योजनाका लागि बजेट सिमा भित्रकाआयोजना/कार्यक्रममा वडाको प्राथमिकता अनुरुप बजेट विनियोजनको व्यवस्था गरिनेछ । |
| ४. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने | ४.१ कार्यविधि तयार गरी विकास साझेदार, गैसस तथा समुदायमा आधारित संस्थासंग नियमित वैठक तथा अन्तरक्रिया संचालन गरिनेछ ।<br>४.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अर्न्तक्रिया गरिनेछ।<br>४.३ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग समन्वय तथा साझेदारीमा योजना तर्जुमा र कार्यान्वयन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **१. सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | | | | | | | | | | | | |
| **सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| तयार भएका ऐन, नियम, कार्यविधिहरुको जानकारी, अभिमुखीकरण (प्रत्येक वडामा २ पटक र गापामा १ पटक) | पटक | ० | ८ | ८ | ८ | ८ | ८ | **४०** | २०० | २२० | २४० | २६० | २७० | **११९०** | |
| सार्वजनिक सुनुवाइ कार्यक्रम (गाउँपालिका र वडा स्तरमा वार्षिक ३ पटक) | पटक | ० | ३ | ३ | ३ | ३ | ३ | **१५** | २०० | २२० | २४० | २५० | २७० | **११८०** | |
| नागरिक वडापत्रको व्यवस्थापन (प्रत्येक वर्ष १ पटक अद्यावधिक गर्ने, कार्यालय तथा सार्वजनिक स्थानमा राख्ने, रेडियोमा बर्षमा १२ हप्ता प्रसारण), | पटक | ३ | १२ | १२ | १२ | १२ | १२ | **६०** | १५० | १६० | १७० | १८० | १९० | **८५०** | |
| सेवाग्राही सन्तुष्टी मापन कार्यविधि निर्माण र कार्यान्वयन र अध्यावधिकरण | पटक | १ | ० | ० | ० | ० | १ | **१** | ७० | ० | ० | ० | ७० | **१४०** | |
| **सेवाग्राही प्रतीक्षा कक्ष व्यवस्थापन (वडा तथा गापा)** | | | | | | | | | | | | | | | |
| गा.पा र सवै वडा -फर्निचर, खानेपानी, सौचालय, सुचना प्रवाहको लागि स्मार्ट टि.भी. | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | **४५** | १००० | १२०० | १५०० | ६०० | ५०० | **४८००** | |
| स्तनपान कक्ष गाउँपालिका र वडा कार्यालयहरुमा | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | **४५** | ६०० | ६०० | ३०० | ० | ० | **१५००** | |
| **सूचना प्रविधिमैत्री शासन प्रवर्द्धन** | | | | | | | | | | | | | | | |
| सुचना प्रविधि मैत्री शासन सवै वडामा र गापामा | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ८०० | ८०० | ४०० | ४०० | ४०० | **२८००** | |
| कर्मचारी तथा शाखा एवं वडामा प्रविधि तथा क्षमता विकास कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | २ | **१०** | १०० | १२० | १४० | १६० | १८० | **७००** | |
| **विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम** | | | | | | | | | | | | | | | |
| न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकास | पटक | १ | ३ | ३ | २ | २ | २ | **१२** | ६०० | ६०० | ३०० | ३०० | ३०० | **२१००** | |
| वडा समिति र टोल विकास संस्थामा कानूनी साक्षरता कक्षा संचालन गर्ने | पटक | ८ | ८ | ८ | ८ | ८ | ८ | **४०** | ३०० | ३५० | ३८० | ४०० | ४०० | **१८३०** | |
| मेलमिलाप केन्द्र (वडा स्तरमा समेत स्थापना) | संख्या | | ९ | | | | | **९** | ४५० | | | | | **४५०** | |
| मेलमिलापकर्तालाई क्षमता विकास कार्यक्रम | पटक | | १ | | | | १ | **२** | | २५० | | | २५० | **५००** | |
| मेलमिलाप सम्वन्धी तथा कानुन सम्वन्धी वडा स्तरीय छलफल | पटक | १ | ८ | ० | ० | ० | ८ | **१६** | ३०० | ० | ० | ० | ५०० | **८००** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य (वार्षिक) | | | | | | | अनुमानित लागत (रु. हजार) | | | | | अनुमानित लागत (रु. हजार) | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७८/७९) | पहिलो | दोश्रो | तेस्रो | चौथो | पाचौ | कूल लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| **सुशासन, ऐन नियम तथा जवाफदेहिताको जम्मा** | | | | | | | | | | | | | | **१८८४०** | ०.५५ |
| **२. संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | | | | | | | | | | |
| **एकिकृत सेवा सहितको गाउँपालिका तथा वडा समितिको कार्यालयको भवन निर्माण** | | | | | | | | | | | | | | | |
| वडा कार्यालयहरुको बैठक कक्ष तथा कार्यकक्ष, गाउँपालिका विभिन्न शाखाहरुको व्यवस्थापन | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | **२०** | २००० | २२०० | २२०० | १००० | १२०० | **८६००** | |
| वडा तथा गापामा डिजिटल वोर्ड स्थापना तथा संचालन | संख्या | ० | १० | | | | | **१०** | १००० | | | | | **१०००** | |
| कर्मचारीलाई सेवा तथा शिप विकास सम्वन्धी क्षमता विकास तालिम (वार्षिक २ पटक ) र जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम (वार्षिक २ पटक) | पटक | २ | ४ | ४ | ४ | ४ | ४ | **२०** | ४०० | ४०० | ५०० | ५०० | ६०० | **२४००** | |
| **विद्युतीय सेवा प्रबाहका लागी क्षमता अभिवृद्धि कार्यक्रम** | | | | | | | | | | | | | | | |
| सबै वडा कार्यालयहरुमा तथा गाउँपालिकाको कार्यालयको कार्यलयमा कर, दस्तुर,महशुल रकम असुली कम्प्युटर विलिङ प्रणाली जडान | पटक | ० | १ | १ | १ | १ | १ | **५** | ३०० | ३०० | ३०० | १०० | १०० | **११००** | |
| वडा समितिको कार्यालयहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको लगत अनलाइनग गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | **५** | २०० | २०० | ५० | ५० | ५० | **५५०** | |
| **कर्मचारी प्रोत्साहन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| कर्मचारी प्रोत्साहन कार्यक्रम (हरेक वर्ष १ जना) | पटक | १ | १ | १ | १ | १ | १ | **५** | २० | २० | २५ | २५ | ३० | **१२०** | |
